
४५

# अमर ज्योति

साहित्यिक त्रैमासिक



वर्ष : १६, पूर्णाङ्क ४५, २०७६ पौष–माघ–फाल्गुण     जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**रमेश सागर**
**आविष्कार कला**
**रीता चालिसे**
**यादवराज घले**

व्यवस्थापक
**सङ्गीता अधिकारी**
**शारदा पोखरेल**
**बलराम पुडासैनी**

आवरण चित्र
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत मातृदास**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
आर.आर. चौलागाई, हेटौंडा
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

प्रकाशक

**विद्युत्कर्मी साहित्यिक समाज**
नेपाल विद्युत् प्राधिकरण

सम्पर्क

रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगाना: amarjyoti@nea . org . np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौं ०१–४२४४५९७ द्वारा मुद्रित

# वसन्त र साहित्य

वसन्तलाई ऋतुराजको सङ्ज्ञा दिने र यसलाई साहित्य-सिर्जनाको उपजीव्य बनाउने प्रचलन परम्परादेखि चल्दै आएको छ । साहित्यका विभिन्न विधाहरूमा वसन्त कतै विम्ब, कतै प्रतीक, कतै व्यञ्जना र कतै लक्षणाका रूपमा अनुहारिने गर्दछ । वसन्तको मनोरम प्राकृतिक छटा, ढकमक्क फुलेका फूलको दृश्य र त्यसको सुगन्ध, सिरसिरे बतासले नवपालुवाहरूमा गर्ने मन्द स्पर्श; आहा ! साँच्चै ! वसन्तमा प्रकृतिले नौलो काँचुली नै फेरेझैँ प्रतीत हुन्छ ।

प्रकृति र मानव मनोविज्ञान एकअर्कासँग घनिष्ठ भएर गाँसिएका हुन्छन् । प्रकृतिको विविधतामय स्वरूपले सिर्जनशील मनलाई घचघच्याएरै छाड्छ । फलस्वरूप यस समयमा कतिपय सर्जकहरू विशुद्ध प्रकृतिगानमा आधारित साहित्य-सिर्जनामा तल्लीन हुन्छन् भने कतिपयचाहिँ सामाजिक, सांस्कृतिक र आर्थिक भावभूमिमा रचिएका सिर्जनाहरूमा प्रकृति चित्रणलाई दाउनका रूपमा प्रयोग गर्नेतर्फ रौसिन्छन् । साहित्यमात्र होइन, कला एवम् गीत-सङ्गीतको साधनामा रमाउनेहरूले पनि वसन्तलाई नवसिर्जनाको उत्प्रेरकका रूपमा स्वीकार गर्दै सोही अनुसारको सिर्जनकर्ममा उद्यत् भएका दृष्टान्त प्रशस्तै देख्न र सुन्न पाइन्छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले प्रकृतिलाई खुला किताब र त्यहाँ देखिने विविधतामय बान्कीहरूलाई लिपिसँग तुलना गरेका छन् । सबैभन्दा मनोहारी प्राकृतिक छटा वसन्तमै देखिने भएरै होला सायद, संस्कृत-साहित्यका महाकवि कालिदासदेखि लिएर नेपाली साहित्यका स्वनामधन्य स्रष्टाहरू सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम, लेखनाथ पौडेल, माधवप्रसाद घिमिरे आदि समेतले वासन्ती विम्बहरूलाई सिर्जनामा समायोजन गरेर कैयौँ उत्कृष्ट रचनाहरू साहित्य भण्डारलाई सुम्पिएका छन् ।

त्यसो त सबै ऋतुका आ-आफ्नै वैशिष्ट्य छन् । फेरि ऋतु-चक्र प्राकृतिक नियम भएकाले मानवलगायत चराचर जगत्ले यसलाई स्वीकार नगरी धर पनि छैन । यही पृष्ठभूमिमा वसन्त वर्णनमात्र होइन, प्रकृतिको समग्र वर्णनलाई सुहाउँदिलो ढङ्गले सिर्जनामा प्रयोग गर्न उपयुक्त हुन्छ भन्ने रूपान्तरित मान्यतामा पछिल्ला छिमलका सर्जकहरूले बलियो विश्वास राख्न थालेका छन् । माटाको सुवास मगमगाएको र मुटुको ढुकढुकी प्रतिध्वनित भएको साहित्यमा नै ज्यान हुने भएकाले त्यस्ता भावभूमिका साहित्यिक रचनाहरूको परिवेश निर्माण र विश्वसनीयता अभिवृद्धिमा प्रकृति-चित्रणको अहम् भूमिका हुने कुरा घामजतिकै छर्लङ्ग छ । सबै ऋतुहरूमध्येबाट श्रेष्ठतम ऋतु चयन गर्ने क्रममा वसन्तले ऋतुराजको ताज प्राप्त गरेको हो । कुनै विशिष्ट अभिलक्षण र गुणवत्ता नभई ताज त्यत्तिकै पहिऱ्याइँदैन पनि । प्रकृतिमा बहार आउने, शरीरलाई नयाँ स्फूर्ति, मनलाई नवीन चेतना र जीवनलाई गहिरो ज्ञान प्रदान गर्नेजस्ता अद्वितीय उपादानले युक्त भएकै कारण अन्य ऋतुको तुलनामा वसन्त ऋतुले सापेक्षिक श्रेष्ठता पाएको हो । तसर्थ, श्रेष्ठ सिजनमा श्रेष्ठ मनोविज्ञान निर्माण हुने र श्रेष्ठ मनोविज्ञानले स्वस्थ सिर्जना जन्माउन सक्ने कुरामा ढुक्क भएर विश्वास गर्न सकिन्छ ।

'अमर ज्योति' साहित्यिक त्रैमासिकको ४५ औँ अङ्क (पुष-माघ-फागुन) केही ढिलो गरेर प्रकाशित हुँदै छ । जीवन-जगत् वसन्त उत्सवको व्यग्र प्रतीक्षामा रहेको एवम् निकट भविष्यमा आयोजना हुने वसन्त काव्यगोष्ठीमा यो अङ्क लोकार्पण गरिने भएकाले सम्पादकीय स्तम्भअन्तर्गत यसपालि वसन्त र साहित्यको सम्बन्धका बारेमा थोरै शब्द खर्चेका हौँ ।

अन्त्यमा, कविशिरोमणि लेखनाथ पौडेलको 'ऋतुविचार' खण्डकाव्यमा वसन्त-वर्णनका क्रममा प्रयोग भएका यी सुललित हरफहरू साभार गर्दै सदाझैँ विज्ञ पाठकहरूबाट सल्लाह, सुझाव र प्रेरणाको अपेक्षा गरिएको छ ।

*पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भै*
*फुटी बाहिर निस्कयो कि पुष्पका रूपमा सबै ।*

- अतृप्त

# यस अङ्कमा

**साक्षात्कार :**


- गीतकार वीरेन्द्र पाठकसँग ५


**कविता :**


- श्रीषा पाण्डे १८
- दुर्गाकिरण तिवारी 'क्षितिज' २३
- डिल्लीप्रसाद मूलतिहुन ३०
- गङ्गा आचार्य सापकोटा ३८
- प्रेम राई परीक्षित ४५
- सुशील पोखरेल ६३
- थीरकुमार खत्री ६४
- रामेश्वर राउत मातृदास ६५
- मनुकुमारी पुलामी मगर ७०
- विष्णुप्रसाद आचार्य 'अतृप्त' ७५
- लालबहादुर भुजेल ७६


**गजल/मुक्तक**


- जयदेव गोविन्द १३
- मञ्जुलाल श्रेष्ठ १४
- वाई. आर. घले ४४


**कथा/लघुकथा :**


- लीलाराज दाहाल १७
- मिलन मनुवा दाहाल २५


**अनुवाद :**


- केदार सितु (कथा) ५३
  *(अनुवादक : रासा)*


**संस्मरण/नियात्रा :**


- राजनप्रसाद कोइराला/अम्बिका घिमिरे ३१
- अच्युतप्रसाद पौडेल 'चिन्तन' ४७
- युवराज नयाँघरे ५७
- रामहरि पौड्याल ७१


**लेख/निबन्ध**


- शारदादेवी पोखेल भट्टराई १५
- आविष्कार कला १९
- सदगुरु जग्गी वासुदेव ३९
- उद्धवप्रसाद भट्टराई 'चैतन्यदीप' ६१


**समीक्षा :**


- मोहनबहादुर कायस्थ ७७

# अमरज्योति साहित्यिक त्रैमासिकका लागि लेखरचना उपलब्ध गराउने बारेको सूचना

विद्युत्कर्मी साहित्यिक समाजद्वारा नियमित रूपमा प्रकाशित हुँदै आएको 'अमरज्योति साहित्यिक त्रैमासिक'को आगामी अङ्कका लागि निम्नानुसारका लेखरचनाहरू यथासक्य छिटो पठाइदिनुहुन समस्त सर्जक/समीक्षक महानुभावहरूलाई अनुरोध गरिन्छ :

**१. साहित्यका विविध विधासँग सम्बन्धित सिर्जनात्मक लेखहरू**

**२. समीक्षात्मक, अनुसन्धानात्मक वा संस्मरणात्मक भाषिक एवम् साहित्यिक लेखरचनाहरू**

**३. साहित्यका विभिन्न सिद्वान्त र वादहरूका सम्बन्धमा पूर्वीय र पाश्चात्य दृष्टिकोणसम्बन्धी आलेखहरू**

**४. नेपाली र विश्वसाहित्यमा देखापरेका नवीन मान्यतामा आधारित लेख रचनाहरू**

**५. अनुवाद साहित्य एवम् कला र संस्कृतिसम्बन्धी लेख–रचनाहरू ।**

उपरोक्त अनुसारको अप्रकाशित लेखरचना प्रीति फन्टमा टाइप गरी निम्नलिखित विद्युतीय ठेगानामा फोटोसहित पठाइदिनुहुन साथै यस पत्रिकाका लागि प्रेषित सामग्रीहरू ६ महिनासम्म अन्य पत्रिकामा नपठाइदिनुहुनसमेत अनुरोध गरिन्छ ।


**लेख/रचना पठाउने विद्युतीय ठेगानाः**

amarjyoti@nea . org . np

विद्युत्कर्मी साहित्यिक समाज परिवार

नेपाल विद्युत् प्राधिकरण

कुराकानी



# स्रष्टासँग अमरज्योति साक्षात्कार
# गीतकार एवम् कवि
# वीरेन्द्र पाठकसँग



*कविताको लघुभेद मानिने गीत र कविता-लेखनका क्षेत्रमा चिर-परिचित व्यक्तित्व हुन्– वीरेन्द्र पाठक । वि.सं. २०१४ सालमा काठमाडौँको क्षेत्रपाटीमा जन्मेका यिनी पेसाले नेपाल विद्युत् प्राधिकरणका सेवानिवृत्त उपकार्यकारी निर्देशक पनि हुन् । विद्यार्थी जीवनदेखि नै गीति-रचनाको क्षेत्रमा हात बसालेका पाठकको पहिलो गीत वि.सं. २०३७ सालमा सत्यनारायण राजभण्डारीको सङ्गीत र सोनी श्रेष्ठको स्वरमा रेडियो नेपालमा रेकर्डिङ भएको 'हाँसिदेऊ एकचोटि अब' बोलको गीत हो । तत्पश्चात् यिनले थुप्रै बालगीत, भक्तिगीत, प्रेमपरक गीत तथा देशभक्तिमूलक गीतहरू रचना गरिसकेका छन् । यिनी आजको दिनसम्म पनि गीत र कविता लेखनका क्षेत्रमा त्यत्तिकै सशक्त र जुझारु भएर लेखकीय क्रियाशीलता देखाइरहेका छन् । अल्पभाषी र शालीन व्यक्तित्वका धनी पाठक गीतमा जति गहिराइ लेख्छन्; कवितामा त्यत्तिकै सरलता र सङ्क्षिप्ततालाई आत्मसात् गर्छन् । यिनका 'मलाई यही जीवन बधाई, शुभकामना अरू चाहिन्न', 'कोही नगरोस् प्रेम अमर, प्रेमको मूल्य कहाँ छ', 'एउटा याद भुलाउन, अर्को याद जरुरी छ', 'सबैबाट तिरस्कृत भए तापनि सबैलाई माया गर्ने म मान्छे', 'कालीगण्डकीको पानी' जस्ता गीतहरू बहुचर्चित छन् । अरुणा लामा, भक्तराज आचार्य, अजर जङ्गम, जुजुकाजी रञ्जितजस्ता गायकहरूको मधुर स्वरलहरीमा यिनको गीतिरचनाले लय प्राप्त गरेका छन् । सिभिल इन्जिनियरिङतर्फका विद्यार्थी भएर पनि विशिष्ट साहित्य सिर्जन-सामर्थ्य प्रस्तुत गर्दै आएका तथा **बेष्ट लिरिक अफ दि इयर**को अवार्डबाट २ पटक सम्मानित भएका यिनै साहित्य-साधकसँग 'अमरज्योति साहित्यिक त्रैमासिक'का लागि 'अतृप्त' र 'शब्दसेना'ले गरेको रोचक/प्रेरक अन्तर्वार्ताका केही सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ :*

**यहाँको व्यक्तिगत र साहित्यिक परिचय बताइदिनुहुन्छ कि ?**

मेरो जन्म काठमाडौँको क्षेत्रपाटीमा वि.सं. २०१४ साल फाल्गुण २ गते भएको हो । मेरो व्यक्तिगत र साहित्यिक नाममा मिडिल नेमको मात्र अन्तर छ । व्यक्तिगत रूपमा म वीरेन्द्रकुमार पाठक र साहित्यिक रूपमा वीरेन्द्र पाठक भनेर चिनिँदै आएको छु ।

**साहित्य-सिर्जनाको प्रेरणा र पृष्ठभूमि के-कसरी तयार हुन पुग्यो ?**

स्कुले जीवनमा आयोजना हुने सांस्कृतिक कार्यक्रम र त्यहाँ प्रस्तुत हुने साथीहरूको गायन-कलाबाट प्रेरित भएर नै मेरो साहित्यिक पृष्ठभूमि तयार भएको हो । विद्यालयमा अन्य साथीहरूले मधुर कण्ठले गीत गाएको देखेर मैले पनि सिको गर्न खोजेँ । तर, गीतको धुन पक्रिन गाह्रो भयो । त्यसपछि गीतको लय सिक्ने हुटहुटीमा एक साथीको सल्लाहअनुसार रेडियो नेपालबाट प्रसारण हुने बाल-कार्यक्रममा पुगेँ । त्यतिबेला मेरो हातमा कथामात्र थियो, जुन बालकार्यक्रममा वाचन गर्न दिइएन । त्यस घटनाले मलाई रेडियो नेपालमा जाने रहर पूरा गर्न भए पनि गीत लेख्नै पर्ने बाध्यतामा पुऱ्यायो । अनि, शिक्षासम्बन्धी र देशभक्तिमूलक गीतहरू रचना गर्न थालेँ ।

**साहित्यका कुन-कुन विधामा कलम चलाउँदै आउनुभएको छ ?**

आई. एस्सी. पढ्दा एउटा उपन्यास र केही कथा पनि लेखेको थिएँ । तर, प्रकाशित गर्ने उपयुक्त चाँजोपाँजो मिलाउन सकिएन । ती आख्यानहरूको पाण्डुलिपि पनि आज मेरो साथमा छैनन् । इन्जिनियरिङ अध्ययनको सिलसिलामा भारत पुग्दा त्यहाँ आयोजना भएको कविता-प्रतियोगितामा इन्जिनियरिङका विद्यार्थीहरूका माझमा मैले 'मेरो कोट' शीर्षकको कविता वाचन गर्ने अवसर पाएँ । उक्त कविताले प्रथम पुरस्कार पाएपछि कविता-लेखनमा पनि चाख बढ्यो । यसरी गीतबाट सुरु भएको मेरो साहित्यिक यात्रा आख्यान हुँदै कवितासम्म आइपुग्यो ।

**गीत र कवितामध्ये कुन विधा प्रिय लाग्छ र सन्तुष्टिको स्तर के-कस्तो रहेको छ ?**

मेरा गीतहरू रेडियो नेपालबाट पहिलेदेखि नै बज्दै आएका र धेरै स्रोताहरूले सुन्दै पनि आएकाले गीतबाटै मेरो साहित्यिक पहिचान बन्यो । तसर्थ, कविताभन्दा गीतबाटै बढी सन्तुष्ट हुनु स्वाभाविकै हो । तर, जब विद्युत्कर्मी साहित्यिक समाजको सहयोगमा २०७४ सालमा 'अनुकम्पा' नामक कवितासङ्ग्रह प्रकाशित भयो, तत्पश्चात् भने मेरा कविता पनि कसैले पढिदिए हुन्थ्यो र सुझाव दिए हुन्थ्यो भन्ने महसुस हुन थालेको छ ।

**हालसम्म प्रकाशित तपाईंका पुस्तकाकार सङ्ग्रह कुन-कुन हुन् ?**

हालसम्म गीततर्फ 'कहीँ घाम, कहीँ छायाँ' (२०५८) र 'अनुग्रह' (२०७४) गरी २ वटा पुस्तकहरू प्रकाशित छन् । कविता-सङ्ग्रहतर्फ 'अनुकम्पा' (२०७४) मात्र प्रकाशित छ । अन्य धेरै फुटकर कविताहरू रूपरेखालगायतका विभिन्न पत्रपत्रिकमा पनि प्रकाशित भएका छन् । ईश्वरीय प्रेरणाविना सिर्जनात्मक क्षमता प्रस्फुरण हुन नसक्ने बलियो विश्वासका कारणले पछिल्लो चरणमा प्रकाशित कृतिहरूको नाम मैले 'अनुग्रह' र 'अनुकम्पा' राखेको हुँ ।

**हालसम्म प्रकाशित गीति एल्बमहरू कुन-कुन हुन् ?**

सुरुवाती गीतहरू रेडियो नेपालमै रेकर्डिङ भएका थिए । अरूको एल्बममा एक-दुई वटा मेरा गीत समावेश भएर पनि केही एल्बम बजारमा आएका छन् । 'मायालुको शहर', 'सङ्घर्ष', 'अस्तित्व', 'कालीगण्डकीको पानी', 'श्रेय', 'आज फेरि', 'चलिरह्यो जिन्दगी', 'भुल्न खोजेर' जस्ता गीति-एल्बमहरू हालसम्म प्रकाशित गीति एल्बम हुन् । हाल प्रविधिले ल्याएको विकासका कारणले एउटैमात्र गीतलाई छायाङ्कन गरेर यु-ट्युबमा राख्ने चलन बढेको छ र सोहीअनुसार गर्दै आइरहेको छु ।

**गीत र कविता-लेखनको उद्देश्य के हो ? यी दुईबीचको अन्तरसम्बन्धका बारेमा प्रस्ट्याइदिनुहुन्छ कि ?**

स्रोतालाई आनन्द, सन्देश र प्रेरणा दिने र रचनाकारले त्यसकै माध्यमबाट आत्मसन्तुष्टि लिने प्रयोजनका लागि नै मूलतः गीत, कविता रचना गरिन्छ । तसर्थ, लेखन मेरो रहरमात्र होइन; समाजप्रतिको दायित्व पनि हो । जहाँसम्म यी दुईको अन्तरसम्बन्धको कुरा छ, गीत पनि वास्तवमा कविताकै एउटा रूप हो भन्ने मलाई लाग्छ । कविताको भावलाई गायनमैत्री संरचनामा ढालेर त्यसमा धुन मिसाएपछि त्यो गीत बन्छ ।

**यहाँका समकालीन, समवयी गीतकारहरू को-को हुन् ?**

दिनेश अधिकारी, सुरेन्द्र राना, भूषण खरेल आदि मेरा समकालीन गीतकारहरू हुन् । कृष्णहरि बराल पनि गीति-रचनाको क्षेत्रमा मभन्दा केही अग्रजका रूपमा आउनुभएको हो । गायनतर्फ जुजुकाजी रञ्जित र सङ्गीततर्फ सञ्जीव मल्लको नाम पनि मेरो मानसपटलमा ताजा रहिरहने नाम हो ।

**सिभिल इन्जिनियरिङको विद्यार्थी भएर पनि साहित्यिक क्षेत्रप्रतिको झुकाव कसरी बढ्यो ? विशुद्ध बौद्धिक र विशुद्ध भावात्मक क्षेत्रहरूबीच सन्तुलन र सामञ्जस्यता कायम गर्न कत्तिको गाह्रो हुँदोरहेछ ?**

भावात्मकताले बौद्धिकताको स्तर नै गिराउने कुरामा मलाई त्यति विश्वास लाग्दैन । बरु यी दुईबीच त पारस्परिक सम्बद्धता नै हुन्छ भन्ने लाग्छ । यत्ति हो– भावात्मकहरू अलिक नरम स्वभावका हुन्छन् । कतिपय सर्जकहरू भावात्मक र बौद्धिक दुवै गुणले युक्त पनि देखिन्छन् । यो कुरा सबैमा समान किसिमले लागू हुँदैन भन्ने नै लाग्छ । मेरो हकमा पनि भावनाले बौद्धिकता वा बौद्धिकताले भावना पक्षलाई नकारात्मक असर पुऱ्याएको महसुस गरेको छैन ।

**आधुनिक बजारमा देखिएका पप, ऱ्याप, रक आदि गीतहरूप्रति यहाँको धारणा कस्तो रहेको छ ? के यिनीहरूले गीतको मूल सिद्धान्तलाई आत्मसात् गर्न सकेका छन् ?**

यो नेपालको मात्र नभई विश्वव्यापी लहर हो । गहिराइ नभएका र सुन्दा मेलोडियस नलाग्ने गीतहरूले पनि आजको समयमा प्रशस्तै स्रोता/दर्शक पाउँदै आएका छन् । समयको माग ठानेर होला– कतिपय स्थापित गीतकार पनि यस्ता खाले गीत-लेखनतर्फ ओर्लिएको देख्छु । यो भनेको बजारको रुचिअनुसार चल्नुपर्छ भन्ने मान्यताको उपज हो । तर, यसो भन्दैमा स्तरीय र गहिराइयुक्त गीतहरू बजारमा आउन छाडेका छन् भन्न मिल्दैन र यस्ता गीतहरूलाई हामीले संवर्द्धन गर्दै लैजानुपर्ने हुन्छ । के बुझ्नु जरुरी छ भने– गहिराइयुक्त गीत सुन्न खोज्नेको जमात पनि समाजमा ठूलै छ ।

**प्रतिलिपि अधिकार ऐनले सिर्जनामा सर्जकको नाम उल्लेख गर्नैपर्ने भनेको छ तर पनि गीतकारहरू किन छायामा परेका छन् ?**

गायक फ्रन्टलाइनमा देखिने हुनाले सामान्यतया गीतमा गायक नै हाबी भएको जस्तो देखिन्छ । फलस्वरूप गीतकारहरू छायामा परेका हुन् कि भन्ने महसुस गरिएको हो । कतिपय श्रव्य-मिडियाहरूले कसैको नामै नलिई गीतमात्र बजाएको पनि देखिन्छ भने कतिपय मिडियाहरूले तीनै पक्षको नाम लिएको पनि देखिन्छ । आजकाल चलेको यु-ट्युब च्यानलहरूमा गीतकार, सङ्गीतकार र गायकका अतिरिक्त अन्य व्यक्तिहरूका बारेमा समेत सूचना दिइएको हुन्छ । आजकाल त गीतकार र सङ्गीतकारलाई सर्जक र गायकलाई पर्फमरका रूपमा पनि हेर्न थालिएको छ । गीतको पहिचान स्वरबाटै हुने भएकाले आममानिसले गायकलाई पहिला चिन्नु अस्वाभाविक पनि होइन ।

**गीत, कविता आदि लेखेर पेटपालो गर्ने मेसो नेपालमा बन्न थालेको हो ?**

ख्यातिप्राप्त गायक वा सङ्गीतकार वा गीतकारकहाँ म्युजिक इन्डस्ट्रिजका मानिसहरू धाउने अवस्था रहेकाले केही हदसम्म यो कुरा ठीकै हो । तर, सिकारु र नवप्रवेशीहरूलाई यो क्षेत्रमा टिक्न र बिक्न गाह्रो छ ।

**नेपालको सन्दर्भमा गीत लेखेपछि गीतकारको दायित्व पूरा हुन्छ कि सङ्गीतकार र गायकलाई पनि सर्जकले गीतको लयका बारेमा केही पृष्ठपोषण प्रदान गर्ने अवसर रहन्छ ?**

गीत लेखिसकेपछि सामान्यतया गीतकारले सङ्गीतकारलाई सुम्पिने गर्छन् । सङ्गीतकारले एउटा धुन तयार पारेपछि त्यसकै ट्र्याकमा गायकले स्वर प्रसारण गर्ने गर्छन् । तर, कहिलेकाहीँ गीतको मर्म, गीतकारले परिकल्पना गरेको लय र त्यसमा भरिएको सङ्गीतबीच तालमेल नभई गीतले न्याय नपाएको भन्ने महसुस भएमा आपसी समझदारीमा मध्यमार्गी समाधान खोज्नुपर्ने अवस्था पनि आउँछ । तर, मैले पछिल्लो पटक बताएजस्तो अवस्था विरलै मात्र आउने गर्छ भन्ने मेरो अनुभवको निचोड हो ।

**साहित्य-लेखनमा प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये कुन पक्षको भूमिका विशिष्ट हुन्छ ?**

साहित्य-रचनामा प्रतिभा सबैभन्दा मुख्य पक्ष हो । यसबाहेक सिर्जनामा व्युत्पत्ति र अभ्यासको भूमिकालाई पनि नजरअन्दाज गर्न भने मिल्दैन । प्रतिभालाई परिष्कार गर्ने, त्यसमा चमक थप्ने अनि सिर्जनाको स्वादलाई तिख्खर बनाउने कार्यमा यिनीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । यसका साथै विधागत सिद्धान्तलाई बुझ्न र तदनुरूप साहित्यको स्तर कायम गर्न पनि यी पक्षहरूको भूमिकालाई कम आकलन गर्न भने मिल्दैन ।

**धेरै गीत रचना गर्नुभएको छ, कुनै एउटाको रचनागर्भ सुनाइदिनुहुन्छ कि ?**

रचनागर्भको कुरो गर्दा अन्य खालका– मूलतः आख्यानात्मक सिर्जनामा कुनै न कुनै घटना वा उपघटना पृष्ठभूमि बनेर बसेका हुन्छन् तर गीत र कवितामा घटनाभन्दा पनि तत्कालीन मूडको विशेष भूमिका हुन्छ । यतिमात्र होइन; गीत त कसैले कुनै प्रयोजनका लागि गरेको आग्रहमुताविक पनि लेखिने हुनाले परिवेशजन्य मूड तयार गरेर पनि रचना गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा अकस्मात् गीतको एक पङ्क्ति स्फुरण हुन पुग्छ; जसले यति बेसरी भावमार्गमा मनलाई डोऱ्याउँछ कि सिङ्गो गीतको रचना हुन जान्छ । अरुणा लामाले गाएको 'मलाई मेरै जीवन बधाई, शुभकामना अरू चाहिन्नँ' यस्तै प्रकरणबाट जन्मिएको गीत हो । मलाई त लाग्छ– गीत-रचना ईश्वरीय देन हो, जुन व्यक्तिलाई माध्यम बनाएर ईश्वरीय प्रेरणाबाटै लेखाइन्छ ।

**भनिन्छ– कोही गीतकार प्रत्यक्ष रूपमा प्रकाशकको रोजगारीमा रहेका हुन्छन् । यसरी लेख्नै परेपछि लेखिने गीत र स्वःस्फूर्त रूपमा रचना हुन जाने गीतको गुणवत्तामा केही अन्तर हुन्छ कि ?**

जसरी र जुन परिवेशमा गीत-रचना गरिए तापनि रचनाकारले आफ्नो

बनिसकेको एक खालको स्तर कायम राख्ने कुरामा र सके स्तरवृद्धि गरेर लैजाने कुरामा यथेष्ट ध्यान पु¥याएकै हुन्छ । तर, यसो भन्दैमा एउटै रचनाकारका सबै गीत एकनासले राम्रो भने हुन सक्दैनन् । म कम्तिमा आफूले रचना गरेको गीतबाट आफू सन्तुष्ट नहुन्जेलसम्म चाहिँ गीत बजारमा लैजान्नँ ।

**साहित्यिक जमघटहरूमा सरिक हुन कतिको रुचाउनुहुन्छ ?**

समयले साथ दिएमा निम्तो पाएका मध्ये पायक पर्ने ठाउँमा आयोजना भएका धेरै कार्यक्रममा जाने गर्छु । कसैले सत्कार गरेर बोलाएपछि त्यसको सम्मान गर्नुपर्छ भन्ने मेरो मान्यता रहिआएको छ । फेरि, जाँदा केही न केही नयाँ कुरो बुझिन्छ; नयाँ व्यक्तित्वहरूसँग परिचय पनि हुन्छ; लेखन-क्षेत्रमा भित्रिएका नयाँ-नयाँ धारका बारेमा समेत जानकारी प्राप्त हुन्छ । घरमै बसेरमात्र त विश्वजगत्लाई बुझ्न पनि त सकिँदैन नि !

**फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जाललाई साहित्यिक क्षेत्रमा कसरी उपयोग गरिरहनुभएको छ ?**

प्रविधिले ल्याएको परिवर्तनले गर्दा सामाजिक सञ्जालहरू फस्टाउँदो अवस्थामा रहेका छन् । सबै वर्ग, पेसा र व्यवसायका व्यक्तिहरू यिनै माध्यमको व्यापक उपयोगमा रमाउँदै आएका छन् । मैले पनि यु-ट्युबमा भएका आफ्ना गीतहरूलाई फेसबुकमार्फत शेयर गर्ने गरेको छु । यस कार्यले आमस्रोता, पाठकहरूमाझ आफ्ना रचनाहरू सम्प्रेषण गर्न सहज भएको महसुस गरेको छु ।

**गीत र कविता दुवै श्रव्य/गेय एवम् पाठ्य विधा भए पनि यी दुवै प्रविधामा भिजुलाइजेसन र पर्फमेन्स पक्ष हाबी हुँदै गएको देखिन्छ, के यसले यी दुई प्रविधाको मूल स्वभाव वा चरित्रमाथि धावा बोल्दैन र ?**

यो समयको बहावको परिणति हो । प्रविधिले ल्याएको परिवर्तन हो । तर, त्यसो भन्दैमा कुनै पनि बहानामा यिनीहरूको मूल विधागत मान्यता हट्न भने दिनुहुँदैन । आँखा चिम्लेर सुन्दा पनि गीत गीतजस्तो सुनिनुप¥यो; कविता कविताजस्तो लाग्नु प¥यो नि ! यदि लागेन भने यो त फगत् एउटा भिडियो वा दृश्य-सामग्रीमा रूपान्तरण हुन पुग्छ ।

**साहित्यकारहरूलाई प्रोत्साहित गर्न राज्यको कस्तो भूमिका हुनुपर्छ ?**

आर्थिक अवस्था कमजोर भएको कारण जटिल रोगहरूको उपचार गराउन नसक्ने अवस्थामा पुगेका साहित्यकारहरूलाई राज्यले आर्थिक प्रोत्साहन

दिए हुन्थ्यो भन्ने लाग्छ । निजी क्षेत्रका विन्दवासिनी फाउन्डेसन, सङ्गीतकार हरूको सङ्घले पनि यस्ता खालका काम गर्दै आएको पाएको छु । राज्य र निजी क्षेत्र दुवैले आर्थिक रूपले विपन्न साहित्यकारहरूलाई स्वास्थ्यको क्षेत्रमा आर्थिक प्रोत्साहन दिने कार्यलाई मिलिजुली अगाडि बढाएको खण्डमा अझै बेस हुन्थ्यो भन्ने मेरो निष्कर्ष हो ।

**'अमरज्योति साहित्यिक पत्रिका'लाई कसरी हेर्नुभएको छ ? यसलाई अझै स्तरीय बनाउन केही सुझाव दिनुहुन्छ कि ?**

त्यस्तो सुझाव नै दिनुपर्ने खासै त केही छैन । साहित्यिक सामग्रीहरूमा विविधता र स्तरीयता पनि थपिँदै गएका छन् । नयाँ स्तम्भहरू पनि थपिएका पाएको छु । विद्युत् प्राधिकरणभित्र हुने विविध साहित्यिक गतिविधिलाई पनि यसले समेट्न थालेको छ । नेपाल विद्युत् प्राधिकरणको आधिकारिक वेभसाइटमा समेत यस पत्रिका PDF Version अपलोड भएको पाएको छु । समग्रमा पत्रिका निरन्तर सुधारको दिशा र गतितर्फ परिलक्षित छ । यस पत्रिकाले नेपाली साहित्य इतिहासमा एउटा विशिष्ट पहिचान बनाइसकेकाले यसको योगदानको प्रशंसा गर्न कन्जुस्याइँ गर्नुपर्ने कुनै कारण देखेको छैन ।

**अन्त्यमा, हामीले प्रश्न गर्न छुटेका र यहाँलाई भन्नैपर्ने लागेका केही कुराहरू छन् कि ?**

अन्तर्वार्ताका दौरानमा सबै खालका प्रश्नहरू समेटिएका छन् । प्रायः अन्तर्वार्तामा मलाई लेखनको निरन्तरताका बारेमा प्रश्न गरिँदै आएका थिए तर तपाईंहरूले त्यो प्रश्नचाहिँ गर्नुभएन । गीत रेकर्ड तथा भिजुलाइजेसन गराउनका लागि धेरै धाउनुपर्छ; समय र श्रमको लगानी गनुपर्छ । त्यसैले एक-दुई वटा गीत रेकर्ड/भिजुलाइज भएपछि धेरै गीतकारहरू यस क्षेत्रबाट पलायन भएको पनि देखेको छु । यस सम्बन्धमा मेरो भनाइ के छ भने– यो एउटा साधनाको विषय हो; यसमा लागिरहन इच्छाशक्ति सबैभन्दा महत्त्वपूर्ण हुन जान्छ ।

■■

विद्युतीय सुरक्षा, चुहावट नियन्त्रण र किफायती उपयोग
विकास तथा समृद्धिको लागि विद्युतको उत्पादनशील प्रयोग

# जानकारी तथा अनुरोध

१. ऊर्जा दक्ष बल्व, चुल्हो, फ्यान तथा मोटरहरू प्रयोग गरौं ।

२. विद्युत् चोरी गर्नेलाई सामाजिक बहिस्कार गरौं ।

३. विद्युत् चोरी नगरौं : दुर्घटनाबाट बचौं ।

४. विद्युत् दुर्घटना संयोग होइन, सुरक्षाप्रतिको बेवास्ता हो ।

५. दक्ष प्राविधिकहरूबाट मात्र वायरिङ गराऔं ।

६. सर्भिस केवल कपडा सुकाउनका लागि प्रयोग नगरौं ।

७. बिजुलीको तार नजिक कुनै पनि घर संरचनाहरू नबनाऔं ।

८. विद्युतीय सामग्रीमा अर्थिङको व्यवस्था गरौं ।

९. विद्युतसम्बन्धी कुनै समस्या देखिएमा तत्काल नजिकको विद्युत् कार्यालयमा खबर गरौं ।

नेपाल विद्युत् प्राधिकरण

जयदेव गोविन्द

# दुई गजल



आमाबाबु सबेरै खर्पन लिएर आए
छोराहरू जुवाडे लर्कन लिएर आए

थाहा छ, अर्चनाले बोल्दैन मौन मन्दिर
बोल्ला कि भैँ पुजारी चन्दन लिएर आए

आपत्ति टार्न दौडे जुनजुन नगद र जिन्सी
ती फर्कँदा हजारौँ दुश्मन लिएर आए

साहित्यको पसलमा त्यस्ताहरू बिकेनन्
जो गैरराजनीतिक चिन्तन लिएर आए

माया अजम्मरी हो भन्नेहरू स्वयम् नै
सर्वत्र बेचिएका यौवन लिएर आए ।

■■

कतै शब्द आयो, कतै सार आयो
हिजो-अस्तिजस्तै समाचार आयो

जगल्टा घुमाई जुरो बाट्छ नाति
सराप्छन् हजुरबा– कुलङ्गार आयो

नशामा झुमी प्रश्न सोध्यो कुकुरले–
मजस्तो यहाँ को बफादार आयो ?

समस्याहरूकै भए धेर जमघट
प्रजातन्त्रको फल निराधार आयो

भने फुर्कँदै रिक्त पानाहरूले–
गजल लेख्न हाम्रो गजलकार आयो !

■■



मञ्जुलाल श्रेष्ठ

# केही मुक्तक



१) लठ्ठीको भरमा समुद्र तरिँदैन हजुर
एउटा पाङ्ग्राले रथ गुडिँदैन हजुर
रूप र यौवनको घमण्डमा डुब्छौ किन ?
एक्लो जीवन जिउन सकिँदैन हजुर !

२) धोएर पखालिन सक्दैन मान्छेको मन
कुन बेला, कहाँ ढल्छ यहाँ मान्छेको तन
जानेर, बुझेर नि बुझक्कड बन्छ किन मान्छे ?
नैतिकता बन्धक राखी लुट्न थाल्छ धन ।

३) जोसिला रगत सबै विदेशी भूमिमा बगिने भयो
साहसिला पसिना सबै विदेशी माटोमा सिँचिने भयो
बाँझो भई मलिलो माटो नेपाल आमा रुँदै गर्दा
युवाशक्ति रोक्न नसकेर स्वाभिमान नासिने भयो ।

४) किन झर्छन् आँसु आँखालाई तड्पाएर ?
किन दुख्छन् छाती वेदनालाई चपाएर ?
जिन्दगीको गोरेटोमा अवरोध खडा गर्न
किन जल्छन् मुटु व्यथालाई बल्झाएर ?

५) रोई बसे ताली बजाउने धेरै छन् यहाँ
हाँस्न खोजे हाँसो लुट्ने धेरै छन् यहाँ
वेदना लुकाई जिन्दगीमा अघि बढूँ भन्दा
खुट्टा तानी लडाइहाल्ने धेरै छन् यहाँ ।

■■

*धुलिखेल, काभ्रे*



शारदादेवी पोखेल भट्टराई

# हंसदा योग आश्रम



काठमाडौँबाट नजिकै रहेको काभ्रेको बनेपास्थित करिब सडकमार्गबाट ८०० कि.मि. दूरीको डाँडामा अवस्थित हंसदा योग आश्रम शान्त, रमणीय स्थलको रूपमा रहेको छ । यस डाँडामा जीवनलाई नजिकबाट बुझ्न एक आश्रमको निर्माण गरी त्यहाँ रहनुभएका गुरुहरूबाट योग, साधना सिकाउने, दिव्य प्रवचन कार्यक्रम सञ्चालन गर्ने स्थलको रूपमा पनि परिचित रहँदै आएको छ ।

सामान्यतया योगलाई जोडको रूपमा बुझ्न सकिन्छ; जस्तो– अङ्गहरूको जोड, विभिन्न कामहरूको जोड, भावनाको जोड आदिलाई बुझ्न सकिन्छ । मानव स्वभावै हो– कसैले आफ्नो बारेमा खराब कुरा गरेको मन पराउँदैन । अझ उसका त्यस्ता विषय बाहिरै ल्याइदियो भने त झनै रिसाउँछ । त्यसैले समयअनुकूल आफूलाई अघि बढाउन आफूमा भएको कमजोरीलाई सुधार गर्दै सही कुरालाई बाहिर ल्याउन पनि योग–साधनाले अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्छ । हरेक विषयको साधनाबाट नै आफूले खोजेको उद्देश्य पूरा भई तोकिएको लक्ष्यसम्म पुग्न सहज वातावरण मिल्दछ ।

'नजिकको तीर्थ हेला' भनेझैँ काठमाडौँबाट छोटो दूरीमा रहेको यस आश्रमको बारेमा हामीले थाहा नपाउनुमा यसप्रति चासो नभएर नै हुन सक्छ । तैपनि समयले जुराएपछि हामी आश्रमप्रति आकर्षित भई कुनै साहित्यिक कार्यक्रम गर्न जाने निधो गरी नेपाल विद्युत् प्राधिकरण, विद्युत्कर्मी साहित्यिक समाजका कार्यसमिति सदस्यहरू मिलेर २०७६ पुसमा 'अमर ज्योति' साहित्यिक त्रैमासिक ४४ औँ अङ्क लोकार्पणका साथै कविता–वाचन कार्यक्रमका साथ हंसदा योग आश्रममा उपस्थित भयौँ ।

कविका मन, भावना अनि शब्दहरूलाई जोड्न पनि सो आश्रमले उत्साहित बनाएको थियो । व्यक्ति जन्मन सजिलो होला तर व्यक्तित्व जन्मन निकै कठिन हुन्छ; समय लाग्छ । हंसदा आश्रम पनि सजिलै जन्मियो होला तर आफूले चाहेजस्तो व्यक्तित्व जन्मन वर्षौं लाग्यो होला । आज यसले धेरै व्यक्तित्व जन्माएको

छ, जहाँ हामीले चिन्ने, देख्ने मौका पायौँ । यतिमात्र कहाँ हो र ! जीवनलाई कसरी सहज र शान्त बनाउने भन्ने खोजमा रहनुभएका व्यक्तित्वहरूलाई यसले अझ राम्रो चिनारी दिएको छ । साहित्यले समाजलाई जोड्दछ । समाज विभिन्न व्यक्ति, समुदाय मिलेर बनेको हुन्छ । समाजमा भएका राम्रा-नराम्रा पक्षहरूलाई साहित्यले कविता, कथा, गजल, नियात्रा आदि मार्फत उजागर गरेको हुन्छ । हामीले पनि समाजमा देखेका, भोगेका विषयवस्तुलाई समेटेर कविता-गीत-गजल-मार्फत आफ्ना मनका भावना पोख्ने मौका पायौँ । जीवनमा आइपर्ने तनाव, दुःख, रिस, डाहजस्ता नकारात्मक ऊर्जा दिने क्रियालाई रोकेर साहित्यिक क्षेत्र तथा योग-साधनाबाट बिस्तारै सकारात्मक ऊर्जा बढाउन सकिन्छ; फलस्वरूप व्यक्तिलाई आत्मबलको कहिल्यै नसुक्ने स्रोत प्राप्त गर्नमा सहयोग पुग्दछ । यस हंसदा योग आश्रमको बारेमा जानकारी दिने भन्ने उद्देश्यले पनि उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

अन्तमा, साहित्य-सृजना भनेको सामाजिक चेतनाको एउटा रूप हो । समाज कस्तो छ ? कतातिर मोडिएको छ भन्ने कुरा साहित्यले दिन्छ । यो समाजको ऐना हो । यसले मानव-समाजलाई सुन्दर बनाउने काम गर्दछ । सबै मान्छेसँग जीवन बोकेका सुन्दर कथाहरू हुन्छन्; जुन भोगीय अनुभव हुन्छ । त्यही भोगीय अनुभवलाई मैले पनि स्मरण गर्दै एक साहित्यिक पाटोको विकासको जमर्को गर्दै यस आश्रमलाई योग, साधना स्थल तथा पर्यटकीय क्षेत्रको रूपमा संरक्षण र प्रवर्द्धन गरी अझ उन्नतिको शिखरमा पुऱ्याउन राज्यको पनि ध्यान पुगोस् ! हामी विद्युत्कर्मी साहित्यिक समाज, ने.वि.प्रा.को तर्फबाट पनि सोही अपेक्षा गर्दछौँ ।

■■

लीलाराज दाहाल

# दृष्टिकोण



"के भो रे भाउजू ? दाइले फेरि कुटे रे ! कस्ता पुराना सोचाइका छन् दाइ ! मूर्खताको लौरो बोकेर हिँड्न कहिल्यै छाडेनन् । उनले लगाइरहेको अन्धविश्वासको चस्मा फुकाल्न लगाउनुपर्छ । छोरीमात्रै जन्मनुमा तपाईंको के दोष छ र ! छोराछोरी एकै हुन् भनेर म सम्झाइदिउँला दाइलाई ! छोरीमात्रै जन्मे भनेर खिन्नताको ओछ्यानमा सुतिरहने हो र ! छोरी पनि राष्ट्र-प्रमुख भएका छन् ! डाक्टर, इन्जिनियर, प्राध्यापक, वैज्ञानिक भएका छन् ! तपाईं नरुनुस् भाउजू ! घर जानुस् ! अब तपाईंमाथि घरेलु हिंसा हुन दिन्नँ म । तपाईं घर जानुस् अहिले !"

०००

आदरणीय जनसमुदायहरू ! मेरो यत्रो लामो भनाइको अर्थ के हो भने अब हामीले छोराछोरीमा भेदभाव नगरौँ । यो एक्काईसौँ शताब्दीमा छोरा-छोरी एकै हुन् । छोरा-छोरीलाई समान व्यवहार गर्नुपर्छ । पढाइ-लेखाइमा दुवैलाई समान अवसर दिनुपर्छ । धन्यवाद !

०००

"के भो रे ? छोरीले भाँडा सफा गरिन रे ? के अनर्थ हुन लागेको हो यो घरमा ! ए छोरी ! यता आइज ! स्कुलको गृहकार्य त घरायसी काम-धन्दा सकेर पो गर्ने हो त छोरी ! के भएकी तँ ? घरको काम नगरी पढिमात्रै रहनलाई त छोरै भएर जन्मनुपर्छ, बुझिस् ! लु जा ! छिट्टो काम सकिहाल् ! के गर्नु, छोरो भएर जन्मिनस् ! नत्र पढ्न पाउँथिस् नि !"

०००

"त्यसो नभन न प्यारी ! म त समाजसेवी मान्छे । एउटा छोरो पनि नभए कसरी मुख देखाउनु समाजमा ! चार ओटी छोरी भएर के भो त ! छोराजस्तो छोरी कहाँ हुन्छन् र ? तिमी ढिपी नगर न प्यारी ! कमसेकम मेरो मन राखिदेऊ ! एउटा छोरो पाइदेऊ । प्यारी ! एउटा छोरो प्लिज ! प्लिज !! एउटा छोरो प्लिज !!! प्यारी ............ एउटा छोरो ........ !" ■■ *वाग्मती-११, कर्मैया, सर्लाही*



श्रीषा पाण्डे

# कुलत छाडौं ...

उडेर गयो धुवाँझैँ जीवन अल्झियो झाडीमा
चुँडिँदै गयो आशाको डोरी परियो खाडीमा
सुकेको वन जलेको मन दूषित रगत
तमाखु, हुक्का, पराग, गुट्खा फोहोरी फगत ।

चुरोटको हरेक खिल्लीले अनेक सल्कियो चाहना
आकर्षक खोल छ, त्यो सुर्ती चाख्न बनाउँछन् बहाना
पठाए किन्न कसैले खैनी मन अति झस्किन्छ
सुर्तीको लतमा अगाडि बढ्न कसरी सकिन्छ ?

हिउँझैँ सफा उत्साही मन ध्वाँसोले भर्दै छौँ
अमूल्य बुटी निर्यात गरी रोग आयात गर्दै छौँ
खाएर सुर्ती लगाउन फूर्ती मानिस पल्कियो
बेलैमा दाह्री, कपाल फुल्यो उमेर ढल्कियो ।

सुर्तीको ठाउँमा किताब छापौँ, ज्ञानलाई बढाऔँ
उद्योग बन्द गराई यसको उत्पादन हटाऔँ
टारी र लेकमा चरेस होइन, श्रीखण्ड रोप्नु छ
विभ्रान्त जनमा चेतना फैलाई विकास खोप्नु छ ।

मरेर जान्छ सिर्जना शक्ति चुँडिन्छ आँकुरा
सुर्तीको लतमा फसेमा ध्वस्त स्वप्नका टाकुरा
कुलत छाडौँ, सक्षम बनौँ, भविष्य बनाऔँ
विचारको ब्याडमा क्रान्तिको बीउ विकास सजाऔँ !!



## आविष्कार कला

# पृथ्वीनारायण शाह : नेपाल एकीकरणका सूत्रधार



नेपालको इतिहासमा धेरै नै परिचय दिइरहनुपर्ने ऐतिहासिक व्यक्तित्वमध्यमा पृथ्वीनारायण शाह पर्दैनन्, तर धेरै नै चर्चा र युगौँयुगसम्म चर्चाका एकमात्र ऐतिहासिक व्यक्तित्व भने पृथ्वीनारायण शाह नै हुन्; यसमा कुनै मत-मतान्तरको आवश्यकता छैन भन्दा कुनै फरक नपर्ला । आजको नेपालमा हामी जुन राजनीतिक सिमानाभित्र छौँ; ती सिमाना कायम हुनुको पृष्ठभूमि केलाउँदै जाँदा हामी पृथ्वीनारायण शाहसम्म जानैपर्ने हुन्छ । नेपालको एकीकरणका सूत्रधार पृथ्वीनारायण शाह आफ्नो जीवनकालदेखि हालसम्म पनि उत्तिकै चर्चाका ऐतिहासिक व्यक्तित्व हुन्; जुन कुरा इतिहासका अभिलेख र वर्तमानका परिघटना एवम् परिचर्चाहरूबाट नै हामी यी कुरा भन्न सक्छौँ । नेपालको राजनीतिक इतिहासका बारेमा जानकारी नै नराख्ने जो-कोही नेपालीहरूलाई सोध्दा थाहा हुन्छ; नेपालको एकीकरण कसले गरेको भन्दा सरल रूपमा उत्तर आउँछ– पृथ्वीनारायण शाहले । यही हिसाबले नै पहिले परिचय दिइरहनुपर्ने ऐतिहासिक व्यक्तित्व होइनन् भनिएको हो । उनले सुरुवात गरेको नेपाल एकीकरण प्रकृयाको थालनी, नेपाल एकीकरणमा उनको योगदान र उनले जीवनको उत्तरार्द्धमा राज्य सञ्चालन एवम् आफ्ना छोराहरू तथा भाइभारदारहरूलाई दिएको उपदेश जसलाई हामी दिव्योपदेश भन्छौँ; सोहीका कारणले पनि उनको चर्चा युगौँयुगसम्म भइ नै रहन्छ ।

### तत्कालीन समाज र पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाहको एकीकरण प्रकृयालाई लिएर हालका दिनमा उनका बारेमा केही नकारात्मक टीका-टिप्पणी पनि नसुनिएका होइनन् । मूल रूपमा पृथ्वीनारायण वा अन्य ऐतिहासिक जुनसुकै व्यक्तिहरूको बारेमा पनि टीका-टिप्पणी गर्न नपाइने कुरा होइन । तर, टीका-टिप्पणी गर्नेहरूले बुझ्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने कुनै पनि व्यक्तिमाथि गरिएको टीका-टिप्पणी कतिको

वास्तविक धरातलमा उभिएर गरिएको छ ? त्यसबारेमा गम्भीर भएरमात्रै टीका–टिप्पणी गर्नु वस्तुनिष्ठ र व्यावहारिक हुनेछ । तत्कालीन नेपाली समाजको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिकलगायत अन्य अवस्थाहरूका आधारमा मात्रै तत्कालीन परिस्थितिका व्यक्तिहरूको बारेमा धारणा बनाउनु उचित रहन्छ । कुनै विद्यालय विश्वविद्यालयमा औपचारिक शिक्षामा डिग्री हासिल नगरेका, आफ्नो दरबारका सीमित मात्रामा उपलब्ध राजगुरुहरूमार्फत धार्मिक पुस्तकहरू र अन्य उपदेशहरू सुनेको आधारमा टुक्राटुक्रामा विभाजित देशलाई एउटै मालामा उनेर एउटा विशाल र शक्तिशाली देश निर्माण गर्ने योजना बनाएर निरन्तर अगाडि बढ्नु नै पृथ्वीनारायण शाहको दूरदर्शी र ऐतिहासिक कार्य हो । विश्व राजनीतिक परिवेशलाई हेर्दा नेपोलियन बोनापार्टको समयभन्दा पहिलाको समयमा पनि हाम्रो मुलुकमा यस्ता ऐतिहासिक व्यक्तिको जन्म भई देश निर्माणमा तल्लीन हुनु नेपालीहरूको लागि गर्वको कुरा हो । युरोप महादेशलाई करिब–करिब आफ्नो कब्जामा राखेका नेपोलियन बोनापार्टको इतिहास खोजी–खोजी पढ्ने हामीहरू आफ्नै देशका राष्ट्रनिर्माताका बारेमा बेखबर हुनुले आजको हाम्रो अध्ययन कता जाँदै छ भन्ने बारेमा गम्भीर आशङ्का सिर्जना भएको छ ।

## एकीकरणका सूत्रधार

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुपूर्व नेपाल देशभित्र अनेकौँ भुरेटाकुरे राजाहरू आफ्नो सानो राजनीतिक सिमानाभित्र राज्य सञ्चालन गर्दथे । उति बेलाको राज्यहरूमा खासै बलवान राज्यको रूपमा परिचित नभए पनि तत्कालीन गोरखा राज्यका राजा पृथ्वीनारायण शाहले नेपाल देश भनिएको सीमाभित्र रहेका सम्पूर्ण भुरेटाकुरे राज्यहरू एकीकरण गरेर एउटा विशाल नेपाल बनाउने कार्यको थालनी गरे । जसको निरन्तरताको रूप फैलिँदै जाँदा हामी आजको नेपालको सिमाना पाउँछौ । इतिहासको एक कालखण्डमा नेपालको राजनीतिक सिमाना आजको नेपालभन्दा निकै ठूलो थियो । छिमेकी राष्ट्रको आक्रमणबाट यसको भौगोलिक सिमाना आजको नेपालमा खुम्चिन पुगेको हो । आजको विश्वमा सन् १९५० पछिको समग्र विश्वको अवस्था हेरेर मूल्याङ्कनमात्र गर्दा पनि हामी भन्न सक्छौँ– पृथ्वीनारायण शाहले तत्कालीन समयमा भुरेटाकुरे राज्यहरू एउटै राज्यमा समावेश गर्न चालेको कदम नेपालको एकीकरण नै हो । किनभने चीनले पुरानो आफ्नो भूभाग तिब्बत, हङकङ, मकाउ आफ्नो पुरानो इतिहासअनुसार एकीकरण गर्नु, हालका दिनमा पनि ताइवानलाई मातृभूमिमा समावेश हुन निरन्तर

आग्रह गर्नु, भियतनामी युद्धले एउटै देश उत्तरी भियतनाम र दक्षिणी भियतनाम गरी दुई देशमा विभाजन भएको थियो, जुन एकीकरण भियतनामी जनताका प्रिय नेता होचिमिन्हले आफ्नो समयमै एउटै भियतनाम बनाउन चाहन्थे । तर, बिडम्बना ! उक्त कार्य उनको समयमा हुन नसके तापनि उनको निधनको केही समयपछि भए पनि भियतनाम एकीकरण भयो । त्यसैगरी राजनीतिक विचारधाराका कारणले एक समयमा जर्मन पूर्वी-जर्मन र पश्चिम-जर्मन गरी दुई देशमा विभाजित थियो; पछि गएर एउटै मातृभूमि एक हुनुपर्छ भनी एकीकरण भई जर्मन भयो । त्यसैगरी हालका दिनमा विश्वको ध्यान केन्द्रित गर्ने देशमा पर्छ– कोरिया । दोस्रो विश्व युद्धपछिको समयमा कोरियाली युद्धले एउटै देश कोरियालाई उत्तर कोरिया र दक्षिण कोरिया गरी दुई देशमा विभाजन भयो । तर पनि पुरानो एउटै मातृभूमिलाई विभाजन गरेको सीमारेखालाई हटाएर एउटै कोरिया बनाउनमा दुवै कोरियालीहरू अग्रसर छन् । हाम्रो पनि कामना छ दुवै कोरिया छिट्टै नै एकीकरण भई एउटै कोरियाका रूपमा देख्न पाइयोस् । यसरी हालको विश्वमा पुरानो मातृभूमिलाई एकीकरण गरिरहेका प्रयास र निरन्तर प्रयत्नका उदाहरण हामी देखिरहेका छौँ । तर, आजको समयभन्दा २७५ वर्ष पहिले नै आफ्नो देश एकीकरण गरी एउटै सबल र समृद्ध नेपाल बनाउनुपर्छ भनेर नेपाल एकीकरणको सुरुवात गर्ने दूरदर्शी युगपुरुषले तत्कालीन समयमा सुरुवात गरेको कामलाई हामी नेपाल एकीकरणको सुरुवात नै भन्नुपर्छ ।

## दिव्योपदेश र पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाहले आफ्नो जीवनको उत्तरार्द्धमा नुवाकोटमा बसेर जनताको मन जितेर लामो समयसम्म उत्तरदायी, प्रजातान्त्रिक, लोककल्याणकारी र भ्रष्टाचारमुक्त रूपमा देश कसरी सञ्चालन गर्ने, भूमिको समुचित उपयोग कसरी गर्ने, भाइभारदार र अन्य आमजनताहरूसँग निरन्तर राज्यले कसरी नजिकको सम्बन्ध कायम राखेमा दिगो रूपमा राष्ट्रिय एकता र सार्वभौमिकता बलियो बनाउन सकिन्छ भनेर उनले त्यतिबेला उपलब्ध आफ्ना नजिकका सन्तानहरू, राजगुरुहरू र भाइभारदारहरूलाई दिएको उपदेशहरूको शृङ्खला नै दिव्योपदेश हो । दिव्योपदेशका बारेमा लेख्दा एउटा लामो लेख एवम् पुस्तक नै तयार हुन सक्छ । यहाँ एउटा सानो लेखको एउटा अनुच्छेदमा दिव्योपदेशका सबै पक्षहरू समेट्न सकिँदैन तर पनि पृथ्वीनारायण शाहका बारेमा चर्चा गर्दा छुटाउनै नहुने एउटा पाटो दिव्योपदेश भएको हुँदा यसको सानो चर्चा गरिएको हो । प्रजातन्त्र

प्राप्तिपछि नेपाल सरकारले वि.सं. २००९ सालमा दिव्योपदेशको महत्त्व बुझेर नै प्रकाशन गरेको हुनपर्छ– दिव्योपदेश । पृथ्वीनारायण शाहको जन्मजयन्तीमा मात्रै होइन, उनको दिव्योपदेश करिब–करिब वर्षैभरि नै देशमा निरन्तर चर्चा र परिचर्चा हुने गर्छ । जबजब ट्रान्सपरेन्सी इन्टरनेसनल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग आदिहरूले विश्वसँगै देशमा भ्रष्टाचारको आँकडा निकाल्छन्, तब पृथ्वीनारायण शाहको नाम आउँछ । घुस लिने र घुस दिने दुवै राष्ट्रका शत्रु हुन् भनेर पृथ्वीनारायण शाहले भनेका थिए । त्यसैगरी देशमा बढ्दै गइरहेको अव्यवस्थित शहरीकरणले तराई र देशका खेतीयोग्य उपत्यका, बेसी, नदी–किनाराहरू तीव्र खण्डीकरण भइरहेको छ । जब भूमिको अनुचित उपयोग बारेमा चर्चा गर्छौँ, तब फेरि चर्चामा आउँछन् पृथ्वीनारायण शाह– खेतीयोग्य जमिनमा घर नबनाउनू भनेका थिए भनेर । यसरी हरेक पक्षसँग पृथ्वीनारायण शाहको दिव्योपदेशको चर्चा भइरहन्छ । हामी आधुनिक विद्यालय, विश्वविद्यालय पढेकाहरू पछिल्लो समयमा आएर बल्ल भूउपयोग नीति बनाएर भूमिको महत्तम उपयोग गरी भावी पुस्ताको पनि प्राकृतिक श्रोत–साधनको समुचित उपयोग गर्न पाउने अधिकारबारे बोल्दै छौँ । त्यसैगरी जुन देशले निर्यात गर्दैन, आयातमात्र गर्छ– त्यो देशमा राष्ट्रिय पूँजीको विकास हुन सक्दैन भन्ने कुरालाई पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा राष्ट्रिय उद्योग निर्माण गर, आफ्ना सामान विदेशमा निर्यात गर, गाउँ हटाएर भए पनि खानी उत्खनन् गर भन्ने कुरा व्यक्त गरेका छन् । आजभन्दा करिब २४४ वर्ष पहिले तत्कालीन पिछडिएको र शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित समाजबाट पनि यत्तिको दूरदर्शी सोचका साथ आफ्नो विचार राख्नु र ती विचारहरू युगौँयुग उत्तिकै मननयोग्य, चर्चायोग्य र सदैव मार्गदर्शक सिद्धान्तका रूपमा हुनु आमनेपालीले गर्व गर्न पाउने विषय हो । आजका दिनमा हामीले सुखी नेपाली र समृद्ध नेपालको नारालाई वास्तविक रूपमा कार्यान्वियन गर्ने हो भने पृथ्वीनारायण शाहको दिव्योपदेशलाई अक्षरशः पालना गर्नुको विकल्प छैन । जसबाट नै नेपाल सरकारको चाहना र जनताको भावना पूरा गर्न सकिन्छ ।

अन्तमा, हालका दिनमा पृथ्वीनारायण शाहका बारेमा जे–जति सकारात्मक एवम् नकारात्मक टीका–टिप्पणी भइरहे तापनि उनका योगदानका आधारमा मूल्याङ्कनका गर्दा उनलाई राष्ट्र एकीकरणका सूत्रधार भन्न र मान्नका लागि प्रशस्त आधारहरू आजका दिनमा मात्र होइन; युगौँयुगसम्म भइरहनेछन् ।

■■

*everestkala@gmail.com*

दुर्गाकिरण तिवारी 'क्षितिज'



# गधा

जस्तै गह्रौँ भारी बोकाए पनि विरोध गर्दैन ऊ
चुपचाप बोकिरहन्छ
उठ्नै नसक्ने गरी बोकाइएको भारीले
हरदिन मिचिएको छ

रहरले बोझ उठाउन कहिल्यै पाएन उसले
सधैँ थिचिरहने मालिकका भारीले
उसको पिठ्युँमा छाला लत्किरहेको छ
तैपनि उसले सहेकै छ; भारी बोकेकै छ

आफू चर्ने चरन मालिक हर्छ
खुसी र स्वतन्त्रता मालिक हर्छ
विडम्बना ! कैयौँ मालिक फेरिए
न उसको भारी कम भयो
न त त्यसको स्वरूप बदलियो
सिर्फ फेरिए पुत्लाहरू
तिनको स्वभाव फेरिएन
त्यसैले त ऊ
निरन्तर
मालिकको भारी बोक्ने दास भएको छ ।

मालिक उसमाथिको विजयमा मख्ख छ
उन्मादले आँखा नदेख्ने भएको छ
उन्मादले संवेदना हराउँछ भन्छन्

त्यसैले मालिक केही देख्दैन; केही महसुस गर्दैन
गधा चुपचाप उसैलाई विजयी गराइरहन्छ
र त मालिक; मालिक भएको छ ।

मालिक आदेश दिन्छ–
उसले गरुङ्गा भारी बोक्नै पर्छ
ऊ स्वार्थमा लीन छ
लोभी झिँगा भन्केभैँ भन्किरहन्छ
उसको स्वार्थको भारी नबोकेसम्म ।

जसरी होस्
मालिकको मातको भार उसले थेग्नै पर्छ
नमाने लाठी बजार्छ उसका पिठ्युँमा
अनि, ढाड भाँचिने गरी
परीक्षा बारबार दिनु छ उसले गधा हुनुको
साँच्चिकै
सहनशीलताको पराकाष्ठा अभै नाघेको छैन उसले ।

ऊ कुनै प्रतिकार गर्दैन– मौन, निःशब्द छ
मूकता उसको नियति हो, सहनैका निम्ति
मानौँ, ऊ जन्मेको छ– बोल्न नसक्ने भएर
सत्यता संवेदनामा नचढेको देखेरै तुलामा
ऊ भित्रभित्र क्रोधको ज्वालामा दन्किरहेको छ ।

ज्वालामुखी भएर कुनै दिन
क्रोध विस्फोट होला, नहोला
मालिकलाई जलाएर राख बनाउला, नबनाउला
या गधा सदा गधा नै रहिरहला
समयले खेल खेल्ला, नखेल्ला
तर, गधा अभै मौन छ– पूर्ण निःशब्द र विवश !!
■■

## मिलन मनुवा दाहाल

# अजीव यात्री



शनिबार विदाको दिन, म टहलिँदै घुम्न निस्केको थिएँ। बाराही मन्दिर-अगाडि केहीबेर अडिएँ। कालो-कालो मैलो रङको भए पनि ध्वजापताका र घण्टहरूले सजिएको बाराही मन्दिर मलाई आकर्षक लाग्छ। पूजाआजा गर्न आउने मानिसहरू मन्दिर परिसरमा सिलिङमिलिङ चलमलाइरहेका छन्। म पनि त्यसमा मिसिँदै मन्दिर-वरिपरि एक फन्को लगाउँछु। यो मन्दिर कसले बनायो होला ? कहिलेदेखि मान्छेहरू यहाँ यसरी पूजा गर्दै आइरहेका छन् ? मन्दिर-अगाडिको सत्तलमा कोही फुर्सदिलो प्रौढ भेटेको भए म गफिने सूरमा थिएँ। बेखा दाइ सत्तलमा धुमधुम्ती बसिरहेका छन् कि ? मैले नजर घुमाएँ। तर, त्यहाँ साना केटाकेटीहरू खेलिरहेका थिए। हातमा पूजाथाली बोकेका र अलिक व्यस्तजस्ता देखिने महिलाहरूकै त्यहाँ बढी उपस्थिति थियो।

अनि, बाराही मन्दिरबाट ढुङ्गा छापेको बाटोहुँदै म उत्तरतर्फ लाग्छु। भक्तपुर नगरको प्रवेश-बिन्दुमा हनुमन्ते खोलाको दुर्गन्धले ह्वास्स छोप्न आउँछ। शताब्दिऔँ अघिदेखि भक्तपुर नगरछेउबाट बगिरहेको यो सानो नदी अहिले विरूप छ। बढ्दो जनसङ्ख्याको चापले हनुमन्ते अब नदी होइन; ढलमा परिणत भएको छ। बेखा दाइलाई कस्तो लाग्दो होला– आफ्नो जवानी र हनुमन्ते खोलामा पौडी खेलेका दिनहरू सम्झँदा ?

मैले बेखा दाइलाई नभेटेको निकै दिन भयो। हुन त म पनि आफ्नो अफिसको कामले बेलाबेला काठमाडौँ बाहिर गइरहन्छु। मौका परे विदेश-यात्रा पनि भ्याउँछु। यात्रा मेरो ठूलो सौख हो। बेखा दाइले पनि जीवनमा लामा-लामा धेरै यात्रा गरेका रहेछन्। मैले थाइल्यान्ड घुमेर आएको प्रसङ्ग सुनाउँदा उनले निकै चाख मानेर सुनेका थिए। बेखा दाइले आफू पनि कुनै जमानामा थाइल्यान्ड पुगेको मलाई बताएका थिए। हिँडेरै थाइल्यान्ड गएको र त्यहाँ बौद्ध बिहार बनाउन काम गरेको सुनाउँदा बेखा दाइले ठट्टा गरेको ठानेको थिएँ।

आफ्नो जागिरे जीवन र पारिवारिक झमेलाले फुर्सद कमै मिल्छ । शनिवारको विदाको दिन पनि सामाजिक बन्धनको अनेक उल्झनमा फस्नुपर्छ । आज म शनिवारको दिन उन्मुक्त भएर भक्तपुरको गल्लीगल्ली चहार्दै भक्तपुर दरबार स्क्वायर पुगेँ । मलाई बेखा दाइको सम्झना आइरहेको थियो । यतै कतै मन्दिरको पेटीमा बसेर बेखा दाइ घाम तापिरहेका छन् कि भनी मैले उनलाई खोजिहेरेँ । अहँ, उनी कतै देखिएनन् ! दरबार स्क्वायरको पश्चिमतर्फ मन्दिरको अलिक अग्लो पेटीमा उक्लिएर चिसो भुईंमा बस्छु । कतै यहाँबाट बेखा दाइ हल्लिँदै आएको देखिहाल्छु कि भन्ने आशा गर्छु । पर्यटकहरू क्यामेरा सोझ्याउँदै यताउता हिडिँरहेका छन् । हिउँदको पारिलो घाम ताप्न स्थानीय वासिन्दाहरू पनि दरबार स्क्वायरमा निस्केका हुन्छन् । तर, मौसम बिग्रेकाले पेटीमा बसेर घाम ताप्नेहरू मेरो छेउछाउ कोही छैनन् ।

हिउँद होस् वा गर्मी, भक्तपुर दरबार स्क्वायरमा सधैँ चहलपहल भैरहन्छ । गर्मीयामको एक साँझ म सानी छोरीलाई हात समाएर यहाँ घुम्न आएको थिएँ । २०७२ सालको महाभूकम्पभन्दा करिब एक वर्षअगाडिको कुरा हो । अग्लो ढुङ्गे स्तम्भमाथि हात जोडेर बसेको सालिक देखाउँदै मैले छोरीलाई यो भूपतीन्द्र मल्ल राजाको सालिक भनेर बताउँदै थिएँ; बेखा दाइ टुप्लुक्क झुल्किए । यो खम्बा कसरी गाडेको ? मेरी छोरी सोधिरहेकी थिई । स्कूले केटीलाई मात्र होइन, म आफैँलाई त्यत्रो विशाल ढुङ्गे स्तम्भ कसरी खडा गरे होलान् भन्ने अचम्म लाग्छ । बेखा दाइ मेरो छोरीलाई नियाल्दै थिए ।

"ओ दाइ ! यो ढुङ्गाको खम्बा कसरी गाडे होलान् ?" मैले अनायासै उनलाई सोधेँ ।

"यो खम्बा हामीले नगरकोटमुनिको पहाडबाट काठका मुढामाथि गुडाउँदै ल्याएका हौँ । भूपतीन्द्र मल्ल राजा भए पनि सर्वसाधारणझैँ कर्मीसँग आफैँ काम गर्थे । आफनो सालिक आफैँले खटेर बनाउन लगाएका हुन् ।"

"ए, हो र ?" मैले चाख लिदैँ सोधेँ ।

"हो नि ! म पनि त्यो सालिक राख्ने काममा खटेको थिएँ ।" मलाई बेखा दाइ जिस्किएजस्तो लाग्यो । मेरी छोरीको बालसुलभ चञ्चलताले बेखा दाइसँग त्यहाँबाट म छुट्टिएँ ।

आज बेखा दाइ भेट भएमा म राम्रोसँग सोध्ने थिएँ । बूढापाकाबाट पुराना कुराहरू सुन्न मलाई चाख लाग्छ । तर, बेखा दाइलाई भनेको बेला कहाँ भेट्नु ?

उनी मोबाइल पनि बोक्दैनन् । उनको घर कुन गल्लीमा हो, त्यो पनि थाहा छैन । वास्तवमा उनको नाम के हो ? मलाई त्यो पनि थाहा छैन । मैले त मनमनै उनलाई बेखा दाइ भन्ने गरेको हो । उनलाई मैले चिनेको वर्षौं भयो । जुन बेला म यहाँ भक्तपुरको पुरानो नगरको बाहिरी इलाकामा बस्न आएँ, त्यही बेलादेखि उनलाई देखेको हो । तर, आक्कल–झुक्कल भेटघाटबाहेक त्यस्तो घनिष्ठ सम्बन्ध बनेन ।

न अग्लो, न होचो, न दुब्लो, न पातलो, न कालो, न गोरो उनको शारीरिक बनावट छ । दौरा–सुरुवाल र इस्टकोटबाहेक अर्को पहिरनमा मैले उनलाई देखेको छैन । उनी प्रौढ उमेरको औसत नेवार पुरुषभन्दा फरक लाग्दैनन् । मलाई उनको कुरा अलिक ठट्यौलोचाँहि लाग्छ । जे होस्, फुर्सदको समयमा बेखा दाइजस्तो पाका मान्छेसँग गफगाफ गर्न रमाइलै हुन्छ । तर, त्यस शनिवारको दिन मैले उनलाई भेटिनँ । मौसम पनि चिसोचिसो भएकाले म उठेर हिँडेँ । अब दूधपोखरीहुँदै घुमेर फर्कनुपर्ला भनेर दरबार स्क्वायरबाट पश्चिमतर्फ लागेँ ।

सडक किनारबाट हिँड्दै जाँदा नेवारी खाजाघरबाट आइरहेको हावा नाकमा ठोक्कियो । अलिअलि भोक लागेजस्तो, चिसोचिसो भएकोले ज्यान तताउन खाजाघरभित्र मेरो पाइला मोडियो । खाजाघरभित्र साँघुरो ठाउँमा ग्राहक खचाखच थिए । मैले त्यहाँ टेबुलको एउटा कुनामा चेपिनुभन्दा एक क्वार्टर नेवारी लोकल ठर्रा र सितन प्याक गरेर निस्किएँ । दूधपोखरीभित्रको ठाउँ रमणीय भए पनि त्यहाँ बसेर दिउँसै बोतल निकाल्न असहज लाग्यो । युवा जोडीहरू डेटिङ आएका छन् । बालबच्चासहित घुम्न आएका परिवार छन् । अनि, दूधपोखरीको पश्चिम ढोकाबाट निस्केर अझ पश्चिम सल्लाघारीतिर लागेँ । त्यहाँ च्वाँगा गणेशको मन्दिर छ, जुन पिकनिक स्पट पनि हो ।

च्वाँगा गणेश मन्दिरको खुड्किला उक्लिएर लामो सास तान्दै जब म बिसाउन पुगेँ, मैले बेखा दाइलाई देखेँ । मेरो खुशीको सीमा रहेन । जे होस्, आज बेखा दाइसँग भेट हुन जुरेको रहेछ । मैले आफ्नो नेवारी खाजाको पोको फुकाएँ । बेखा दाइ छक्क परेर हेर्दै छेउमा आए । मैले खाजा उनलाई पनि छुट्ट्याएँ । तर, उनले खान मानेनन्, चुरोटचाहिँ सल्काएर धूवाँ उडाउन थाले ।

"दाइ, तपाईंलाई आज सम्झिरहेको थिएँ, ठ्याक्कै भेट भयो," मैले कुराकानी सुरु गरेँ ।

"तपाईं बस्ने कता हो ? यहाँ आइरहनुहुन्छ कि क्या हो ?" मैले छोयला चपाउँदै सोधेँ ।

उनी नबोली उभिएका छन्, चुरोटको सर्को तानिरहेका छन् ।

"ठाउँचाहिँ यो राम्रो छ है ! सल्लाको हावा खान पाइन्छ !" मैले गफगाफलाई अघि बढाउन खोजेँ । उनी मौन छन् । म कपाकप खाजा खान थालेँ, बीचबीचमा रक्सी सुरुप्प तान्दै ।

"दाइ, कतिखेर आउनुभा'को ? अलिक हतारमा हुनुहुन्छ कि क्या हो ?" खाइसकेर रुमालले हात पुछ्दै मैले सोधेँ ।

"मलाई केको हतार ? तीन सय वर्ष भैसक्यो !" दाइ बोले ।

कडा नेवारी रक्सीको असरले मेरो कान तातेर गलत सुनेँ कि भनेर मैले फेरि सोधेँ, "दाइ, यहाँ आएको तीन सय वर्ष भो रे ?"

"अँ, तीन सय वर्षभन्दा पनि बढी भयो ।" दाइले फेरि दोहो-याए ।

मैले कतै कार्टुनको पात्र बेखामान भन्ने पढेको थिएँ । त्यसैले यी दाइको ठट्यौलीजस्तो लाग्ने कुराकानीले मैले मनमनै बेखा दाइ भन्ने गरेको थिएँ ।

"तीन सय वर्षअगाडि यहाँ कस्तो थियो ? लौ सुनाउनोस् त !" मैले पनि जिस्किँदै भनेँ ।

उनी मेरो नजिक आएर सुस्तरी भन्न थाले, "आज यस ठाउँमा सल्लाको जङ्गल छ नि, पहिला यो खुला नाङ्गो पाखा थियो । भाजु कस भन्ने मन्त्रीको टाउको काटेर नगरबाट भकुण्डो खेल्दै यहाँ ल्याएपछि सबै प्रजालाई पिसाब फेर्न भनियो । सबैले पिसाब फेरेको ठाउँ भएकाले यो ठाउँको नाम चो वाँगा भएको हो । दरबारी षड्यन्त्रमा भूपतीन्द्र मल्ललाई राजगद्धीबाट हटाउन बालक उमेरमै भक्तपुरबाहिर पठाइएको थियो । भाजु कसले रानीलाई समेत आफ्नो बनाएको थियो । बालक राजालाई मार्न उसले सैनिक पठायो । सैनिकहरूले बालकको माया लागेर मार्न सकेनन् । मृगको मुटु-कलेजो ल्याएर भाजु कसलाई बुझाए । भूपतीन्द्र मल्ल युवा भएपछि फर्किएर राजगद्धी फिर्ता लिए । भाजु कस मन्त्रीलाई काट्न लगाए । घृणा यति थियो कि– टाउको भकुण्डो खेल्दै त्यसमाथि पिसाब फेरियो । त्यसरी पिसाब फेर्ने मान्छेमध्ये म पनि एक जना हुँ । पछि म सिक्किम गएँ कालीगडको रूपमा । त्यहाँबाट अझ पूर्व बर्मा गएँ । बर्मामा हामीले बनाएका मन्दिरको चर्चा सुनेपछि इरावदी नदीपारि श्याम देशको राजाले बोलाए । त्यहाँ बौद्ध बिहारहरू बनाएँ । म पछि भक्तपुर फर्केर आउँदा

यहाँ मल्ल राजा हटेर गोर्खाली राजा आइसकेछन् । राजामात्र होइन, धेरै कुरा फेरिएछ । भाषाको नै समस्या भयो । मैले आफ्नो भाषा धेरैजसो बिर्सिसकेको थिएँ । जुन याद थियो, त्यो पनि फेरिएकाले मिल्दैन थियो । अहिलेको थाइल्यान्ड भन्ने मुलुकलाई पहिला श्याम भनिन्थ्यो । हो, म त्यो श्यामबाट फर्किंदा रङ्गुनबाट कलकत्तासम्म पानीजहाजमा, कलकत्ताबाट पटनासम्म डुङ्गामा, त्यसपछि रौतहट निक्लेर सिन्धुलीहुँदै भक्तपुर फर्केको थिएँ । मेरा चिनेजानेका मान्छे कोही बाँकी थिएनन् । सबै मरिसकेका थिए । त्यसैले मलाई कसैले चिनेनन् । म भाषा पनि जान्दिनँ थिएँ । मलाई यहाँका मानिसले मधेशबाट आएको परदेशी भन्ठाने... ।"

म सुनिरहेको थिएँ । बेखा दाइ एकोहोरो बोलिरहेका थिए । सुरुमा मैले उनको मजाक गर्ने शैली सम्झेर सुन्दै गएँ । उनका कुरा चाखलाग्दा थिए । धाराप्रवाह बोलिरहेको मानिसलाई बीचमा प्रश्न गर्दा प्रसङ्ग मोडिन सक्थ्यो । त्यसैले म सुनिरहेँ । उनले ल्हासा, काशी र काश्मिरसम्म पुगेको वर्णन गरिसक्दा साँझ परिसकेको थियो । हिउँदको छोटो दिनमा पिकनिक खानेहरू बाटो लागिसकेका थिए । च्वाँगा गणेश मन्दिर सुनसान भैसकेको थियो । बेखा दाइको कुराले मेरो दिमाग सनन्न भएर आयो । अचम्म त के थियो भने– त्यो मानिस तीन सय वर्ष अगाडिदेखिको यात्रा वर्णन सुनाइरहेको थियो । मलाई अलिअलि डर लागेर आयो । अघि खाजासँगै किनेको चुरोटमध्ये मसँग एक खिल्ली बाँकी थियो ।

"दाइ, चुरोट लिऊँ ?" मैले त्यो मान्छे बोलिरहँदा रोक्न खोज्दै उसतर्फ चुरोट अघि बढाएँ । सलाई कोरेर चुरोट सल्काइदिएँ । ऊ चुरोट तान्दै धूवाँ उडाउन थाल्यो ।

मलाई त्यो मान्छे अजीब लाग्यो । यो मान्छेसँग एउटा सेल्फी त लिनै पर्थ्यो । तर, शनिबारको दिन कसैको फोन उठाउनुनपरोस् भनेर मैले मोबाइल बोकेको थिइनँ । हामी त्यहाँ मौन केहीबेर खडा भयौँ । मध्यकालमा कुनै श्राप पाएर घुमिरहेको यो अवास्तविक प्राणी त होइन ? मैले त्यो मान्छेलाई राम्ररी शिरदेखि पैतालासम्म हेरेँ । अँध्यारो छिप्पिन लागेको थियो, उसको आकृति धमिलो देखियो ।

"लौ त म लागेँ है !" मैले भयमिश्रित विदाइको शब्द उच्चारण गरेँ । ऊ बोलेन । मैले लामोलामो पाइला चाल्दै बाटो तताएँ । सल्लाघारीको जङ्गल काटेर पछाडि फर्केर हेर्दा सुनसान सडकमा कोही देखिएन ।

■■



## डिल्लीप्रसाद मूलतिहुन

# त्यो उँभो गयो



अति हुँदै गयो, देश नासियो
जतन गर्छ को ? भेष मासियो
गफ लगाउँदै त्यो, उँभो गयो
महलमा चढ्यो, ओर्लिंदैन त्यो ।

मुलुक फेर्न मैमात्र जान्दछु
अब म जेसुकै मान्न तयार छु
जन-विचार नै उच्च हो भनी
मगजमा पस्यो त्यो, जुको बनी ।

पद लिँदै गयो फेरिँदै गयो
बदलिँदै गयो, बेरिँदै गयो
रगत चुस्छ त्यो, दीनको सधैँ
ङरर गर्छ त्यो, वन्यजन्तुझैँ ।

कति हजारको बास खोसियो
कति हजारको गाँस खोसियो
कति असक्त छन् ? को अपाङ्ग छ ?
कति जना मरे-मरे, हे ! हिसाब छ ?

सदनमा बडो ठाडिँदै गयो
दिनदिनै जुको ढाडिँदै गयो
नगद के गरी आउला भनी
धन बटुल्न त्यो गर्छ जे पनि ।

राजनप्रसाद कोइराला/अम्बिका घिमिरे

# मुक्तिनाथको दर्शन



नेपाली बृहत् शब्दकोशले धर्मको अर्थ व्यक्ति वा वस्तुमा सधैँ रहिरहने गुण वा मूल वृत्ति वा स्वाभाव, प्रकृति भनेको छ । त्यस्तै, कुनै जाति वा पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार, लोकहीत वा व्यवस्थाका लागि अँगालिने कार्य वा कर्तव्य पनि भनिएको छ । यसर्थ मानव जातिसँग यसलाई जोड्दा धर्मको अर्थ धारण गर्ने भन्ने आउँदछ । मानिसले आफ्नो जीवनमा के धारण गर्दछ, त्यो नै मुख्य धर्म हो । उसले धारण गरेको कुराले जीवन सकारात्मकतर्फ उन्मुख भयो भने नै धर्मको सार हुन्छ । कतिपय नेपाली पाका मानिसहरूले 'मनमा धर्म नभएको मानिस' पनि भन्दछन् जसको अर्थ हो– कर्तव्य च्यूत भएको, कर्तव्य नगर्ने पनि बुझिन्छ । यसैले धर्मले मानव हित र शान्तिका लागि प्रेरित गर्न सक्यो भने धर्म गर्नाको सार्थकता रहन्छ । अन्ध धर्मले व्यक्ति स्वयम्लाई सन्तुष्टी देला तर मानवहित गर्दैन । त्यस्तै धर्म अफिमको नशाजस्तो पनि हुनुहुन्न । समयसापेक्ष नराम्रा कुराहरूलाई छोड्दै जाने र राम्रा कुराहरूलाई पछ्याउनु नै वर्तमान मानवको धर्मप्रतिको निकटता हो ।

विश्वमा विभिन्न प्रकारका धर्महरू रहेकाले सबै धर्मलाई समानरूपमा हेर्नु उपयुक्त हुन्छ । संसारका सबै धर्मले मानवहितका लागि प्रयोगमा रहेका छन् भने तिनीहरू सबै राम्रा धर्म हुन । तथापि धर्मका नाममा मानवहीतभन्दा व्यापार अनि हिंसा भएको साथै सबैभन्दा अमूक धर्म ठुलो भन्ने भयो भने त्यस्ता धर्मले अन्धतालाई झल्काउँदछ । अन्धताले सृजना होइन विनाश निम्त्याउँदछ । त्यसैले हामीले विनाशभन्दा सकारात्मक सृजनालाई हेर्नुपर्ने हुन्छ । फरक-फरक धर्मका राम्रा कुराहरूलाई पछ्याउनु नै धार्मिक व्यक्ति कहलिन्छ । मानवजातिको इतिहासमा धार्मिक कट्टरताले हजारौँको ज्यान गएको छ । तर, जुन धर्म ग्रहण गर्दा सबै धर्म मान्नेहरूलाई आदर गर्न सकिन्छ, ज्ञानको ज्योति बाँड्न सकिन्छ र मानवजातिको कल्याण गर्न सकिन्छ भने त्यस्तो धर्म हजारौ वर्ष रहन्छ भन्ने मान्यता विश्वव्यापी सत्य पनि देखिएको छ । त्यस्तै, परमोधर्मका राम्रा कुरा स्वीकार गर्ने शान्तिको

कामना गर्नका साथै मानव-जातिको हित गर्ने हिन्दू र बौद्ध (शान्तिको प्रतिक) धर्मका आस्थाका केन्द्र मुक्तिनाथ मन्दिर (मुक्तिक्षेत्र) नेपालको पर्यटन धार्मिक आस्था र विश्वासको प्रतीक मुक्तिनाथ (विष्णुको शिला) अवतारमा पाइन्छ ।

मुक्तिनाथ हिन्दू तथा बौद्धमार्गीहरूका लागि एक महत्त्वपुर्ण तीर्थस्थल हो । नेपालको हिमालपारिको जिल्ला मुस्ताङमा मुक्तिनाथ भगवान्को द्रविडियन शैलीमा निर्मित मन्दिर रहेको छ । यो मन्दिरस्थित भगवान्लाई हिन्दूहरूले मुक्तिक्षेत्र र बौद्धमार्गीहरूले तिब्बती भाषामा छुमिंङ ग्याल्सा (सयपानी) भन्दछन् । तिब्बती बौद्धमार्गीहरूको चौबीस तान्त्रिक स्थानहरूमध्ये छुमिंग ग्याल्सा पनि एक हो । मुक्तिनाथ वैष्णव सम्प्रदायको पनि प्रमुख मन्दिर हो । यो तीर्थस्थल शालिग्राम भगवान्का लागि प्रशिद्ध छ । शालिग्राम वास्तवमा एउटा शिला हो जो हिन्दू धर्ममा पूजनीय हुन्छ । पाञ्चायण भगवान्का रूपमा पाँचवटा देवतालाई बिहान-बेलुका राखेर शालिग्रामको पूजा गर्ने गरिन्छ । मुक्तिक्षेत्र यस्तो क्षेत्र हो, जहाँ मानिसहरूललाई मुक्ति अर्थात् मोक्ष प्राप्त हुन्छ । यो हिन्दूहरूको दुर्गम तीर्थस्थल मध्येको एक हो । पौराणिक मान्यताअनुसार शालिग्राम शिलालाई भगवान् विष्णुको निवास मानिन्छ । यस सम्बन्धमा पौराणिक कथा पाइन्छ । कथामा भनिएको छ– जब भगवान् शिवले जालन्धर नामको असुरसँग युद्ध जित्न सकेनन्, त्यो बेला विष्णु भगवान्ले उनको मद्धत गरेका थिए । आसूरी प्रवृत्तिको अन्त्यका लागि भगवान् विष्णुले भगवान् शिवलाई साथ दिने योजना बनाए । र, जालन्धरकी पत्नी वृन्दाले जस्तोसुकै श्राप दिए पनि भोग्न तयार भए । असुर जालन्धरकी पत्नी वृन्दाले आफ्नो सतित्व बचाएर राखेकी थिइन्, तबसम्म जालन्धरलाई कसैले पनि पराजित गर्न सक्दैनथ्यो । यो अवस्थामा भगवान् विष्णुले जालन्धरको रूप धारण गरी वृन्दाको सतित्व नष्ट गर्ने काममा सफल भएका थिए । जब वृन्दालाई यस बारेमा थाहा भयो, त्यो बेलासम्म भगवान् शिवले जालन्धर नामक असुरको वध गरिसकेका थिए । यसैले वृन्दाले भगवान् विष्णुलाई श्राप दिएकी थिइन । उनले दिएको श्राप लाग्नाले शिला शालिग्राम, रुख पीपल, झारपात तुलसी र घाँस कुस भएर रहनुपर्‍यो । मुक्तिनाथ बौद्ध धर्मावलम्बीहरूका लागि पनि एक महत्त्वपुर्ण स्थान हो । यसै ठाउँको उत्तरपश्चिम क्षेत्रबाट महान् बौद्धभिक्षु पद्मसम्भव बौद्धधर्मको प्रचारप्रसारका लागि तिब्बत गएका थिए । यी एतिहासिक र धार्मिक कुराहरू पढ्दा पनि उक्त क्षेत्रको अवलोकन गर्न हामीलाई घचघच्याइरह्‍यो ।

एक पटक भारतको राजधानी नयाँ दिल्लीमा यात्रा गर्दा त्यहाँ रहेका

प्रमुख पर्यटकीय स्थानहरूमध्ये पर्ने अक्षरधाम पनि एक रहेछ । मलाई पनि सोही अक्षरधाममा जाने मौका मिल्यो । दिउँसो करिब २.०० बजेतिर उक्त क्षेत्रको भ्रमण गरी हिन्दूहरूका प्राचीनकालमा मानव जातिले गरेका कार्यहरू र मानव–सभ्यताको विकासक्रमबारे जानकारी दिने उदेश्यले डुङ्गामा यात्रा गर्दै बसेर सुरुङ मार्ग हुँदै गरिने यात्रा समाप्त भएपछि बेलुकी त्यस स्थानभित्रकै हलमा धार्मिक चलचित्र देखाइने गरेको रहेछ । उक्त चलचित्रमा भगवान् झण्डै तीन सय वर्षअघि नेपालको मुक्तिक्षेत्रमा आई तपस्या गरी बसेको र पछि दिल्ली फर्किएको दृश्य देखाइन्छ । भारतमा बसेर नेपालको समाचार नेपाली च्यानलमै हेर्नुपरेमा तुरुन्त हेर्न पाइँदैन । भारतीय टि.भी. च्यानलको अदर भाषामा गएर मात्र हेर्न पाइन्छ । तर, अक्षरधाममा देखाइने चलचित्रमा भने नेपालको मुक्तिनाथमा गई तपस्या गरी फर्किएको बताउँदा नेपाली भएको नाताले गर्व पनि लाग्यो । सो चलचित्र हेरेपछि मलाई पनि मुक्तिनाथ भगवान्को मन्दिरमा जाने इच्छा जागेको थियो । केही वर्षपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समेत दर्शन गरेको देखेपछि सो मन्दिर दर्शन गर्ने भारतीय तिर्थयात्रीहरूको घुइँचो बढेको सुनियो ।

मेरो व्यक्तिगत र पारिवारिक इच्छा र चाहनाबमोजिम हामी एक र दुई दिनको तयारीमा नै भगवान् मुक्तिनाथ मन्दिरमा दर्शनका लागि जाने र सोहीवरपर रहेको कागबेनीमा पितृहरूलाई श्रद्धा गर्ने अर्थात् श्राद्ध गर्ने सल्लाह गरियो । मुक्तिनाथ भगवान्को मन्दिर समुद्री सतहबाट ३७१० कि.मि. उचाइमा रहेको र वर्षात् तथा चिसो समयमा जान चिसोको एलर्जी हुनेका लागि खतरा हुने भएकाले चैत्र महिनाको अन्त र वैशाख महिनाभरि उत्तम हुनेरहेछ । पहिलेपहिले उक्त मुक्तिक्षेत्र जान चामल, तरकारी, खर्च बोकेर करिब पन्ध्र दिनको यात्रा गरेर बास बस्दै जाने गरेको पाकाहरू वृद्धवृद्धाहरू बताउँदछन् । मुस्ताङ जिल्लामा मुक्तिनाथ भगवान्को दर्शन गरी कतै पीच मोटरबाटो, कतै ग्राभलिङ गरिएको बाटो भएकोले सोही बाटो हुँदै राजधानीबाट चार दिनको दिन पुनः राजधानी नै आउन सकिने भएको छ । अर्थ व्यवस्थाको राम्रो जोहो गर्नेहरूले त राजधानीबाट हवाइजहाजको यात्राबाट त तीन दिनमा पुनः राजधानी नै फिर्ता हुन सकिन्छ । काठमाडौँबाट पोखरा हवाइजहाजमा यात्रा गर्ने, पोखराबाट जोमसोम ओर्लनुपर्ने र सोही रुटबाट नै काठमाडौँ फर्कन सकिने हुन्छ ।

त्यसैले, हामीले उक्त स्थानको मौसमबारे जानकारी लिएर मात्र चैत्रको अन्तिम सातातिर मुक्तिनाथ भगवान्को दर्शन गर्न सामान्य पर्यटकका रूपमा

घरबाट प्रस्थान गऱ्यौ । हामीसँग केही न्यानो पार्ने लुगाफाटा रहेका थिए भने अन्य कपडा बोकेनौँ । किनभने बाटातिर प्रशस्त होटलहरू पाइने र सुत्न लजमा पनि सकिने कुरा सुनेपछि अन्य गुण्टाको जरुरत परेन । हामी काठमाडौँको नयाँ बसपार्कमा पुग्यौ । त्यहाँ दिउँसो एघार बजे र दुइ बजेतिर मुस्ताङको सदरमुकाम जोमसोम छुट्ने बसहरू नै पाइने रहेछ । साथै काठमाडौँ–बेनीसम्म जाने माइक्रोबस पनि चल्ने रहेछ । बसबाट जाँदा रातभर गएर भोलिपल्ट मात्र पुगिने भएपछि अलि सहज होला भनेर काठमाडौँ–बेनीसम्म जाने माइक्रो बसको टिकट लियौँ ।

काठमाडौँको नयाँ बसपार्कबाट बिहान ७.०० बजे हिँडेको बस पोखरा, पर्वत, स्याङ्जा, बाग्लुग हुँदै म्याग्दीको सदरमुकाम बेनी पुग्यो । त्यहाँ पुग्दा बेलुकीको ६.०० बजेको थियो । बेलुकी ६.०० बजे बेनीभन्दा पछाडि सर्वसाधारण चढ्ने गाडी नपाइनेरहेछ । बेनी अलि पर गलेश्वर महादेवको मन्दिर पनि रहेछ । साथै नयाँ बनाइएको तातोपानी कुण्ड पनि सोहीवरपर रहेको भन्ने सुन्नमा आयो । हामी नचिनेको स्थानमा तातोपानी हुँदै मुक्तिनाथसम्म अगाडि बढ्न सकेनौँ । त्यसैले सोही म्याग्दीको सदरमुकाम बेनीबजारमै बास बस्यौँ ।

भोलिपल्ट सार्वजनिक बस चड्ने स्थान काउण्टरमा टिकट काट्न गयौँ । तर, मुस्ताङ जाने बस बिहान ७.०० बजे नै छुटिसकेको रहेछ । हामी कुनै व्यक्तिले गाडीको व्यवस्था गर्न सक्छु कि भनेकाले सो आसतिर लाग्यौँ तर ठीक समयमा ठीक साधनको व्यवस्था भएन । बेलावखत त्यस्ता धोका हुन सक्छन् भन्ने सोची काउण्टरमा प्रतिक्षारत् रह्यौँ । स्थानीय काउण्टरवालाले बसको टिकट दिने चासो देखाएनन् ।

बेनी बजारको बसपार्कमा अन्य बोलेरो, सुमोलगायतका गाडीहरू पनि रहेछन् तर भाडा महँगो रहेछ । त्यसैले सार्वजनिक बसको विकल्प थिएन । हामीहरू दुइ घण्टा कुरेर बस्यौँ । यस बेलाचाहिँ हामीलाई समय कटाउन गाह्रो पऱ्यो । त्यहीँका एक जना भाइले खाना खानुहोला, पछि खाना खान पोखरा वा वेनीवाट जोमसोम जाने बसले रोक्दैन भने । हामीले त्यही होटलमा सादा खाना खायौँ । पहिले तीर्थयात्रीहरूले जस्तो पानी जहाँजहाँ छ; त्यहाँ दाउरा खोजेर आफैँले पकाएर खान सम्भव हुने कुरा भएन । केही समयपछि बसले हामीलाई चढायो । तर विडम्वना ! झण्डै एक घण्टापछि हामी चढेकोबवस तल कालीगण्डकी नदीमाथि भीर भएको बीच सडकमा बिग्रियो । अन्य सवारी

साधनलाई साइड दिन नै हम्मेहम्मे थियो । करिब पैँतालीस मिनेटपछि पोखरा-जोमसोमतर्फ जाने गाडी आयो र बिग्रिएको गाडी छाडेर अर्को गाडी चढी हामी जोमसोमतर्फ लाग्यौँ । हामी कालीगण्डकीको गहिरो गल्छी अनि कच्ची साँघुरो बाटो हुँदै जोमसोम बजार वेलुकी ६.०० ओर्लियौँ । बसबाट ओर्लनै लाग्दा हावा बेजोडसँग चलिरहेको थियो । जोमसोमबाट केही अगाडिबाटै एक जना यात्रु गलबन्दी गुथेर चैत्रको समयमा हामी चढेको बसमा चढे । त्यसैले पनि त्यहाँको चिसो र हावाको मापन गऱ्यौँ । जब बसवालाले जोमसोममा ओर्लन भन्यो, हामीसँगै अर्को एक जोडी पनि ओर्लिए । उनीहरूसँग हामीले परिचय गऱ्यौ । उनीहरू लम्जुङ राइनास नगरपालिकाका कँडेल थरका कुमाई ब्राह्मण रहेछन् । उनीहरूले हामीलाई आफ्नो परिचय पनि दिइहाले । उनीहरू पनि हामीहरूजस्तै कागबेनीमा श्राद्ध गर्न र भगवान् मुक्तिनाथको दर्शन गर्न हिँडेका रहेछन् । हाम्रो उद्देश्य समान मिल्यो ।

अब हामी जोमसोममै बस्ने वा कागबेनी गएर बास बस्ने भन्ने दुविधा भयो । अर्को जोडी कँडेललाई सोधखोज गर्दा नगर्दै एक गाडी हामीनजिक आएर रोकियो । बसपार्ककी एक महिलाले उनकै लजमा बस्न जोड गर्न थालिन् । उनले सोझै मुक्तिनाथ जानुहुन्न, लेक लाग्दछ, हिजोमात्र लेक लागेर दुई जना बितेका जस्ता वेतर्कका कुरा गरिन् । हामी नयाँ भएकाले डरडर पनि लाग्यो । यो उनको लजमा बसाउने मेलो पनि हुन सक्थ्यो । हामीनजिक आएको गाडीलाई उनले भाडा तीन हजारमा कागबेनीमा लान्छौ ? भनेर ड्राइभरलाई सोधिदिइन् । यो उनको व्यापारिक चलाखीपन पनि जस्तो लाग्यो । वल्लतल्ल सो जीपले हामीलाई दुई हजार पाँच सयमा कागबेनी पुऱ्याउने भयो । हामी जोमसोम नबसी उतै कागबेनी जाने गाडी चढ्यौँ । कागबेनीमा पनि गौचन, शेरचन, भट्टचनजस्ता थकालीहरूको होटल पाइने रहेछन् । उनै ड्राइभरले हामीलाई तीनवटा होटल चहारेपछि एउटा होटल मिलाइदिए । त्यस होटलमा तातो पानीको व्यवस्था र चार जना सुत्न पुग्ने प्रतिव्यक्ति सात सय रूपैयाँका दरले एकरात एउटा कोठाको रु. दुई हजार आठ सय तिर्नुपर्ने भयो । खाना पनि सोही शुल्कमा मिलाइदिए । खानाको परिकार चिया एक-एक कप र सुख्खा मैदाको रोटी तीन-तीन वटा उपलब्ध गराउने सहमति भयो । हामी होटलबालाको सबै सर्त स्वीकार गरि आफ्ना झोलाहरू राखी कोठा भित्र छिऱ्यौ । भोलिपल्ट तीर्थ, श्राद्ध गर्नुपर्ने भएकाले त्यसै होटलमा एक छाक मात्र नुन बिहान खाइएकाले बेलुकी चिया र रोटी खायौँ र सुत्यौँ ।

मिति दुई हजार पचहत्तर साल चैत्र उनान्तीस गते बिहान पाँच बजे नै उठेर मनतातो पानीले नुहायौँ । मैले त फेर्न जनै पनि नलगेकोले सँगैका कँडेलसँग जनैसमेत लिएर फेरेँ । कालीगण्डकी नदीको तीरमा तीर्थ श्राद्ध गर्ने स्थान रहेछ, सोही स्थानमा हामी गयौँ । लहरै श्राद्ध गर्नेहरूको भीड नै थियो । त्यसैले, हामीहरूले पनि नपुग सरसामान किनेर श्राद्ध गर्न स्नान गरी बस्यौ । जौको पिण्ड बनाएर त्यहाँका पुरोहितले करिब बीस मिनेटमा श्राद्ध सम्पन्न गराइदिए । श्राद्ध गरिसकेपछि हामी मुक्तिनाथको मन्दिरतिर जान बसस्टपतिर लाग्यौँ । एउटा बुटवलतिरको ग्रुपले जीप रिजर्भ गरेका रहेछन्, उनीहरूसँगै केही पैसा तिरेर चारै जना मुक्तिनाथको मन्दिरतर्फ लाग्यौँ । मुक्तिनाथ मन्दिरभन्दा अलि तल गाडीहरूको लाइन थियो । धेरैजसो रिजर्भ लेखिएका गाडीहरू थिए । रिजर्भ बसहरू पनि लाइनै थिए । त्यस दिन बिहानैदेखि दिन खुलेकोले हिमाल खुलस्त देखिएको थियो । मुक्तिनाथको मन्दिर बसस्टपबाट करिब बीस मिनेटको बाटोमा घोडाले दर्शनार्थीहरूलाई मुक्तिनाथ गेट नजिकै पुऱ्याउने रहेछ । मैले पनि पहिले त हिँडेरै जानुपर्दछ भनेँ । पछि चिसोको एलर्जी हुने र लेक लाग्ने हल्लाले अदुवा, टिम्मुर, लसुन गोजीमा हाल्यौँ र घोडाबाट नै जाने निर्णय गरियो । प्रायशः सबै मानिसहरू जाँदाखेरी घोडामै जाने गरेका रहेछन् । मन्दिर गेटमा घोडा धेरैबेर रोक्न नदिनेरहेछ । तुरुन्त घोडाबाट ओर्लिएर हामीहरू मन्दिरको सिँढीहरू चढ्न थाल्यौँ । करिब दुई सय वटा सिँढीहरू उक्लिएपछि मन्दिर परिसरमा पुगिने रहेछ । तर, यो बाटोमा लेक लाग्ने भनिएकोमा हामीले लगेका टिमुर, अदुवा, लसुन खानुपरेन । हामी मन्दिर परिसरमा पुग्यौँ । दर्शनार्थीहरूको भीड निकै थियो । पहिले एक सय आठ धाराहरूले शरीर शुद्ध गरिसकेपछि हामीहरूले मन्दिर तीन फन्का माऱ्यौँ र पूजा-अर्चना गऱ्यौँ । केही फोटोहरू खिचिसकेपछि करिब दुइ घण्टाको बसाइपछि तल बसस्टपमा ओर्लियौँ र जोमसोम जाने गाडीमा हामीहरू चढ्यौँ ।

जोमसोम ओर्लिएपछि तातोपानी ओर्लिएर नुहाउने वा सोझै काठमाडौँ जाने भन्नेमा द्विविधा भयो । त्यसैले, हामीहरू केही बेर अलमलमा पऱ्यौँ । काठमाडौँ सम्म जाने बस पनि भरिएकोले बीचमा टुल मात्र बाँकी थियो । हामीसँगै गएका एक जोडीहरू पनि पोखरासम्म जाने र उनीहरूले सँगै जाऊँ भनेका र घरमा पनि चाँडै पुग्नुपर्ने बाध्यताले हामीहरू असहज गरी बसमा बस्यौ । केही बेरपछि हामीहरूले पनि सीटमा बसेर मार्फा, घाँसा, तातोपानीलगायतका स्थानहुँदै राजधानीतर्फ

लाग्यौँ । बसयात्रामा जर्मन र इजरायली पर्यटक पनि भेटिए । इजरायलीहरू अन्नपुर्ण वेसक्याम्प हुदै मुक्तिनाथ पुगेर फर्किएका रहेछन् । उनीहरू तातोपानी आई ओर्लिए । साथै, त्यस बाटोबाट अगाडी बढ्ने क्रममा तीर्थयात्रीले हिमाली भेगमा पाइने भेडा–च्याङ्ग्रा, चौँरीगाईको बथान र भेडागोठालाहरू समेत देख्न पाइनेरहेछ । तातोपानीबाट अगाडि बढेपछि एउटा ट्रक बीच बाटोमै पल्टिएको र सो ट्रक पन्छाउन लागेको समय झण्डै तीन घण्टा हामीहरू साँघुरो बाटोमा बसभित्र नै बस्नुपर्‍यो । जब गाडी खुल्यो बेनी, स्याङ्जा, पर्वत हुँदै पोखरा पुग्यौँ । हामी पोखराबाट बिहान ८.३० बजे काठमाडौँ नयाँ बसपार्क आइपुग्यौँ । यसरी हामी घर छाडेको चार दिनका दिन भगवान् मुक्तिनाथको दर्शन गर्ने इच्छा पुरा गरी रामनवमीका दिन घर फिर्‍यौँ ।

अन्तमाः भगवान् मुक्तिनाथको मन्दिरअवस्थित मुक्तिक्षेत्र पवित्र धार्मिक क्षेत्र हो । यहाँ जुनसुकै धर्म मान्ने र नमान्ने सबैलाई प्रवेश खुल्ला रहेको छ । नेपाललगायत भारत, जर्मनी, इजरायली र अन्य युरोपियन देशहरूबाट पनि पर्यटक आउने गर्दछन् । अन्य हिन्दू र बौद्ध मार्गीहरू त यो तीर्थस्थल जाने नै भए । यसरी नेपालबाट कोरला मार्ग हुँदै तिब्बतसम्मको नाका खुलाउने प्रयास पनि भैरहेको देखियो । नेपाल र तिब्बत जोड्ने कोरला नाकाको बाटो फराकिलो पार्न सरकारले द्रुत गतिमा अगाडि बढाउनुपर्ने देखिन्छ । आफ्नो गच्छेअनुसारको हवाइजहाज वा बसबाट नै भए पनि एक पटक मुक्तिनाथ भगवान्को दर्शन गर्न र मुक्तिक्षेत्रमा पाइला राखेमा राज्यको आन्तरिक पर्यटनमा वृद्धि हुने र व्यक्ति स्वयम्को मनमा समेत शान्ति मिल्ने र उसको जीवन सकारात्मकतातर्फ उन्मुख हुने निश्चित गर्न सकिन्छ । तर बाटोमा पर्ने होटल र लजलगायत यातायात व्यवसायी सबैले यो क्षेत्रलाई व्यापारिक मार्ग बनाउने भन्दा तीर्थयात्रीलाई सहज, सस्तो र सर्वसुलभ तरिकाले खाने–बस्ने र यात्रा गर्ने वातावरण मिलाइदिने हो भने यो मार्गबाट यात्रा गर्ने प्रत्येक व्यक्तिले जीवनभरिको लागि अविस्मरणीय क्षणको रूपमा लिने ठोकुवा गर्न सकिन्छ ।

■■

गङ्गा आचार्य सापकोटा

# कलाको खजाना



उमारेर आशा निराशा भगाऊँ
सदा आत्मविश्वास, आस्था जगाऊँ
उखेलूँ म अल्छीपनाको बहाना
मभित्रै छ बाँच्ने कलाको खजाना ।

समस्या छिचोल्दै समाधान खोजूँ
हुरी, बिघ्न-बाधा सकेसम्म तोडूँ
मभित्रै छ ऊर्जा अलङ्कार नाना
मभित्रै छ बाँच्ने कलाको खजाना ।

ममा खोट होलान् निमोठ्नेछु मैले
इबी, लोभ, ईर्ष्या पखाल्नेछु मैले
छिपेका हजारौँ सदाचार पाना
मभित्रै छ बाँच्ने कलाको खजाना ।

दुःखेसो, गुनासो मनैको बिमारी
मिलेको छ के नै, सधैँ आँसु भारी
नमिल्ला र खोजे खुसीको तराना
मभित्रै छ बाँच्ने कलाको खजाना ।

बितेका कुराबाट शिक्षा लिएर
हटाई अभीप्सा र लिप्सा, विकार
म रच्नेछु सत्कीर्तिका दिव्य गाना
मभित्रै छ बाँच्ने कलाको खजाना ॥

*बाग्लुङ, हाल : काठमाडौँ*



## सद्‌गुरु जग्गी वासुदेव

# मनका ४ आयामहरू

पूर्वीय यौगिक सोचअनुसार मानव मनका १६ आयाम हुन्छन् । बुझ्न सजिलो होस् भनेर यिनलाई ४ किसिममा (Categories) विभक्त गरिन्छ –

१) बुद्धि (Intellect)
२) मानस (Brain)
३) अहङ्कार (Identity)
४) चित्त (Intelligence)

१) बुद्धि (Intellect) – बुद्धि तर्क र प्रमाणमा मात्र विश्वास गर्दछ । त्यसैले हरेक कुरालाई चिरफार गरेर, खोजतलास गरेर सप्रमाण पत्ता लगाएपछि मात्र 'ठीक' या 'बेठीक' भन्छ । यतिसम्म कि आमाको माया कस्तो छ ? भन्ने कुरा सप्रमाण पत्ता लगाएर मात्र विश्वास गर्नका लागि आमालाई काटेर, चिरफार गरेर, आमाको मुटु–कलेजोका अणु–अणुमाको विश्लेषण (५ ईन्द्रियहरूले आपूर्ति गरेका तथ्याकका आधारमा) गरेर 'आमाको माया'को अनुसन्धान गर्ने प्रोजेक्ट चलाउँलाझैँ गर्छ । संसारमा यही बुद्धिले शासन गर्दै आएको छ र अन्य पक्षहरू गौण मानिएका छन् । अफसोचको कुरा 'बुद्धिमान'लाई नै सबैले 'ठूलो' मान्छे ठानिरहेछन् । जुन सत्य होइन । किनभने 'बुद्धि'ले त शिक्षा प्रणालीले, गुरु या समाजले, अध्ययनले जम्मा गरिदिएका सूचना–तथ्याङ्कहरू खेलाएर, पुनः जोडजाड, विश्लेषण गरेर निचोड सुनाउँदै अरूलाई 'हो कि क्या हो ?' भन्नेमात्र पार्छ । अर्थात्, बुद्धि खप्परको सन्दुसमा राखिएको 'तथ्याङ्क'ले सङ्केत गरेको भन्दा ठूलो संसार हेर्न वा देख्न नसक्ने हुन्छ । अहिलेका मानिसहरू यही 'बुद्धि'अनुसार मात्र चल्ने भएर नै गडबढ भएको छ । जब कि मनका अनेक आयामहरू मध्ये 'बुद्धि' केवल सिरिफ एउटा मात्र आयाम हो ।

मानिसले मनका अरू आयाम पनि जानी–नजानी थोरबहुत उपयोग गरिरहेका हुन्छन् तर सचेनतापूर्वक सबै आयामहरूको उपयोग भएको छैन । यही भएर मानव शक्तिको १० प्रतिशत पनि उपयोग भएको छैन भनिन्छ । किनभने, मानिसलाई ९० प्रतिशतभन्दा बढी केवल 'बुद्धि' चलाउनमात्र तालिम दिँदै ल्याइयो । जसले गर्दा उनीहरू अरूलाई झुक्याउने, छलछाम गर्ने, उल्लु बनाउने, आफू माथि पुग्ने आदि काममा त चतुर देखिएका छन् तर तिनलाई आफ्नै 'जीवन'को अर्थ थाहा छैन । यतिसम्म कि घरको आफ्नै कोठामा, घरको आँगन–सिकुवामा र समाजमा कसरी शान्तिपूर्वक 'आफु' बाँच्ने? भन्नेबारे पनि तिनीहरू

प्रष्ट छैनन् । परिणामस्वरूप काकताली (By accident) का भरमा काम गरिर हेछन् र त्यसैलाई 'सफलता' ठानिरहेछन् । अर्थात्, उनीहरू संसार (कुनै न कुनै किसिमले) चलाउन जान्ने तर आफूभित्रैको मन, ऊर्जा, संवेदना र आफ्नै शरीरलाई कसरी सञ्चालन गर्नेबारे थाहा नभएको देखिन्छ ।

मानिसलाई 'फिट' रहनू भन्यो, सुन्दैन । स्वाभाविक रूपमा जिउनोस् भन्यो, पुटुस्सै भुँडी पाल्छ । यही हो बुद्धि मात्रको काम । 'चित्त शुद्धि' छैन । बुद्धिले 'तर्क' गर्दा 'तुलना' गर्ने विधि (Method) पनि अपनाउँछ । उदाहरणका लागि यो संसारमा तिमी एक्लै छौ भने 'तिमी' नै 'महान्' कि 'तुच्छ' कसरी थाहा पाउने? तर केही मूर्ख या बुद्धुहरूको बीचमा बसे त उनको 'तुलना' मा आफूलाई 'महान्' ठान्ने आधार मिल्ने भयो । बस् । बुद्धिले यही चातुर्य-चटक गरेर झुक्याउँछ ।

२) मानस (Brain) - यसका पनि थुप्रै तह (Layers) हुन्छन् । यो सिर्फ आँखाले देखिने 'सेतो गिदी' मात्र होइन । वास्तवमा यो शरीरका तन्तु-तन्तुमा व्याप्त हुन्छ । यसको स्मरण शक्ति असाधारण किसिमको हुन्छ । यसले अहिलेको मात्र होइन, लाखौँ वर्ष पुरानो कुरा पनि सम्झन सक्छ । जस्तैः तपाइँका पिता-पुर्खा लाखौँ वर्षअघि कस्ता थिए ? बुद्धि (Intellect) ले भन्न सक्दैन तर यसबारे तपाइँको तन्तु-तन्तुले भने भनिरहेको हुन्छ । तपाइँको आँखा, नाक, मुख, उचाई, आँखीभौँ, चौडाई, केश, केशको रङ र आकार-प्रकार, दाह्री, जुँगा, दाँतको आकार-प्रकार, हड्डीका लम्बाई जाँचिहेर्ने हो भने तपाइँका पितापूर्खा कस्ता थिए भनेर तिनले भन्छन् । अझ डीएनए जाँच गरपछि त ठ्याक्कै (विज्ञानले) भन्न सक्छ । यही शरीरभरि छरिएर बसेको स्मरण गर्न सक्ने कोषहरूलाई 'मनोमय कोष' भनिन्छ । शरीरको हरेक सेलहरूमा 'स्मरण' (Memory) र 'चित्त' (Intelligence) हुन्छ तर 'बुद्धि' (Intellect) हुँदैन । मानस (Brain) मा बुद्धि (Intellect) हुन्छ । पाश्चात्य मुलुकमा चलेको Mind शब्दले ले 'मन' का सबै आयामहरू समेट्दैन ।

३) अहङ्कार (Identity) - पाश्चात्य मुलुकमा 'अहङ्कार'लाई Ego भनि अनुवाद गरेपनि त्यो मिल्दैन । अहङ्कार भनेको 'पहिचान भाव' (Sense of identity) हो । मानिसको 'बुद्धि (Intellect)', अहङ्कार (Identity)सँग सिधै जोडिएको हुन्छ । अहङ्कारले नै पहिचान दिन्छ र 'मै हुँ' भावना मानिसमा जगाउँछ । यो भएन भने मानिस पहिचानविहीन र सबैले हेप्ने जन्तुमा परिणत हुन्छ । जब 'अहङ्कार' सक्रिय हुन्छ तबमात्र 'बुद्धि' ले काम गर्न थाल्छ । किनभने 'बुद्धि' अहङ्कारको 'दास' हो । हाम्रो अहङ्कार (Identity) कुनै मुलुकमा, समाजमा या कुनै पनि ठाउँमा बाँच्न (Survival) का निम्ति नभई हुन्न । तर अहङ्कारले मात्र अघि बढ्दै र प्रगति-उन्नति गर्दै जान सकिन्नँ किनभने खप्पर (Brain box) मा (पाँच ईन्द्रियहरूले) हालिदिएको सिमित तथ्याङ्कका आधारमा चल्ने 'बुद्धि' को सहारामा मात्र 'अहङ्कार' चलायमान हुन्छ । यसरी

‘अहङ्कार’ ले अह्राएजस्तो मात्र ‘बुद्धि’ ले काम गर्दा नै ‘अराजकता’, ‘समाज विरोधी (Anti -social) गतिविधि’ र ‘आतङ्कवाद’ हरू जन्मिने हुन् । मानवसभ्यता विकसित हुँदै आउने क्रममा ‘अहङ्कार’लगायत मानवका अन्य मन–उर्जाहरू समेत सञ्चालन गरेर एकापसमा ‘द्वन्द्व र सहअस्तित्व’ (Conflict and co -existence) अपनाउँदै यहाँसम्म आइपुग्न सम्भव भएको हो ।



*(सङ्कलक)*

४) चित्त (Intelligence)– चित्तको स्मरण गर्ने क्षमता हुन्न । यो सिर्फ चित्त (Creation) हो । ब्रह्माण्डजस्तो जोडदार अस्तित्वसहित उपस्थित छ यो मनको आयाम । यो छ र नै सबथोक हुन्छ । यो ‘स्मरण’ को आधारमा चल्ने हुँदैन तर आफ्नै किसिमले चल्छ । बुद्धि अनुसार होइन यो, चित्त चित्तजस्तै चल्छ । चित्त मनको सबैभन्दा अन्तिम बिन्दु हो । यो जिउँदो–जाग्दो हुन्छ र यो नै मानवलाई रचना (Creation) र चेतना (Consciousness) सँग जोड्ने आधार बन्छ ।

चित्त २४ घण्टै (मानिस सुते पनि जागे पनि) जाग्राम हुन्छ । बुद्धि त चाहिएको बेला आउँछ र जान्छ । मानिस जागिरहेको भए पनि बुद्धि फेल हुन सक्छ । तर, चित्त निभ्यो भने मानिस जिवित रहन्न । चित्तले नै मानिस जिउँदो भएको प्रमाण दिन्छ, मानिसलाई सँधै केही न केही गर्न उचाल्छ र जीवनलाई वास्तविक ‘जीवन’ बनाउँछ । यही ‘चित्त बुझे’पछि नै मानिसले आफ्ना सारा उर्जाहरूलाई जोडेर–संयोजन एकोहोऱ्याएर परिचालन गर्छ । परिणामस्वरूप कुनै पनि कुरा हासिल गर्न मानिस लागिपर्छ र हासिल गरिछाड्छ । सफल मानिसको रहस्य पनि यही हो । ‘चित्त’ बुझेमात्र कुनै पनि काम गर्ने, नत्र नगर्ने गरे जसले पनि आफुले ‘ताकेको’ वा चिताएको पुग्छ । मन्दिरहरूमा वा पूजास्थलमा मानिसले ‘वर’ माग्ने वा ‘योगा’ गर्ने वा ‘ध्यान’ गर्ने पनि (कतै अलमल नगरी) एकोहोरो हुनको निम्ति यही ‘चित्त’ लाई गरिने तालिम हो ।

५) दैव नै कमारो (The Devine Enslave) - मनभित्रको ‘चित्त’ लाई एकोहोऱ्याउनका निम्ति ‘ईश्वर प्रानिध्यान’ (ईश्वरलाई समेत सेवक बनाउने) योग गर्नुपर्छ भनिन्छ । यो योग गरे ईश्वरलाई समेत आफ्नो निम्ति भनेजस्तो कामहरू गर्ने कमारो बनाउन सकिन्छ । यसैले योगी–ध्यानीहरू भन्ने गर्छन्– “शिव मेरो कमारो हो । मेरा निम्ति शिवले सबथोक गरिदिन्छ, जुटाइदिन्छ ।” हुन पनि योगी–ध्यानीहरूसँग केही हुँदैन तर चाहिएको पाएकै हुन्छन् । अर्थात्, चित्तले जे चाहेको छ, जीवनमा त्यो पक्कै हासिल हुन्छ । किनभने चित्त बुझेपछि मानिसभित्र निहित सारा ‘शक्ति’ ‘ऊर्जा’ त्यही चाहेको कुरा हासिल गर्न केन्द्रित हुन्छन् । त्यसैले ‘चित्त’ नै बुद्धि, मानस र अहङ्कारभन्दा माथि, कुनै पनि सोच–विचारहरूभन्दा बलियो, कुनै पनि विभाजनहरूभन्दा पूर्णता भएको सर्वशक्तिमान ऊर्जा हो । यो

हरेक मानवभित्रै हुन्छ । जसले हरेक क्षण घटनाहरू घटाउने र कामहरू गराउने गरिरहेको हुन्छ । यसलाई आफूले भनेजस्तो किसिमले परिचालन मात्र गर्न जान्नुपर्छ । आज जो-जसले जस्तो जीवन बाँचेको छ त्यो (भित्र) चित्तको तहमा उसले आफैँले चाहेरै हासिल गरेको जीवन हो ।

टिप्पणी : उल्लेखित विवरणका आधारमा हेर्ने हो भने 'नेपालमा सामजिक विविधता छ' भन्नुको अर्थ 'फरक-फरक बुद्दि, मानस, अहङ्कार र चित्त भएका मानिसले भरिएका समाजहरू छन्' भनेर बुझिन्छ । सबैको 'चित्त' बुझेमात्र तिनको बाँकि उर्जाहरू (बुद्धि, मानस र अहङ्कार) पनि मुलुकको प्रगति-उन्नतिको काममा जुट्छ, नत्र बाधा-अवरोध (चाहे त्यो राजा होस् या सरकार होस् या सैनिक डिक्टेटर होस) गर्ने निकाय, राजनैतिक व्यवस्था, अर्थतन्त्र, शैक्षिक तथा सामजिक प्रणालीहरूलाई बदल्न, उखेलेर फाल्न नै सबै मानिसको बुद्धि, मानस, अहङ्कार, चित्त युद्धस्तरमा दिनरात लागिरहन्छन् र सबैको 'चित्त' बुझ्ने अवस्था आएपछि बल्ल 'राजनैतिक स्थिरता' हुन्छ । जुन 'स्थिरता' कुनै पनि मुलुकको उन्नति-प्रगतिको निम्ति पूर्वशर्त हो । नेपालमै बनेका सुन्दर मन्दिरहरू लिच्छवीकालमै किन निर्माण भए ? भनिन्छ नेपालको इतिहासमा सबैभन्दा शान्तिपूर्ण अवस्था लिच्छवीकालमै थियो । परिणामस्वरूप सुन्दर मन्दिरहरूले भरिएको शहरहरूको निर्माण भयो ।

तर, नेपालको इतिहासमा धेरैजसो समाजका (शासक बाहेक) अरू समूह र समुदायको चित्त बुझ्ने किसिमले धेरै शासकले काम गरेनन् । यही कारण हो, जसले गर्दा नेपाली जनता आफ्नो चित्त बुझ्ने किसिमको अवस्था आउन नदिनेहरूको विरुद्धमा आफ्ना मन, वचन, कर्म सबै लगानी गरेर लडाइँमा सामेल हुँदै आएका छन् । यो हिजो राणाका विरुद्ध, पञ्चका विरुद्ध, राजाको निरङ्कुश शासनका विरुद्ध लामो समय लागेर विकसित भएको जनताको सङ्घर्षशील 'डीएनए' र 'एन्टीबडी' पनि हुन् । जनताका शरीरका यिनै डीएनए र एन्टीबडीहरू आजका नयाँ शासकहरूमा निहित 'असमावेशी व्याक्टेरिया' हरूलाई ध्वस्त पार्न 'बम' भएर पड्किरहेछन् । जनताको चित्त नबुझेसम्म यही 'चित्त' ले जनतालाई सङ्घर्षमा सामेल गराइरहनेछ र हुँडारजस्ता आसमावेशी शासकहरूहरू संसारबाट हार्दै जाने कुरा (समय लाग्ला, तर) निश्चित छ ।

■■

*सङ्कलक : राजनप्रसाद प्याकुरेल*
*स.प्रशासकीय अधिकृत, नुवाकोट वितरण केन्द्र*

वाई. आर. घले

# तीन मुक्तक



जीवनमा कतै, कहिल्यै भूल नगर्नू– भन्थिन् आमाले
बाटो जस्तो भए पनि मूल नछाड्नू– भन्थिन् आमाले
जीवनका यति र गतिमा म ती कुराहरू सम्झँदै रहेँ
जस्तो समयमा पनि तुल नछाड्नू– भन्थिन् आमाले ।

■■

जीवनका हरेक झरीमा ओढायौ छाता तिमीले
जीवनका हरेक मोडमा बढायौ नाता तिमीले
रहोस् सधैँ जीवनका हरेक पलमा तिम्रो साथ
जीवनका हरेक हिसाबको राख्यौ खाता तिमीले ।

■■

सुवासित मेरो देशको माटो अन्त कहाँ पाऊँ ?
सुन्दर मेरो देशको बाटो अन्त कहाँ पाऊँ ?
जननी जन्म भूमिश्चः स्वर्गादपि गरियसी
जन्मभूमिको यस्तो पाटो अन्त कहाँ पाऊँ ?

■■

# नेपाल विद्युत प्राधिकरणको अनुरोध

- विद्युतको अनाधिकृत प्रयोग गर्नु/चोरी गर्नु कानूनी र सामाजिक अपराध हो।
- विद्युत सम्बन्धित कार्य जोखिमपूर्ण हुन्छ, जानेर मात्र चलाऔं।
- विद्युत दूर्घटना संयोग होइन, सुरक्षाप्रतिको बेवास्ता हो, सवैजना संवेदनशील होऔं।
- विद्युतीय मर्मत संभारका काम गर्दा अनिवार्य सुरक्षा उपकरणको प्रयोग गरौं।
- विद्युतीय मर्मत संभारमा संलग्न सवैले संवेदनशील भइ सत्प्रतिशत दायित्व निर्वाह गरौं।
- गुणस्तरिय विद्युतीय सामग्री प्रयोग गरौ, घरायसी विद्युत दुर्घटनावाट बचौं।
- गुणस्तरिय विद्युत चुस्त व्यवस्थापन, सहज सेवा हाम्रो अभियान।
- विद्युतीय भान्छा विद्युतीय यातायात, हराभरा वातावरण खर्चमा किफायत।
- विद्युत महशुल अब अनलाइन भुक्तानी गरौं।(Fast, Cashless, Errorless & Safe)
- विद्युत महशुल समयमै भुक्तान गरी छुट सुविधा लिऔं, जरिवानावाट बचौं।
- ग्राहकको सेवामा अतिरिक्त समय लिनेछैनौं, गुनासोको अवसर दिनेछैनौं।
- गुनासो भए ११५० मा जानकारी गराऔं।

नेपाल विद्युत प्राधिकरण
स्था. :२०४२
Estd.1985
NEPAL ELECTRICITY AUTHORITY
प्रधान कार्यालय
दरवारमार्ग, काठमाण्डौं



प्रेम राई परीक्षित

# समानताको गीत

युगौँ र युगौँदेखि
वरको रूख
आफूमुनिका झारहरू उखेलेर
आफ्नो चौतारो सम्म बनाइरहन्छ
युगौँदेखि
पीपल स्वार्थी राक्षसझैँ बगैँचामा
डराउँदै उम्रेका नीलकमलहरू निमोठेर
आफ्नो साम्राज्य फैलाइरहन्छ ।

अहँ, चाहँदै चाहँदैन वरको रूख
वनमारा र तीतेपाती
उसको बोटमुनि
समानताको गीत गाऊन्
तीतेपातीहरू झाङ्गिएर
गाई-गोठालाहरूको ठेस लागेका घाउहरू
शान्त बनाऊन्
यही देखिनसहेर
ऊ हाँगा परपर फैलाउँछ
अझ नपुगेर हाँगाबाट
अरिमठ्ठे जराहरू खसाइरहन्छ ।

अहँ
म मान्न सक्तिनँ यो स्वाभाविकता
कि वरमुनि उम्रनु वनमाराको दोष

पीपलमुनि विरहको बाँसुरी बजाउनु
तीतेपातीको दोष !

ऊ ठान्छ– मलिलो माटो उसको मात्र हो
बिसाउने भन्ज्याङ अनि चौतारो उसको मात्र हो
ऊ भन्छ त्यहाँ पारुहाङको ढोल बजाउन मिल्दैन
ऊ भन्छ त्यहाँ सुम्निमाहरू बिनायो र मुर्चुङ्गा
छिटको सारीमा साकेला नाच्न मिल्दैन
गुयैँलाहरू फुल्नै हुन्न त्यहाँ !

हो, म त्यही सोचिरहेको छु
अब वर, वर हुनुहुन्न
थाँक्रा हुनुपर्छ अङ्गुर र तीतेकरेलाहरूको
पीपल, पीपलमात्र हुनुहुन्न
सहारा बन्नुपर्छ बेलकाँक्रीहरूको
बज्नुपर्छ चौतारोभरि
ढोल, झ्याम्टा, धिमे, खैँजडी, टुङ्ना र डम्फूहरू
घन्किनुपर्छ सनाई, टेम्कुलो अनि दमाहा
पानीको लोहोटाहरूसँगै ।

थकित खलाँतीहरूमा टन्न भरिनुपर्छ हावा
र, जन्मनुपर्छ काला कोइलाहरूबाट
चमचमाउने धारिला खुकुरीहरू
हँसिया र कोदालीहरू
बोल्नुपर्छ निरीह मोफसलका आरनहरू
र, गाउनुपर्छ युगको गीत
प्याउली र लालीगुराँसहरूसँगसँगै !
■■

अच्युतप्रसाद पौडेल 'चिन्तन'

# आन्तरिक पर्यटन, शालीनदी र साँखुको नालीबेली



साँखुबजारबाट एक-डेढ किलोमिटर पूर्वतर्फ शालीनदी-क्षेत्र रहेको छ। प्रसिद्ध नदीकै नामबाट यो क्षेत्र शालीनदी-क्षेत्रको नामले चिनिन्छ। साँखुबजारबाट शालीनदी-क्षेत्रहुँदै पालुबारी एवम् नगरकोट-तेलकोट हुँदै भक्तपुर जोड्ने सडक बनेको छ। हाल त्यहाँ यातायातको राम्रो सुविधा छ।

शालीनदी श्रीस्वस्थानीदेवीको अति पावनपीठ हो। पौषशुक्लपूर्णिमादेखि माघशुक्लपूर्णिमासम्म यहाँ श्रीस्वस्थानीदेवीको व्रत, उपासना गरिन्छ। स्कन्दपुराण, केदारखण्डका अनुसार हरेक हिन्दूधर्मावलम्बीहरूका घरघरमा श्री स्वस्थानीदेवीको व्रतउपासना गर्ने, स्वस्थानी-कथा भन्ने, सुन्ने चलन रहेको छ। स्वस्थानीव्रतकथाअनुसार सत्ययुगमा हिमालयपुत्री पार्वतीले महादेवलाई पति पाउन यो व्रत गरेकी थिइन्। माघस्नान गर्ने क्रममा शालीनदीमा स्नान गरी नजिकै रहेका हरिहरको पूजाआराधना र स्वस्थानीदेवीको पूजा गरेमा इच्छित फल प्राप्त हुन्छ। शालीनदीको जल-अर्चन गर्दैमा पनि शरीरको रोग निको हुने, आरोग्य प्राप्ति हुने, तनमा कान्ति र मनमा शान्ति प्राप्त हुने विश्वास गरिन्छ। अघि यहीँ व्रतउपासना गरेर कुरूप भएकी चन्द्रावतीले सुन्दर वदनयुक्त शरीर प्राप्त गरेकी थिइन्।

शालीनदीमा स्नान गरेर चन्द्रावतीले गुमेका आफ्ना पति नवराजलाई पाएकी थिइन्। शरीरमा नवकान्ति प्राप्त गरेर नजिकै रहेको लावण्यदेशकी रानी भएकी थिइन्। गोमानामकी ब्राह्मणीले हराएको आफ्नो पुत्र नवराज प्राप्त गरेकी थिइन्। बिछोड भएका नाग-नागिनीको पुनर्मिलन भएको थियो। धनधान्य र आफ्नो अटल सौभाग्य अनि वैभव प्राप्त गर्न चाहनेहरू श्रीस्वस्थानीको उपासना शालीनदी-क्षेत्रमा बसेर गर्ने गर्छन्। वर्षेनी हजारौँ व्रतालुहरू शालीनदीमा स्नान गर्ने गर्छन्। हातगोडाको नङ काटी, शुद्ध भई, एकभक्तिले रही, नित्य महादेवको पूजा गरी, ठूलो उत्साहका साथ व्रत, उपासना गर्छन्। तिनीहरू व्रतकै क्रममा चाँगुनारायण, पनौती, पशुपतिक्षेत्रसम्म पुग्छन्। व्रतप्रतिष्ठा गर्दै माघशुक्लपूर्णिमामा

श्रीस्वस्थानीदेवीको व्रत साङ्गे गरी विशेष यज्ञसमेत गर्छन् । माघमहिनामा शालीनदी-क्षेत्र साँखुशहर नयाँ-दुलहीझैँ झपक्क सिँगारिएको हुन्छ । साँखुलाई पहिले लावण्यदेश भनिन्थ्यो । नवराज राजाले राज्य गरेको क्षेत्र अहिले पनि सुन्दर छ । कुनैबेला यहाँ शङ्खदेवनामक राजाले राज्य गरेका थिए भन्ने भनाइ छ । यसअर्थमा यहाँको नाम शङ्खपुर र पछि शङ्खरापुर भनिन थाल्यो । शङ्खरापुर पछि अपभ्रंश हुँदै साँखु नामले चिनिन पुग्यो ।

शालीनदी-क्षेत्रमा प्रसिद्ध माधवनारायणको मूर्ति, ठूला-ठूला पाटी र सत्तलहरू छन् । यहाँ सधैँजसो कथाप्रवचनहरू भैरहन्छन् । ४०० मिटरजति दक्षिण समथरक्षेत्रमा चन्द्रावतीको शिला छ । स्वस्थानीकथाअनुसार त्यहाँ चन्द्रावतीलाई डोलीमा बोकेर ल्याउँदा हावा-हुरीमा परी लडेका डोलेका शिलाहरू पनि छन् । चन्द्रावती बस्ने सानो छाप्रो (कुटी) पनि छ । स्वर्गदेखि अप्सराहरू आएर यहाँ माघस्नान र श्रीस्वस्थानीदेवीको पूजा-उपासना गरेकाले यो क्षेत्र पुण्यक्षेत्र भएको हो । यसैक्षेत्रमा बसेर चन्द्रावतीले स्वस्थानीदेवीको उपासना गरेकी हुन् । सुवर्ण वर्णकी, तीन नेत्रधारी, प्रसन्न मुद्रामा रहेकी, कमलनयनी, सिंहासनमा बसेकी, ४ हात भएकी श्रीस्वस्थानीदेवीलेक सम्पूर्ण भक्तहरूको मनोकाङ्क्षा पूरा गर्छिन् भन्ने जनविश्वास रहेको छ । एक हातमा नीलकमल, अर्को हातमा शङ्ख, अर्को हातमा ढाल अनि अर्को हातमा वरदमुद्रा लिएकी देवीले आमभक्तहरूको सदिच्छालाई साकार पार्छिन् । स्वस्थानीको शाब्दिक अर्थ हुन्छ– आ-आफ्नो स्थानमा बसेर आ-आफ्नो भूमिका र कर्तव्य निर्वाह गर्नु, पथभ्रष्ट नहुनु, कर्तव्यच्यूत नहुनु, सम्पूर्ण क्षेत्रबाट सबैले आ-आफ्नो पदीय आचरण, मर्यादाअनुकूलको विधि-व्यवहार गर्नु । यसो गर्न सकेमा सबैतिरका जनताको कल्याण हुन्छ ।

साँखु (शङ्खरापुर) प्राचीन समयदेखि नै पावनक्षेत्र हो । काठमाडौँको उत्तरपूर्वी क्षेत्र साँखु सिन्धुपाल्चोक जिल्ला-लप्सेफेदी- नाङ्लेभारे- फटकशिलातर्फ जाने प्रवेशद्वार नै हो । बजारको उत्तरढोका बाहिरपट्टि प्रसिद्ध ६४ ज्योतिर्लिङ्गमध्येको पावन ज्योतिर्लिङ्गेश्वर मन्दिर रहेको छ । परम्परागत शैलीमा निर्मित यो मन्दिरमा सुनको जलप लगाइएको गजुर छ । इँटाको गारो, झिँगटीको छानो भएको दुईतले कलात्मक मन्दिरलाई ज्योतिर्लिङ्गेश्वर मन्दिरको नामले चिनिन्छ । नित्य पूजा-आरती भइरहने यो मन्दिरको पूर्व, दक्षिण र उत्तरसमेत तीनैतिर सडकले छोएको छ भने उत्तरपट्टि खालि जमिन कैलाशक्षेत्र छ । गणेश, शिव, देवीहरूका मन्दिर पनि रहेको यो क्षेत्रमा शालीनदी स्नान गरी यहाँ विशेष

पूजा गर्नेहरूको भीड लाग्छ । शिव र शक्तिको संयुक्त उपासना गर्ने नेपाली परम्पराअनुसार शिवजी विराजमान रहनुभएको यो क्षेत्रमा दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्छ । वैशाखशुक्लपूर्णिमाका दिन यस मन्दिरपरिसरमा विशेष पर्वपूजा हुने गर्छ । स्कन्दपुराण, हिमवत्खण्ड, नेपालमाहात्म्य अध्याय १२२ अनुसार सनातनकुमारले विशेष व्रत-उपासना गरेपछि शिवजी खुसी भएर वरदान माग्न भन्नुभयो । साथै सनातनकुमारलाई चिरञ्जीवी हुने वरदान पनि दिनुभयो । सुरुमा ब्रह्माजीबाट सृष्टि भएका छ कुमारमध्येका सनातनकुमारले शिला स्थापना गरी यहाँ बसेर शिवजीको तप गर्नुभएको थियो । शिव प्रकट भई सनातनकुमारलाई वरदान दिएपछि सनातनकुमारले स्थापना गरेका शिलाको नाम ज्योर्तिर्लिङ्गेश्वर भएको हो । एकपटक आफ्नो कर्तव्यच्यूत भएर कुसङ्गतका कारण दुराचारी भएका एक ब्राह्मण मृत्युपछि चराको मुख लिएर अशुचियोनिमा जन्म लिन पुगेछन् । के कारणले चराको जस्तो मुख भएको अशुचियोनिमा जन्म भएको होला भन्ने खोज-अनुसन्धान गर्ने क्रममा उनले एक त्रिकालदर्शी ब्राह्मणलाई भेटेछन् । पूर्वजन्ममा आफूले गम्यागम्य, भक्षाभक्ष, पाप-पुण्यको कुनै परवाह नगरेका कारण यस्तो भएको कुरो ज्ञात भएपछि त्रिकालदर्शी ब्राह्मणको उपदेशअनुसार यसै ज्योतिर्लिङ्गेश्वरको उपासना गरेर आफू शुद्ध भएछन् । त्यसै बेलादेखि यस शिवलिङ्गको उपासना गर्न थालिएछ । आफ्नो शरीर शुद्ध र मन पवित्र राख्न चाहनेहरू यहाँ दर्शन, पूजा-आरती, रुद्रीपाठ गर्न जान्छन् ।

यस वर्षको स्वस्थानी आरम्भ र शालीनदी मेला यही पुस २५ गतेदेखि प्रारम्भ भएको छ । १ महिनासम्म चल्ने यस पर्वमा साँखुको शालीनदी तीर्थको भ्रमण गर्नेहरूको विशेष घुँइचो लाग्ने गर्छ । पङ्क्तिकारले वच्पनदेखि नै यहाँ हुने मेलाका बारे प्रत्यक्षः नियाल्ने गरेको छ । केटाकेटी उमेरको झल्को आउँछ– महिनाभरिको मेलामा हजारको अङ्कमा मात्र दान-भेटी खर्च-वर्चको कुरा हुन्थ्यो; यस वर्ष श्री माधवनारायण स्वस्थानी तथा शालीनदी सुधार समितिले रु. ६१ लाख ८३ हजार आम्दानी गरिसकेको रहेछ र यस वर्ष सुरु हुने मेलाबाट रु १ करोड रकम जम्मा गर्ने लक्ष्य तोकेको रहेछ । शङ्खरापुर नगरपालिकाले त रु. ३१ लाख ३१ हजार अनुदान रकम दिइसकेको खबर बाहिर आएको छ भने अन्य स्रोतमा गुठी संस्थान, वन कार्यालय, अन्य सरकारी एवम् गैर सरकारी निकाय र भक्तहरूको दान-भेटीको रकम बुझिएको छ । यस वर्ष नेपाल भ्रमण वर्ष पनि परेकाले त्यहाँ आन्तरिक र बाह्य पर्यटकहरूको विशेष भीड लाग्ने कुरामा दुई मत नहोला ।

कलियुगमा सदा यज्ञ, हवनादि कार्य सम्भव हुँदैन । पर्वविशेषको तीर्थस्नानबाट यसको पूर्ति हुने कुरा शास्त्रहरूले पुष्टि गरेका छन् । स्वस्थानी-श्रवण, माघस्नान एवम् शालीनदीलगायत विभिन्न क्षेत्रहरूमा गरिने पुण्यकर्मले सत्य, त्रेता, द्वापर आदि युगविशेषमा मानवले गर्ने सत्कर्मको फल प्राप्त हुने हुन्छ । मानवजीवनको उषाकाल सत्ययुग हो, ज्ञानको आरम्भको समय त्रेतायुग हो । ज्ञानको प्रयोगको समय द्वापरयुग हो । कलियुग धर्म र कर्म दुवैको समय हो ।

स्नानले तनशुद्धि, दानले धन शुद्धि, ध्यानले मनशुद्धि हुन्छ । दानमा महिना विशेष, समय विशेष तोकिएको छ । गाई, भूमि, तिल, बस्त्र, सुन, धान्यादि वस्तुहरूको दानले तन, मन, धन सबै पवित्र बन्छ । वैशाखमा जल र अन्नदानको महत्त्व बढी छ भने कार्तिकमा तप र पूजाको अधिक महत्त्व छ । माघमा भने यी सबै पुण्य केवल स्नानले मात्रै प्राप्त हुन्छ । सकाम भावले स्नान गरे मनोरथ पूरा हुने र निस्कामभावले स्नान गरे जीवनमा परमगति प्राप्त हुन्छ । अन्य पुण्यकर्मले स्वर्ग प्राप्ति र पुण्य क्षीण भएपछि स्वर्गबाट फिर्ता हुनुपर्छ भने माघस्नानबाट सदाका लागि दिव्यधाम प्राप्त हुने कुरामा शास्त्रहरूले गर्जन गरेका छन् ।

**माघस्नानबारे एउटा प्राचीन कथा यस्तो छः**

एकपटक पृथ्वीमा लामो समयसम्म वर्षा भएन । सबैले धेरै कष्ट पाए । सम्पूर्ण, वन, वनस्पतिहरू उजाड हुन थाले । फलफूल, अनाज उब्जनी नहुँदा सबै प्राणीहरूलाई धेरै ठूलो समस्या पर्‍यो । अकाल-मृत्यु हुन थाल्यो । समस्त भूमण्डलमाा हाहाकार मच्चियो । नर्मदा नदीतटमा एउटा आश्रम बनाई आफ्ना शिष्यहरूका साथ महर्षि भृगु बस्थे । आश्रम बस्न योग्य नहुने भयो । कैलाशगिरिको पश्चिम मणिकुटनामक पर्वततिर महर्षि भृगु बस्न थाले । हिमालय पर्वतको सो क्षेत्र सुन, हिरा, मणि, जुहारात आदि रत्नले पूर्ण थियो । अनिकालको बेला यही आश्रम बनाउनु उनले उत्तम ठाने । धेरै समय यसै आश्रममा रहँदा एक पटक उनीसमक्ष त्यसै पर्वतबाट झरेर विद्याधर तथा उनकी पत्नी भेट्न आए । दुई दम्पती अत्यन्त मलीन र दुःखी देखिए । महर्षि भृगुले प्रश्न गरे, "तिमी जोडी किन यति दुःखी छौ ?"

विद्याधरले जवाफ दिए, "हाम्रो पुण्यको प्रभावले देवलोक पुग्यौँ । यी मेरी पत्नी रूप र लावण्यले धपक्क बलेकी छिन् तर कुन दुष्कर्मको फलले हो, मेरो रूप भने बाघको जस्तो नराम्रो छ । यिनको तुलनामा म नराम्रो छु र धेरै दुःखी छु । मलाई शान्ति छैन । मनमनले म सदा जलिरहेको छु । कसो गरूँ ?"

महाराज भृगु त्रिकालदर्शी थिए, विद्याधरले ललाटे लिखितम् हेर्दै भन्न लागे, “सुन विद्याधर ! नराम्रो कामको परिणाम सानै किन नहोस्, नराम्रै हुन्छ । तिमीले पूर्वजन्ममा माघमहिनाको एकादशीको व्रत गरेछौ, भोलिपल्ट द्वादशीको दिन शरीरमा तेलको सेवन गरेछौ, एकादशीको व्रत गरेर द्वादशीमा तेल सेवन गर्नाले अघि इलानन्दन पुरुरवाको हालत पनि यस्तै भएको थियो ।”

“उनले हिमालयबाट निस्केकी गङ्गामा स्नान गरेर त्यो दोष निवारण गरेका थिए । तिमी पनि त्यसै गर । विद्याधरले यो कुरा सुन्नासाथ सम्पूर्ण इन्द्रियलाई निग्रह गरेर, कुशासनमा बसेर, हृदयमा भगवान्को ध्यान गरेर, श्रीविग्रहयुक्त नीलमेघ समान श्यामवर्ण, कमलको समान नेत्र, हातमा शङ्ख, चक्र, गदा र पद्मले युक्त, पिताम्बरधारी, कौस्तुभमणिले युक्त, गलामा वनमालाधारी भगवान् विष्णुको स्वरूपलाई सम्झेर, प्राणवायुलाई खिचेर, नाकको अगाडि भागमा दृष्टि दिएर, कुण्डलिनी शक्तिलाई उठाएर सुषुम्ना नाडीमा प्रवेश गराएर एक महिनासम्म निराहार कठिन तपस्या गरे । थोरै दिनमै ईश्वर प्रसन्न भएर ७ जन्मको आराधनाको अभिलेखलाई समेत हेरेर स्वयम् भगवान् विष्णुले प्रत्यक्ष दर्शन दिनुभयो । त्यसदिन संयोगले माघशुक्लपक्षको द्वादशी परेछ । सूर्य मकर-राशिमा रहेछन् । विष्णुले शङ्खजल दिनासाथ महाराजा पुरुरवाले सुन्दर शरीर पाएछन् । रूप मनोहर भएकाले स्वर्गकी अप्सरा आकर्षित भई ऊर्वशीले उनीसँग बिहा गरिछन् । विद्याधर तिमी पनि त्यसै गर । माघमहिना नजिक आइरहेछ । माघको स्नानले सम्पूर्ण पापहरू नष्ट हुन्छन् ।”

पुष्कर, काशी, प्रयाग, गङ्गासागरमा १० वर्षसम्म गरेको पुण्य माघमहिनाको ३ दिनको स्नानले प्राप्त हुन्छ । अक्षय पुण्य चाहनेले त मकर-राशिमा सूर्य रहेको यो माघमहिनाभरिनै प्रातः स्नान गर्नुपर्छ । यसबाट आयु, आरोग्य, रूप, सौभाग्य, उत्तमगुण समेत प्राप्त हुन्छ । नरकको यातना र दरिद्रताको भय नचाहनेले यो व्रतको महिमालाई स्वीकार गर्नैपर्छ । कामधेनुले इच्छा पूरा गरेझैँ माघस्नानले आयु, धन दुवै वृद्धि हुन्छ । सत्ययुगमा तपस्याको, त्रेतायुगमा ज्ञानको, द्वापरमा पूजाको महत्त्व भएझैँ कलिमा दानको महत्त्व छ र सबै युगको कर्मको महत्त्व माघस्नानले बढी छ । विद्याधरले माघस्नान गरे, देवमुख प्राप्त गरेर आनन्दपूर्वक मणिपर्वतमा रहे । उता महर्षि भृगु सो आश्रमतर्फ फर्के । माघमासमा शालीनदीको स्नान विशेषरूपमा पुण्यदायी मानिन्छ । काठमाडौँको पूर्वउत्तरतर्फ रहेको साँखुक्षेत्रमा पर्ने शालीनदीमा अघि चन्द्रावतीले स्नान गरेर आफूले सुखभोग प्राप्त गरेकी

थिइन् । यहाँ चन्द्रावतीको शिला अझै छ । चन्द्रावती बस्ने सानो कुटी (छाप्रो) अझै देखिन्छ । शालीनदी-क्षेत्रमा हरिहर, माधवनारायणका शिला एवम् मूर्तिहरू रहेका छन् । गरुड, हनुमान, सत्यनारायण आदि र ठूला, साना सत्तल, पाटीहरू पनि छन् । त्यहाँ श्री स्वस्थानीको विशेष आराधना, पूजा हुने गर्छ । व्रतालुहरू धेरै हुन्छन् । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्नमुद्रामा रहेकी, कमलनयनी, सिंहासनमा बसेकी, चारहात भएकी सम्पूर्ण भक्तहरूको इच्छापूर्ति गर्ने देवीका रूपमा श्री स्वस्थानीको व्रत-उपासना गरिन्छ ।

स्वस्थानीको उपासनाको मूल उद्देश्य सबैले आ-आफ्ना स्थानमा बसेर आ-आफ्नो कर्तव्य गर्नुपर्ने कुराको सङ्केत पनि हो । कर्तव्यच्यूत हुँदा दुःख, कष्ट हुने कुरा पनि स्वस्थानी व्रतकथाका पात्रहरूबाटै हामीलाई जानकारी हुन्छ । साँखु शालीनदीको मूल प्रवेशद्वार हो । अघि शङ्खदेव राजाले राज्य गरेका, शङ्खपुर पछि शङ्खरापुर भएको र पछि अपभ्रंश हुँदै जाँदा साँखु भएको हो भनी इतिहासविद्हरूले बताएका छन् । साँखुलाई लावण्यदेश र श्री स्वस्थानीकै प्रसङ्गअनुसार नवराजले राज्य गर्ने गरेको पनि बुझिन्छ । वज्रयोगिनीदेवीबाट संरक्षित साँखुक्षेत्र रमणीय छ ।

■■

केदार सितु

# परिवर्तन



टोलमा सबैलाई थाहा छ– ऊ एउटा अराजनीतिक मान्छे हो।

राजनीतिबारे उसलाई पटक्कै ज्ञान छैन।

त्यसैले, उसले नेताहरूको भाषण पनि सुन्न जाने गर्दैन।

उसले अहिलेसम्म नेताको भनेर एउटा पनि भाषण सुन्न गएको छैन।

तसर्थ, उसलाई नेता भनेको के हो ? कसलाई नेता भनिन्छ ? अनि, के भयो भने नेता होइन्छ ? भनेर पनि थाहा छैन।

ooo

उसलाई सबैभन्दा मनपर्ने विषय सिनेमा हो।

एउटै सिनेमा दश चोटि र पन्ध्र चोटिसम्म हेर्नु उसको खूबी हो।

पाँच चोटिभन्दा कम गरेर उसले फिल्म हेरेको छैन।

उसलाई सबैभन्दा मनपर्ने हिरो देवानन्द हो।

हिरोइनमा उसलाई मधुवाला सबैभन्दा मन पर्छिन् अनि स्वरमा कुन्दनलाल सहगल।

ooo

केही महिनाअघि मात्र ऊसित एक टि.भी. कार्यक्रमवालाले एउटा अन्तर्वार्ता लिएको हो।

टि.भी.वालाले उसलाई प्रश्न राखेको हो, "देशको परिवर्तित प्रजातान्त्रिक विकासको अभ्यासलाई तपाईंले कसरी हेर्नुभएको छ ?"

उसले दिएको जवाफ टि.भी.वालालाई चित्त बुझेन कि कसो, टि.भी.मा उसको अन्तर्वार्ता प्रसारण भएन।

सायद सेन्सर भयो !

उसको अन्तर्वार्ता टि.भी.मा नआएको कुरा उसलाई उसका टोलवासीहरूले भनेका हुन्।

आज ऊ टि.भी.मा सेन्सर पनि भयो ।

उसको अन्तर्वार्ता टि.भी.मा किन प्रसारण भएन; उसले त्यत्ति चिन्ता लिएको पनि छैन ।

उसलाई यसको चिन्ता पनि छैन ।

उसलाई त उसले अस्ति टि.भी.वालालाई के जवाफ दिएको हो त्यो पनि सम्झना छैन ।

ooo

तर, टि.भी.मा उसको अन्तर्वार्ता प्रसारण नभएकाले उसका टोलको राजनीतिक परिवृत्तमा भने अलि हलचल भयो ।

टोलका राजनीतिक मानिसहरू ऊप्रति अलिक बढी आकर्षित भएका देखिए ।

सबैले ऊसित भेट्दाखेरि सोध्ने गरे, "त्यस्तरी के जवाफ दियौ ?"

तर, ऊ आफैँ निरुत्तर ।

उसले के भनेको हो; उसलाई नै सम्झना रहेन । जवाफमा उसले हात पल्टाएर "खै !" मात्र भन्ने ।

ooo

तर, राजनीतिक वृत्तलाई भने उसले त्यहाँबाट थाहा नपाउने गरी तानेको देखियो । प्रजातान्त्रिक वातावरणमा सेन्सर एउटा आकर्षण भएको रहेछ ।

तर, उसलाई आफ्नो अन्तर्वार्तामा लगाएको सेन्सरभन्दा फिल्ममा लगाउने सेन्सरप्रति अधिक चिन्ता छ ।

अस्तिमात्र रिलिज भएको एउटा फिल्ममा कतिपय फूटसीन सेन्सरबोर्डले काटिदियो भनेर उसको टाउको दुखेको छ ।

ooo

देशमा बहुदल आएको दिन उसले बहु बेगम फिल्म हेरेको रे !

त्यसैले, उसले बहुदलको चर्चा हुँदा बहु बेगमको कुरा जोड्ने ।

उसलाई बहुदलमा भन्दा बढी बहु बेगममा रुचि छ ।

अस्ति एउटा पुरानो श्यामश्वेत फिल्मलाई रङ्गीन बनाएर फेरि निकालेको फिल्म हेरेर ऊ अत्यन्त आश्चर्यचकित भएको हो ।

देशमा आएको राजनीतिक परिवर्तनले उसलाई कुनै किसिमको अनुभव भएन । तर, फिल्ममा आएको परिवर्तनप्रति ऊ सचेत छ ।

पहिला वेश्याहरूमात्र हिरोइन हुने रे; अहिले ठीक त्यसको उल्टो भयो रे !

ooo

चुनावको तिथि अगाडि आयो ।

चुनाव अगाडि आएदेखि हरेक क्षेत्र, इकाईमा राजनीतिक गतिविधि बढ्दै आए । नेताहरू टोल-टोलमा आएर भाषण दिँदै हिँडे ।

एकपल्ट त नाईं-नाईं भन्दा पनि नेताहरूले भाषण दिन आएको ठाउँमा टोलवासीहरूले उसलाई तानेर लगे । तर, ऊ त्यहाँबाट चुरोट खाने बहाना बनाएर भागिआयो ।

एक दुई दिन उसको टोलमा पनि चुनाव प्रचारप्रसार समिति गठन गरियो । टोलमा सबैभन्दा ज्येष्ठ (७५ वर्ष) भएको नाताले उसलाई समितिको नायक बनाइयो ।

उसले कति अस्वीकार गर्दा पनि उसलाई नायक बनाएरै छाडियो ।

यसबाट सेन्टिमेन्ट-भोट बढी आउँछ रे !

ऊ अहिले टोलको नेता भयो ।

उसले मनमा राख्यो– नेता भनेको यही हो ।

नेताहरूले टोलमा भाषण दिन आउँदा उसको नामको अगाडि ‘कमरेड’ शब्द जोडेर सम्बोधन गर्ने भए ।

ooo

चुनावको सिलसिलामा उसको टोलमा विपक्षी पार्टीको चुनाव प्रचारप्रसार समिति पनि गठन गरियो । सबैभन्दा ज्येष्ठ भएकाले विपक्षी पार्टीका मानिसहरूले पनि उसलाई आफ्नो समितिमा भित्र्याए ।

दुईटै समूहले उसलाई अब आफ्नो भाषणमा उभ्याउन ल्याउने भए ।

दुईटै समूहका बैठक, सभामा ऊ सहभागी हुनुपर्ने भयो ।

पार्टीका नेताहरूलाई उसको सहभागिता देखाउनुपर्छ रे !

यसबाट उसको फिल्म हेर्ने क्रमलाई भने अवरुद्ध गरिदियो ।

दुई पार्टीमा नै ऊ अब शो-पीस भएर दौडादौड गर्न थाल्यो ।

ooo

एक दिन उसको टोलमा दुई पार्टीको भाषण एउटै समयमा जुध्यो ।

दुईटै समूहले उसलाई बोलाउन आए । यद्यपि ऊ दुईतिरै जान तयार ।

तर, उसलाई बोलाउन आउनेहरू भने तयार छैनन् ।

उसले दुई समूहका युवाहरूलाई सम्झाएर भन्यो, “अब के भयो र बाबूहरू ! म पालैपालो दुईतिरै आउँला ।”

तर, उनीहरू कोही पनि तयार छैनन् ।

दुईटै समूहले नै दाबी गरिरहे कि– ऊ उनीहरूको पार्टीको हो ।

समस्या झन्झन् बढ्दै गयो । त्यत्तिकै सुल्झिएला जस्तो भएन ।

दुई समूहबीच ठाकठुक पनि सुरु हुन थाल्यो । स्थिति तनावपूर्ण भयो ।

ऊ दुई समूहबीच स्याण्डवीच भइदियो ।

ooo

अन्ततः उसले दुईतिरै नजाने आफ्नो विचार पोख्यो ।

उसको निर्णयपश्चात् एक समूहले उसलाई गद्दारको सङ्ज्ञा दिएर गयो, अर्को समूहले प्रतिक्रियावादी ।

हुन त उसले अहिलेसम्म यस्ता आरोप-प्रत्यारोप थाप्नुपरेको थिएन ।

तर, यो उमेरमा आएर गद्दारको आरोप थाप्नुपर्‍यो ।

तर, उसले प्रतिक्रियावादीको अर्थ भने बुझ्न सकेन ।

ooo

तर, उसले एउटा कुरा के बुझ्यो भन्देखिन् परिवर्तन वा विकास भनेको सायद यस्तै हो–

श्यामश्वेत फिल्मलाई रङ्गीन बनाएर देखाउन मिलेजस्तो ।

■■

*(नेपाल भाषाबाट अनुवाद : रासा)*



## युवराज नयाँघरे

# के त्यो प्रेम थियो ?

छत्तीस सालको जनमत-सङ्ग्रहको जगजगी ।

मैले तीन कक्षा पास गरी चार कक्षामा भेटेँ– शान्तिलाई । ती गोरी, अग्ली, सुकिली, लामो कपाल भएकी, दुई चुल्ठे कपाल बाटेकी– शान्ति । मेरी कक्षाकी साथी उनी ।

काँकडभिट्टाको पश्चिम-दक्षिणको डाँडामा छ– काँकडभिट्टा हाइस्कुल ।

तीन कक्षा मैले धेरै पढ्नै परेन– यस्तै दुई-तीन महिना; पढाइ नै पूरा नभई जाँच भएर म चारमा पुगेको थिएँ ।

'राजा फ्याँक्ने र राजा राख्ने !' का जुलुस दिनदिनै हुन्थे त्यो बेलामा काँकडभिट्टामा । बहुदल र निर्दलका बन्द/हड्तालले पूरै डामाडोल भएको थियो– त्यो बेला हाम्रो पढाइ ।

चार कक्षा पुगेको पहिलो दिनमै दिउँसोतिर एउटी एकदमै सुकिली केटी लिएर धर्मेन्द्र सर कक्षामा पस्नुभयो ।

"यिनी शान्ति हुन् !" सरले हाम्रो अघिल्तिर उभिएकी ती गोरी केटीलाई चिनाउनुभयो ।

'कता पो राखिदिनु... !' सरका आँखा यताउता कुदे ।

"सर ! इवराजको छेउमा......!" सबैले एउटैजस्तो स्वरमा भने ।

धेरैजसो मेरो नाम शुद्धसँग भन्न जान्दैनथे ।

"ठीक छ । तिमी यहीँ बस । यी पढ्नमा पनि जान्ने छन् । फेरि, वरपरका कुरा भन्न पनि माहिर छन् । तिमीलाई पढ्नमा सघाउँछन् ।"

सरले ती सुकिली केटीलाई मेरो छेउमा राखिदिनुभयो ।

मैले चोरेर हेरेँ– उज्यालो अनुहारकी ती सुकिलीलाई । मगमग वासनादार तेल लगाएर आएकी थिइन् तिनले । ती पढाइमा ठीकै रहिछिन् । अक्षर राम्रा थिए ।

तिनको सफा लुगा एकदमै मन पऱ्यो मलाई । सेतो सर्ट, सफा, टिलिक्क, नखुम्चिएको । सर्टका बाहुलामा साह्रै राम्रो आइरन दलिएथे । नीलो

घुँडासम्मको फ्रकमा पनि धारिला क्रिज हुन्थे आइरन दलिएका ।

म आफ्नो धोक्रो हाफ पेन्ट हेर्थेँ– सखुवाको मुढोजस्तै । सोलोडोलो एउटै । बाहुनले हालेको रेखी असिना-पानीले लतपताएर कता हो कता पुऱ्याएको जस्तो मेरो हाफ पेन्टको क्रिज ।

"सँगै बस्नू है तँ ! यताउताका कुरा पनि बताउनू शान्तिलाई !" सरले मलाई भोलिपल्टै भन्नुभयो । अनि, मैले उनलाई छोड्नै मिलेन ।

कक्षामा उनी प्रायः नबोल्ने । एकदमै शान्त स्वभावकी । नाम र आनिबानी एउटै । यसो कालोपाटीतिर हेर्ने, नभए अन्यत्रतिर मुन्टो चलाएको पनि उनले उत्ति साह्रो देखिनँ ।

स्कुलसँग जोडिएको छ मन्दिर ।

म हरेक दिनको टिफिन खान जाँदा शान्तिलाई लिएर स्कुलपछाडि जान्थेँ । झ्याम्म परेका पोथ्राछेउमा उनी खुट्टा पसारेर बस्थिन्; टिफिनबट्टा खोलेर खुरुखुरु खाजा खान्थिन् । म उनलाई उत्तरपट्टिको बाहुनडाँगी देखाउँथे ।

"हात्तीहरू आएर धानबाली खत्तम पार्छन् । उता पारि नक्सलबारीको चियाबारीबाट आएका हात्तीले घर लडाउँछन् । राति-राति आउँछन् नि हात्ती ! पोहोर त एउटी बूढीलाई पनि हात्तीले किचेर माऱ्यो ।" बाहुनडाँगीतिर देखाएर मैले भनेँ । अनि, निबुवाको पात चुडेर खाएँ । पिरो-पिरो त्यो पात मलाई मन पर्थ्यो ।

अर्को दिन फेरि टिफिनको खाजा खान त्यही बोटमुनि पुगियो । उनी त्यसै गरी खुट्टा पसारेर खाजा खान्थिन् । मैले दक्षिणतिरको फाँट देखाएर भनेँ– "सत्तीघट्टा त्यतै पर्छ । राजकुमारको बगान त्यतै छ ।"

उनले मुन्टो हल्लाउँदै खाजा खाइन् ।

कहिलेकाहीँ खाजा धेरै हुन्थ्यो क्यारे ! उनले खाइनसक्दै घन्टी बजिसकेको हुन्थ्यो । कुद्दै कक्षाभित्र पस्दा सर आइसक्नुभएको हुनुहुन्थ्यो ।

शुक्रवार खाजा खान जानुपर्दैनथ्यो किन भने बाह्र बजे नै छुट्टी हुन्थ्यो ।

आइतबारदेखि बिहीवारसम्म मैले निबुवाको बोटमुनि लगेर शान्तिले खाजा खाउन्जेलमा वरपरका धेरै कुरा बताउँथे ।

एक दिन पश्चिमपट्टि देखाएर भनेँ, "काली खोलापारि पत्तालगङ्गा छ । त्यहाँ पानी भुलभुल मास्तिर आउँछ । आ'को आ'कै गर्छ । जस्तै गर्मीमा पनि एकदमै चीसो पानी हुन्छ ।"

उनले अचम्म मानेर आँखा झन् ठूला पारिन् । मेरा कुरा उनी चाख मानेर सुन्थिन् । खाजा खानै बिर्सिन्थिन् ।

घण्टी लाग्दा पो हतारिँदै खाएर बट्टा बोकेर कक्षामा पुग्थ्यौँ हामी । कत्ति धेरै स्वाँ-स्वाँ हुन्थ्यो त्यतिखेर ।

अर्को दिन मैले पूर्वतिर देखाएर भनेँ, "तिमी मेची खोला गएकी छौ ?"

"अहँ !" उनले टाउको हल्लाएर नगएको कुरा भनिन् ।

"कत्रो ठूलो खोला छ । बगर पनि कत्रो ठूलो छ । बगरमा काँसैकाँस छ । म त गाई चराउन पनि गएको छु । ओहो, खोलामा कत्ति धेरै पानी ! साथीहरू त गोल नि खेल्छन् चौरमा ! मोजाको गोल !"

शान्तिका आँखा उज्याला भए मेरा कुराले ।

एउटै कुराले टिफिनको टाइम बितिसक्थ्यो । उनी मेरा कुरामा लीन थिइन् ।

उनी बट्टाको खाजा खान्थिन्– म चुटुक्क टिप्थैँ निबुवाको पात । कहिले चुसेर फ्याक्थैँ, कहिले अलि-अलि खाएर थुक्थैँ ।

एक दिन पश्चिमतिर देखाउँदै भनेँ, "ऊ त्यो खाल्डो छ नि, त्यहीँ हो नि मेरो हाफ पेन्ट सिलाएको । त्यो भन्सार हो । त्योभन्दा पछाडि आया बारी, इँट्टाभट्टा पर्छन् ।"

उनी सुनिरहेकै हुन्थिन् ।

अर्को दिन उत्तरतिरकै धेरै परतिर औँला चुच्याएर भनेँ, "त्यो टोकला चियाबगान हो । एकदमै ठूलो छ । इलामसम्म छुन्छ रे त्यो बगानले ।"

मैले टोकलाको बयान गर्दा चार-पाँच वटा निबुवाको पात खाइसकेको थिएँ । मेरो खाजा त्यही थियो ।

उनी बट्टामा रहेको भुटेको, तारेको अनेक प्रकारका खाजा खान्थिन् । चाउमिन र कुखुराका फुल रहरलाग्दा गरी तारेर हालिएको देख्थैँ उनका खाजाका बट्टामा ।

कुनै एक आइतबार हुनुपर्छ । म र शान्ति टिफिनमा त्यही निबुवाको फेदमा गयौँ ।

"हाम्रा ठूलाबा-आमा त चिनी किन्न नक्सलतिर जान्छन् । धेरै-धेरै चिनी ल्याएर यता बेच्छन् !" मैले घरको कुरा भनेँ ।

त्यो बेला पारि भारतबाट चिनी ल्याएर नेपालमा बेच्ने चलन थियो । त्यो कुरा सर्लक्कै भनेँ ।

उनले निकै ध्यान दिएर सुनिन् मेरा कुरा । गफको तालमा उनले खाजा खाइन् । मेरो खाजा त उही निबुवाको पात !

हामी निबुवाको झाङ अघिल्तिर बसेका हुन्थ्यौँ । त्यसको छायाले शीतल दिन्थ्यो । हाम्रा ढाडपट्टि निबुवाको रूख हुन्थ्यो । गफको तालमा म निबुवाको पात चुँडेर खान्थेँ– शान्ति खान्थिन् टिफिनको अघाउँजी खाजा ।

एक दिन मैले दक्षिणतिरको बगरपट्टि देखाएर भनेको थिएँ, “शान्ति ! कालीखोलापारिका केटीले घडी बोकेर पानीट्याङ्कीबाट आएका रहेछन् । पुलिसले सबै समातेछ ।”

त्यो बेला धुलाबारीमा बिक्री गरिने चाइनिज घडीहरू सिलिगुडी, नक्सल, पानीट्याङ्की पुऱ्याउने गरिन्थ्यो । त्यताका गफमा भुलेर मैले निबुवाको चार-पाँच पात खाइसकेको थिएँ ।

करिब छ महिनापछि एक दिन कक्षामा देखा परिनन्– शान्ति । शान्ति नआएपछि म निकै खिन्न भएँ । टिफिनमा त्यत्तिकै निबुबाको बोटको एक फन्को लाएर आउँथेँ म । बस्ने मनचैँ कत्ति नि भएन ।

“अब उनी आउँदिनन् । उनका बाबु भन्सारका हाकिम थिएँ । हाकिमको सरुवा भयो ।” कक्षामा धर्मेन्द्र सरले एक दिन भन्नुभयो ।

शान्ति नभएपछि म निबुवाको बोटमा जानै छाडिसकेको थिएँ । मलाई त्यता जानै मन लाग्दैनथ्यो ।

एक हप्तापछि कसो-कसो म पुगेछु निबुवाको बोटछेउमा ।

मैले यसो गहिरिएर हेरेँ– सबै निखिएको रहेछ निबुवाको पात ।

जिङरिङ्ग रूख– उजाड देखेँ ।

रूखजस्तो मन भयो– खङ्रङ्ङ ।

मैले शान्ति सम्झिरहेँ.... सम्झिरहेँ.... । सेती, सुकिली, अग्ली र आइरन दलेका लुगाले सजिएकी– दुईचुल्ठे शान्ति ।

गफको तालमा मैले सबै पात चुँड्दै खाएको रहेछु, र पो रूख भएको जिङ्रिङ्ङ !

के त्यो प्रेम थियो ?

■■

उद्धवप्रसाद भट्टराई 'चैतन्यदीप'

# सत्यमाथि असत्यको चालबाजी



बुढापाकाको भनाई छ– एक्लो वृहस्पति झुटो हुन्छ। धेरै जना मिले भने सत्यकुरामा पनि एउटालाई झूटो बनाउँछन् । मानिसको मन चञ्चल छ । मन जहिले पनि आफ्नो कुरालाई भन्दा अरूको कुरालाई महत्त्व दिन्छ। मनको अर्थ नै म नभएको अवस्था हो। जहाँ म हुन्छु; त्यहाँ अरूको महत्त्व रहन्न। जहाँ म हुन्नँ; त्यहाँ अरू हुन्छ। मनले बाहिरका कुरा हेर्छ; आफूतिर हेर्दैन। अरूले के भन्छ त्यतातिर मन आकर्षित हुन्छ। त्यसैले संसारमा सत्यभन्दा झूटो कुरा बढी फैलिन्छ । यसकारण सत्यकुरा छ भने पनि धेरै जना मिलेर असत्य भनिदिँदा भ्रम पर्न सक्छ । दुनियाँमा धूर्त मानिसले सत्यलाई पनि असत्य सवित गर्न खोज्छ। छलकटपमा भ्रमजाल हुन्छ। निश्चयात्मक बुद्धि नहुँदा सज्जन मानिस पनि असत्यको भुमरीमा पर्न सक्छ । 'हो' र 'अरे'को भरमा मानिस दौडँदा मायाजालमा फसिन्छ। कुनै एउटा गाउँमा एक जना पढेलेखेका विद्वान् ब्राह्मण बस्थे। उनी आफ्नो यजमानी कार्यबाट जीविकोपार्जन गर्थे। एक दिन उनी वर्षाको समयमा कुनै गाउँमा पुगे। उनका त्यहाँ थुप्रै यजमानहरू थिए। दशैँको समय नजिक भएकोले उनले एक जना यजमानसँग एउटा बोको मागे। यजमानले पनि आफ्ना गुरूपुरोहितलाई निरोगी र मोटो बोको दिए। त्यो बोकालाई लिएर ब्राह्मण आफ्नो घरतर्फ लागे। तर, उक्त बोको नौलो ब्राह्मणदेखि डराउँथ्यो र यताउता दौडिन्थ्यो। बोका आफूलाई पालेको घर छोड्न चाहँदैनथ्यो। जति घिसारे पनि बोको हिँड्न मानेन। ब्राह्मण अघिअघि, बोको पछिपछि घिसार्दै जाँदा उनी थाके र त्यसलाई उठाएर काँधमा बोक्न बाध्य भए। उनी छिटोछिटो घरतर्फ लागे।

ब्राह्मणले हिँड्नुपर्ने बाटो जङ्गलको थियो । केही अगाडि बाटामा भोकले आक्रान्त तीन धूर्त चोरहरू बसेका थिए । बोकालाई देखेर उनीहरूले परस्पर विचार विमर्श गरे– आज यसैलाई मूर्ख बनाएर बोको हात पार्नुपर्‍यो। तत्काल तीनै जना जङ्गलको बीचमा एकदुई माइलको दुरी फरक पर्नेगरी भेष बदलेर बसे। पहिलो एक धूर्तले ब्राह्मणलाई मार्गमा भेट्यो र नजिक गएर

भन्यो, "पण्डितजी ! लोकलाजको ख्यालै नगरी यो भुस्याहा कुकुरलाई काँधमा बोकेर कता हिँड्नु भा'को हो ? कुकुर खान ब्राह्मणलाई बर्जित छ । पाल्नका लागि कुकुर त्यत्ति राम्रो पनि होइन । कुकुर भनेको चाण्डाल जात हो । यस्तोलाई ब्राह्मणले काँधमा बोकेर हिँड्नु त ज्यादै असोभनीय छ ।"

ब्राह्मणले रिसाउँदै भने, "तेरा आँखा फुटे ? यो कुकुर हो र ?"

धूर्तले भने, "ब्राह्मणजी ! किन रिसाउनुभो र ? जेसुकै होस, मलाई के चासो, मैले त सत्य कुरा भनिदेको मात्र हो ? आखिर तपाईंले बोकेको कुकुर नै हो ।"

त्यत्तिकैमा ब्राह्मण यस्ता फटाहाको कुरा सुनेर हुन्छ भनि अघि बढे । ब्राह्मण केही पर पुगेका मात्र थिए, दोस्रो धूर्त भेटिए । उनले भने, "अचम्मै छ बा ! मरेको स्याल नै रहेछ यो ब्राह्मण ! कुकुरलाई, त्यो पनि काँधैमा बोकेर हिँडेको छ बा ! चाण्डाल योनीका पशुपन्छीलाई जसले निर्जीव स्पर्श गर्छ, त्यसले सर्वाङ्ग स्नानपश्चात् चान्द्रायण व्रत गर्नुपर्दछ भनिएको छ ।"

त्यसपछि रिसाउँदै ब्राह्मणले भने, "तेरा आँखा फुटे कि क्या हो ? देख्दा-देख्दै यसलाई कुकुर भन्छस् ?"

जवाफ आयो, "गुरुवर किन रिसाउनुभो ? मैले त जे देखेँ, त्यही भनेँ । कुकुरलाई पनि बोको भन्नुहुन्छ भने मैले के भन्नु ? बाँकी तपाईँकै इच्छा ।"

वनको बाटो पार गर्नै लाग्दा तेस्रा धूर्त प्रकट भए र भन्न लागे, "महाराज ! आज त हदै गर्नुभो नि ! के कुकुरजस्तो नरक खाने फोहरी जीवलाई काँधमा चढाएर हिँड्नुभएको ? काँधबाट निकालेर तुरुन्त फाल्नुहोस् । मैले त देखेँ-देखेँ; परन्तु गाउँका मानिसहरूले देखे भने अनर्थ हुन्छ । तपाईँलाई के भन्लान् । अतः भूमिमा थचारिदिनोस् ।"

तीन-तीन जनाको प्रश्न र भनाइबाट दिक्क भएका ब्राह्मणलाई पनि भ्रम हुन थाल्यो र उक्त पशुलाई भुइँमै फ्याँकेर घरतर्फ लागे । त्यसपछि तीन जना धूर्तले मिलेर उक्त पशुको वध गरी दशैँ मनाए ।

कथाले के सन्देश दिन्छ भने– छलकपट जान्ने व्यक्तिले सज्जन व्यक्तिलाई सहजै शिकार गर्न सक्दछ र यथार्थ सत्य अगाडि हुँदाहुँदै भ्रमजालमा पारेर लुट्न सक्छ । बुढापाकाको भनाइ छ– एक्लो वृहस्पति भूटो हुन्छ । सत्यता देखिदेखी दुनियाँदारीले भूटो सावित गरिदिन्छन् । मानिसमा यस्तो पनि भ्रम छ– धेरै जनाले भनेको कुरालाई नै ठीक मान्ने । सत्यताको कसौटीमा जाँच्ने चलन कमै छ । कसैले भन्यो भनेर त्यसलाई नै मान्नु मूर्खता हुन्छ । कागले कान लग्यो भनेर कसैले भन्दैमा लग्यो कि लगेन भनेर आफ्नो कान छामेर हेर्नु पनि

पर्दछ । विनयले नयाँ मित्रलाई आफ्नो वशमा पार्न सक्छ; अतिथिलाई अनेक सूक्तिहरूले वशमा पार्दछ । धूर्त प्रवचनद्वारा मानिसहरूलाई सत्यमार्गबाट वञ्चित गराउन सक्छन् । "जतिसुकै दुर्बल भए पनि सङ्गठित छ भने ऊसँगको विरोध हानिकारक हुन्छ ।" हितोपदेशमा भनिएको छ– बहुजनहरूका साथ हुँदा महाजन पनि लुटिन सक्छ । त्यस्तै कमिलाबाट पनि हात्तीजस्तो शक्तिशाली जीव मारिन सक्छ । अतः फौजले जे भन्यो, त्यो ठीक हुन्छ भन्ने पनि छैन । समूह नभईकन पनि हुँदैन र समूहमा नै भ्रमजाल ज्यादा हुनसक्छ । फौजको पछि हिँड्नु पनि दुर्भाग्य हुनसक्छ । एकजनाले भनेको कुरा असत्य हुन्छ भन्ने पनि होइन । सत्यमा अडिग हुन सकिएन भने पनि फटाहाहरूको जञ्जालमा परिन्छ ।

*कुमारीगाल, गुहेश्वरी, काठमाडौँ ।*

कविता



## सुशील पोखरेल

# गुराँस फुल्न विज्ञान चाहिँदैन

प्रकृति हो ज्ञान भण्डार, के पो यहाँ छैन
चैत्र-वैशाख गुराँस फुल्न विज्ञान चाहिँदैन ॥१॥

नपछ्याऊ कसैलाई, आफैँ कोर बाटो
आत्मविश्वास दह्रो पार, घमण्डको साटो ॥२॥

समयको पछि हैन अघिअघि लाग
समयले तिमीलाई खोज्छ, तिम्रै हुन्छ माग ॥३॥

खराब यहाँ कोही छैनन्, छैनन् असल पनि
दृष्टि तिम्रो जस्तो हुन्छ, त्यो त्यस्तै त छ नि ॥४॥

ईश्वर खोज्दै कति धाउँछौ, मन्दिर एउटा-एउटा,
लक्ष्य राखे परोपकारको, आफैँ बन्छौ देउता ॥५॥

प्रकृति हो ज्ञान-भण्डार, के पो यहाँ छैन
चैत्र-वैशाख गुराँस फुल्न विज्ञान चाहिँदैन ॥१॥

*ललितपुर, लुभु*

थीरकुमार खत्री

# फर्केर हेर्दा



पहिलो भेट– फूलहरू फूलेको जस्तो
पहिलो भेट– पुलुक्क हेर्दाको बिजुली चम्केका जस्ता आँखा
ती आँखाका भाकाहरू पढ्नै नपाई
विदेशिएका दिनहरू आमने-सामने नभई
कागजमा कोरिएका मायाका गीतहरू
जति गरे पनि सम्झाउन नसकिएका समाजका रीतहरू
अझै ताजा नै छन् मनहरूमा ती भावहरू
फरक त्यत्तिमात्र– म त्यो रहिनँ
फरक त्यत्ति हो– त्यो तिमी रहिनौ
घाम-जूनमात्रै त उही रहेछ
फर्कन मन लाग्दैन र तिमीलाई पुरानो समयमा ?
एक फेर कल्पना गर त–
वर्षौंपछि फेरि जम्काभेट भए के गर्ने होला ?
कल्पना गरेकी छ्यौ कहिल्यै त्यस्तो
त्यति मिठासपूर्ण अतीत ?
फेरिएको समयमा पनि आनन्ददायक लाग्छन्
बस् ! त्यत्तिकै रहनदेऊ– ती आँखाका भाकाहरूलाई
ती परेलीमा लुकाइराखेका सपनाहरूलाई
त्यत्तिकै रहन दिऊँ बितेका पलहरूलाई
मिठास त्यसैमा त छ
ती दिनहरूको याद आउँदा– मन कस्तोकस्तो हुन्छ
बस् त्यत्तिमात्रै !!

*पूर्व उपप्रबन्धक, नेपाल विद्युत् प्राधिकरण*



रामेश्वर राउत मातृदास

# हो म कम्प– महाभूकम्प



हा ऽ हा ऽ हा ऽ .....
हि ऽ हि ऽ हि ऽ ....
हु ऽ हु ऽ हु ऽ ....
हो, म हाहाकार चित्कार !
म कम्प ! महाभूकम्प हुँ– महाभूकम्प !
मेरो र पृथ्वीको जन्म
एकसाथ एकै दिन भएको हो
पृथ्वी रहिनन् भने म रहन्नँ
र, म रहिनँ भने यो पृथ्वी पनि हुँदिनन्
हो, म कम्प– भूकम्प र पृथ्वी
एकै सिक्काका दुई पाटा हौँ

नब्बे साल/पैँतालीस साल र
बहत्तर सालमात्र हैन
मेरो यात्रा
बारम्बार र निरन्तर रहिरहन्छ
होसियार ! म आइरहन्छु–
निरन्तर, लगातार !
हा ऽ हा ऽ हा ऽ .....!

हो, म भूकम्प
रहस्यात्मक शक्ति र सामर्थ्य हुँ
मेरो कुनै जात, धर्म, वर्ण र वर्ग
केही छैन

म चलायमान चमत्कार हुँ, चमत्कार !
पृथ्वीको उच्च रक्तचाप हुँ म
उच्च रक्तचाप
हरसमय, हरहमेशा भइरहन्छ
मेरो हलचल
मेरो मार्गमा पर्ने समान–
आफ्ना/पराया कोही छैनन्, कोही !
हा ऽ हा ऽ हा ऽ .....

अहो ! ए मान्छे, मनुष्य हो !
के देख्यौ त मेरो शक्ति र सामर्थ्य ?
मान्छेझैँ फजुल बोल्दिनँ म–
कहिल्यै बोल्दिनँ
धर्म, अर्थ, काम, मोक्ष
सत्य, धर्म, न्याय र विवेक

ए ऽ मान्छे !
के यी सबै संरचना तिम्रै हैनन्
तिम्रै सबै ?
कान्तिपुर-भक्तपुर-ललितपुरमात्र हैन
जोगाउने प्रयत्न गरेस् हरपल
आफ्ना जागरुक चेतनपुरहरूलाई
एऽ मान्छे आफैँले चपाइरहेको छस्
आफ्नो धर्मको मर्म

र, के आफैँ शर्म लागेको छैन
एऽ मान्छे तँलाई ?
नब्बे साल माघ दुईकै प्रारूप
बहत्तर वैशाख बाइहुँदै
मान्छेको मूर्खतापूर्ण दम्भका
ईर्ष्यालु खम्बाहरू ढाल्न र हल्लाउन
युगान्तरमा अवतरित भैरहन्छु म–
तारन्तर
हा ऽ हा ऽ हा ऽ ...... ॥२ ॥

लेखेन मान्छेले बेइमानीले
आफ्नै स्वार्थबाहेक
अरूलाई देखेन
पृथ्वीको सुन्दर संरचना गलायो
कलकलाउँदी सर्वहितकारी प्रकृतिलाई
तड्पाई-तड्पाई जलायो
मौनता साँचेर पृथ्वी रोइरहेको
सहन नसकेपछि
मान्छेको सीमाहीन अन्याय/अत्याचार र
उपद्रो खपिनसक्नु भएपछि
म कम्पन/महाभूकम्प आउँछु
म यसरी नै हाहाकार चित्कार गाउँछु
हा ऽ हा ऽ हा ऽ ..... ॥३॥

मुसुक्क-मुसुक्क मुस्कुराइरहने
फूलहरूलाई मैले छोडिनँ
ढुङ्गाका ककारो फोरेर निरन्तर झर्ने
निर्झर निर्झरिणीलाई मैले कहिल्यै
विरक्तिलो आँसुले धोइनँ
मैले कहिल्यै कसैको आङमा झुल्केको
एक झुल्को घाम टिपेर कतै लगिनँ

एऽ आततायी/अन्यायी उपार्जनहरू हो !
कसलाई मारेर मैले कहिले के बिगार
गरेको छु ? ॥४॥
कोहीसँग छ– मलाई
दोषी सावित गर्ने जीवन्त सबुद ?
मर्नेहरू मान्छेकै धापले मरे
बाल-वृद्ध-वनिता सारा
बेइमानहरूको कोपभाजनमा परे
म कम्पमात्र महाभूकम्प हुँ
सृष्टिको जीर्ण विदीर्ण भग्नावशेष
उधार्न आएको
मेरो अविरल बाटोलाई
कसैले छेक्न सक्दैन
मेरो अभिच्छिन्न यात्रालाई
कुनै सामर्थ्यले बदल्न सक्तैन
हो म कम्प, महाभूकम्प
हा ऽ हा ऽ हा ऽ .... ॥५॥

धर्मको धार जीवनको सार
वनका पशुपन्छी, बोटबिरुवाहरू
बीजरूपी प्राण
यी कलकलाउँदै बग्ने नदीहरू
मेरो आगमन र उपस्थितिमा
कसैको केही विमाख हुँदैन
हुन्छ त केवल मान्छेको झेलमिच्याइँ
र, उपद्रो ढल्छ
साम्य मेरो मार्गमा सम्पूर्ण एकाम्य
हो म कम्प– महाभूकम्प
हा ऽ हा ऽ हा ऽ ..... ॥६ ॥

म त कम्प– महाभूकम्प
धरतीको ढुकढुकी हुँ ढुकढुकी
मान्छेको छातीमा मुटु चलायमान भएझैँ
सृष्टिको जीवनमा
हरहमेशा म कम्प– महाभूकम्प
चलमलाइरहन्छु/सलबलाइरहन्छु
हा ऽ हा ऽ हा ऽ .....
म कम्प– महाभूकम्प ॥७॥

संहारी, म महाविनाशकारी
झूट, भ्रम र दिग्भ्रम
मुटुको धड्कन रोकियो भने
जीवनको गतिशीलता
कहाँ कायम रहन्छ ?
म के संहारकारी ? के विनासकारी
संहारकारी/महाविनासकारी त
मान्छे हो मान्छे
र, मान्छेको मूर्खतापूर्ण दम्भ
मान्छे सम्हालियो र चेतनाको ढोका
खोल्यो भने
हितबाहेक कसैको अहित हुँदैन
र, मान्छेमात्र मान्छे भयो भने
धरती उन्मुक्त हाँस्छिन् कोही रुँदैन
हो म कम्प– महाभूकम्प
हा ऽ हा ऽ हा ऽ ..... ॥८॥

युगले धेरै पखेँटा फटफटायो
तर, मान्छे कहिल्यै ब्युँझेन
अहँ, मान्छे आजसम्म मनमय भएर
तङ्ग्रनै सकेन
दम्भ, अहङ्कार र ईर्ष्या
थुइक्क ! मान्छे त केवल
घमण्डै-घमण्डको पङ्गु पोको
दम्भै-दम्भको दरिद्र थुप्रो
हो, मान्छेको यही अन्धकारपूर्ण मूर्खताले
उसकै मात्र सङ्कुचित स्वार्थबाहेक
अरू केही सोचेन
हो, म कम्प– महाभूकम्प
मान्छेलाई शिर/पाउ
झकझकाउन आएको हुँ
ब्युँझाउन आएको हुँ
हा ऽ हा ऽ हा ऽ ..... ॥९॥

के यो पृथ्वी मान्छेको मात्र
बिर्ता र बपौती हो ?
के यहाँ मान्छेले
मात्र मनोमानी गर्दा हुन्छ ?
ए ऽ वान्टासी युग !
बन्द विवेकको ढोका खोलेर हेर
र, तिम्रो प्रयोजनहीन
थाङ्नो सोचाइ फेर
हो म कम्प– महाभूकम्प
हा ऽ हा ऽ हा ऽ ..... ॥१०॥

आफ्नो पुण्य भूमिलाई
पापकुण्डमा झारेर
सत्य, धर्म, न्याय र विवेकलाई
अन्यायपूर्वक झारेर
यो नक्कली नाकका बेइमान
ढोँगीहरूलाई
छुट्ट्याउनु छ मैले
खुट्ट्याउनुपर्छ एकएक

सुधारका सपना पोखेर पर्खिएको पनि
युगौँ जीवन बिते
अगणित पटक यही भूमिमा
फोस्रो आकाङ्क्षा पर्खिएँ म
अहँ, कहिल्यै टेरेन
मान्छेले निकृष्ट स्वार्थको स्वाँरोबाहेक
सृष्टिको सपाट अस्तित्वलाई
कहिल्यै हेरेन
सीमाहीन सहनशीलताको छानो ओढेर
आएँ म कम्प/महाभूकम्प
हो म कम्प/महाभूकम्प ॥११॥

विध्वंसकहरूले मलाई
विनासकारी भन्छन्
आश्चर्यान्वित छु म, अचम्मित छु
अहो ! म कसरी
विनासकारीमा दरपीठ भएँ हँ ऽ ?
वल्टाइ-पल्टाई आफूलाई आफैँले
खूब हेरेँ
र, विध्वंसकहरूसामु टक्क उभिएर
आफ्ना सामु उपस्थित प्रश्नलाई
उतै फर्काएँ
सुनामीले झैँ बढारेर
भेटेसम्मकालाई बटुलेर आफ्नै
गर्भगृहमा मैले लगिनँ
र, आँधीले झैँ उडाएर
मैले कसैको केही स्थानान्तरण गरिनँ
जो, जे, जहाँ थिए
सबैलाई यथास्थानमै छाडेर
मैले मात्र सर्वमङ्गलम् कामना गरेँ
उप्रान्त भन– एऽ विध्वंसकहरू हो !
कसरी म महाविनासकारी भएँ ?
म हरपल हिमचुली/समृद्ध
पृथ्वीको शिरपाउ चलायमान भैरहनै पर्छ
म कम्पन हुँ कम्पन, महाभूकम्पन !
हा ऽ हा ऽ हा ऽ ..... ॥१२॥

धर्मको ध्वजा भ्वाङैभ्वाङ
सहनसीमा भत्काएर
धरती/आकाश ध्वंश पार्ने
दुःस्वप्नका दीनहीन सोच
समयको हिसाब हेर्ने
बुझ हेऽ मनुवा हो स्वर्णिम चाल !
म कम्पन हुँ कम्पन, महाभूकम्पन !
हा ऽ हा ऽ हा ऽ ..... ॥१२ ॥

कहाँ छ विज्ञान/वैज्ञानिक आविष्कार ?
के सत्व/परमतत्त्वको सम्मान छ ?
धरती/आकाश बटुलेर एक्लै खाने
बटुलेर कहाँ लाने ?
फाल्दै मनुवा थाङ्नो ढ्वाङ
तील नहुने तीलले
दिल नहुने दिलले
सृष्टि, सेवा, समृद्धि
यही हो जीवन जागृति
अनन्त अग्नि सनातन
हा ऽ हा ऽ हा ऽ .....
कम्प/महाभूकम्प ..... ॥१४॥

सृष्टि शिरको जुहार
के देखिस् मनुवा मुहार ?
पन्छीले पनि रूखमै हेर

बनाउँछन् सुन्दर गुँड, दरबार
वृक्ष काटी/पहाड ढाली
धरतीको स्वरूप मास्तैनन्
आफ्नो घर बनाउन
अरूको बिगारी नास्तैनन्
बुझ हे मनुवा, सुझ है लौ
जीवनको महत्ता ताजै छन्
म त कम्पन, हो महाकम्पन-भूकम्पन
आउँछु, शालीन गाउँछु धून
नाशी अन्धकार ल्याउँछु जून
हो म कम्पन/महाभूकम्पन
हा ऽ हा ऽ हा ऽ ..... ॥१५॥

कर्म/भोग तपोभूमि
खुट्ट्याओ मनुवा छुट्ट्याऊँ भेद
किन मनमा घाम छैनन् ?
मुस्कुराउने हृदयमा हरदम
उनै राम हैनन् ?
सत्य, धर्म, न्याय, विवेश
त्रिशूलीको तीरैतीर
खपिखानु छैन कतै
मर्यादाको सर्वस्व भएको छ पीरैपीर
आशाकुटी जिन्दगी/आकाङ्क्षा छ
औरङ्जेब
जागरणको झुल्के घाम
सुन हे मनुवा हृदय छाम
सर्वेश्वरको क्रीडास्थल
विधर्मीको आयो छाल
सत्व, रज, तमको
खुट्ट्याउने साइत रोज्न
कम्पन आएँ महाभूकम्पन
हा ऽ हा ऽ हा ऽ ..... ॥१६॥

हिमचुली निश्चल नयन
जीवनमा छैन चयन
मनसेन्द्रे घोगा फोस्लाङे
लोखर्के लाउके अड्बाङ्गे
हामी हाम्रै आँगनका
दुवो मौलाई गाँजिन्छौँ
सृष्टि शिरपाउ फैलँदै
बूँदबूँदमा पाँजिन्छौँ
वर्णशङ्कर कृत्रिम ढोङ
बाँकी बच्ने छैनन् भ्वाङ
म हुँ कम्पन/महाभूकम्पन
हा ऽ हा ऽ हि ऽ हि ऽ
हू ऽ हू ऽ हू ऽ....... ।
■■
*(०७२ वैशाख १२ र २९ गते गएको महाभूकम्पको स्मरण गर्दै)*

मनुकुमारी पुलामी मगर

# के छ जिन्दगीमा



के छ र जिन्दगीमा
म बाँचिदिन्छु !

आफ्ना सारा खुसी
म लुटाइदिन्छु
आफू रोएरै भए पनि
सबैलाई हँसाइदिन्छु ।

के छ र जिन्दगीमा
म समर्पण गरिदिन्छु
सत्य र न्यायको निम्ति
म सधैँ लडिदिन्छु ।

त्यस्तै समय आइलागेछ भने
कसैको निम्ति म मरिदिन्छु
के छ र जिन्दगीमा
म हारिदिन्छु
आफू पछि परेर भए पनि
कसैलाई अघि सारिदिन्छु ।

यदि कसैलाई चाहिन्छ भने
म आफ्नो छहारी पनि छोडिदिन्छु
के छ र जिन्दगीमा
म मोडिदिन्छु
कसैको निम्ति आफैँलाई
म तोडिदिन्छु
चाहिन्छ भने मेरो जीवन
हाँसीहाँसी जोडिदिन्छु ।

के छ र जिन्दगीमा
म यसरी नै कटाइदिन्छु
लाग्छ– मलाई कसैको भार
म घटाइदिन्छु
मेरो त्यागमा कुनै कमी भएछ भने
म आफ्नै निशाना बनिदिन्छु ।

*धनुषा, महोत्तरी, गौशाला वितरण केन्द्र*

रामहरि पौड्याल

# टोकियो टावरबाट सुन्दर महानगरी हेर्दा



जापानको टोकियो महानगरी संसारको महँगा शहरहरूमध्येको एक शहर, सुन्दर शहर, हरियालीपूर्ण रमणीय शहर, व्यस्त शहर, सौम्य र शान्त शहर। मान्छेहरू कुदिरहेछन्। ट्रेनहरू गुडिरहेछन्। वायुयानहरू उडिरहेछन्। व्यस्त छन् सबैसबै। व्यस्तता नै यहाँको विशेषता हो। मान्छेहरूको विशाल भीड छ तर कोलाहल छैन; अनुशासित लाग्छन् सबै।

व्यस्त जापानको अति व्यस्त परिवेशलाई पन्छाउदै 'गोल्डेन विक' को छुट्टीमा हामी निस्कन्छौँ टोकियो भ्रमणमा। त्यस दिन सन् १९९८ को मे ४ तारिख थियो। प्रभाती शीतलतासँगै हाम्रो यात्रा प्रारम्भ भयो– गुन्मा प्रिफेक्चरको वता सिटीबाट। भर्जिन मिलाग्रोसा युनिभर्सिटी फिलिपिन्समा मेडिसिन्स अध्ययनरत दाइ विष्णुहरि समरको छुट्टीमा जापान घुम्न आउनुभएकाले हामी उत्साही भएका थियौँ। सोही आलो उत्साहाले उफ्रँदै र उमङ्गले उचालिँदै साथी राजदेव चौधरीसहितका हामी तीन प्राणीहरू टोकियोतर्फ लाग्दछौँ ट्रेनमा।

दिन सफा र कञ्चन थियो। सुनौलो सप्ताहको रमाइलो सुगन्ध वातावरणभरि छरिएझैँ लाग्थ्यो। ट्रेनहरूमा घुइँचो थियो– सबै आफ्नो सप्ताहलाई अति नै सुनौलो बनाउने होडमा कुदिरहेका थिए। युगल जोडीहरूको बैँसालु गन्धले वातावरणमा थप मादकता थपेको थियो। हरेक चोक, हरेक मोड र हरेक गल्लीमा घुम्ने, फिर्ने र मोज गर्ने बैँसालु जोडीहरू टोकियो महानगरीका सुरम्य स्थलहरूमा किन पछि पर्थे र ? आकासिँदो आजको फेसन, आजको क्याटवाक र ग्ल्यामरको अत्याधुनिक संसारमा माइक्रो मिनिस्कर्ट र अग्ला जुत्ताहरूलाई बलैले घिसार्दै कुदिरहेका थिए आ–आफ्ना पङ्क ब्वाई–फ्रेण्डसँगै खैरो कपाल, कानमा मुन्द्री, डिङ्गो बुट र अमेरिकन ह्याट लगाएर 'काउ ब्वाई' बन्ने होडमा जापानी युवा पिँढीहरू धेरै अघि छन् संसारमा। उनीहरूलाई आफ्नो साधन सम्पन्नताले साथ दिएको छ प्रतिस्पर्धामा उत्रिन।

जापानका हरियाली रमणीय ग्रामीण बस्तीहरू, सुन्दर फाँटहरूमा लहराइरहेका बालीनालीहरू, तिनमा कार्यरत किसानहरू, खेतका गराहरूलाई

बीचबीचमा चिरेर बनाइएका फराकिला बाटाहरू । योजनाबद्ध ग्रामीण बस्तीहरू सबैसबैलाई आफ्नो दुई घण्टा लामो ट्रेन–यात्रामा आँखाभरि सँगाल्दै र सजाउँदै हामीहरू मध्याह्नमा टोकियो आइपुग्छौँ । टोकियो टावरमा पुग्ने रुट साथी देवेन्द्र दाहालजीबाट टेलिफोनमार्फत थाहा पाएपछि हामीहरू फुर्तिसाथ अघि बढ्छौँ । जापानी भाषा बोल्न जानेपछि त्यति गाह्रो हुँदैन कसैलाई पनि नत्र त सोध्दै र खोज्दै अङ्ग्रेजी बोल्नेहरूलाई फसादै । प्रायः जापानिजहरू अङ्ग्रेजी बोल्न डराँउछन् । 'एगो वा चोत्तो वाकरानाइ ने' (अङ्ग्रेजी बोल्न अलि जान्दिनँ) भन्दै हात हल्लाउँदै दौडिन्छन् सबै । अनि पर्दैन फसाद नौला पर्यटकहरूलाई ! ट्रेन कुदिरहेको छ । मान्छेहरूको भीड समुद्रझैँ बगिरहेको छ सलल्ल । कोही रोकिँदैनन् । फुर्सतै छैन कसैलाई । ट्रेन समात्ने चटारो । काममा पुग्ने र घरमा फर्कने हतारो । चारैतिर जापनिज अनाउन्समेन्ट सुनिन्छ । बहुत थोरै अङ्ग्रेजी सूचनाहरू देखिन्छन्; यहाँसम्म कि टोकियो महानगरीमा समेत ।

यस्ता धेरै भाषिक अप्ठ्याराहरूलाई दूधभात खाएझैँ विगत तीन वर्षदेखि पचाउँदै आएका चौधरीजीलाई र मलाई बल्ल मजा आयो । जापानी भाषामा सोध्न–खोज्न पाउँदा खेरि । त्यसो त जापानीहरू पर्यटकका प्रति विनम्र देखिन्छन् । कसैको सोधाइमा नम्रताले हाइ र सो देसु (हो हजुर !) भन्दै ढाडै कुप्र्याएर शिर झुकाउनु जापानीहरूको संस्कृति नै हो । यस्तै विनम्र संस्कृतिका धनी र आफ्नो काम र कर्तव्यमा अत्यन्तै इमानदार, लगनशील, कर्मशील जापानीहरूको अहोरात्र कार्य–व्यस्तताले नै आज जापान दुनियाँको अघि एउटा सबैभन्दा विकसित रास्ट्रका रूपमा आफूलाई उभ्याउन सफल भएको छ । यसको गुह्य रहस्यका प्रति जापानीहरू स्वयम् भन्ने गर्दछन्, "वि आर नट अ मेन एन इकोनामिकल एनिमल, वि आर लाइक अ बिजी मसिन, रोबोट एण्ड कम्प्युटर ।"

कुनै पनि देश बन्न र बनाउनका लागि हरेक व्यक्ति–व्यक्तिबीचको जाग्रत इच्छाशक्ति सबैभन्दा ठूलो साधन रहेछ । राज्य व्यवस्था, सरकार र सरकारी प्रवृत्ति त केवल साध्यमात्र रहेछन् । चालीसको दशकमा अमेरिकी बम प्रहारले क्षतविक्षत् जापानको हिरोशिमा र नागाशाकीमात्र नभएर प्रथम र दोस्रो विश्वयुद्धको तीतो यथार्थ सबैलाई स्वीकारेको जापानले प्रतिसोध र विनासको बाटोलाई चटक्कै बिर्सेर पुनर्निर्माण र शान्तिको पक्षमा आफूलाई पुनर्स्थापित गरेर विश्वलाई देखाइदियो– अल्पसमयमै एउटा औद्योगिक, एउटा विकसित जापानको नयाँ आकर्षक स्वरूप सुम्पेर ।

जापानीहरूको रास्ट्र-पुनःनिर्माणको यो एउटा महान् सन्देश, यो एउटा महाभियान आज हरेक विकासोन्मुख रास्ट्रका लागि अनन्त प्रेरणाको स्रोत भएको छ । देश बनाउने महायज्ञमा साँच्चै लाग्ने हो भने जापानीहरूझैँ इमानदारीपूर्वक खट्ने प्रण सबैले गर्नुपर्ने समय आएको छ ।

अपराह्नको १२ बज्नुभन्दा केही अघि हामी ट्रेनबाट उत्रिएर टोकियो टावरतिर बढ्यौँ– पैदलै । शहरमा लामो घुइँचो देखिन्थ्यो टावरतर्फ बढ्दै गरेको । हामी तीनभाइ नेपालीहरू हातमा टोकियो टावरको सचित्र गाइडबुक लिएर हानियौँ त्यतै तर्फ । त्यहीँनजिकैको सानो स्टलवाला रेस्टुरेन्टमा एउटी जापनिज बुढी हजुरआमाको सौजन्यमा केही जापनिज परिकारहरू (उदोन, रामेन) उदरस्थ गरेपछि बल्ल भोको पेटले शान्ति महसुस गरेथ्यो । मेरी बास्सै ! जापानीहरूको लाइन थियो लगभग सवा कि.मी. लामो टावरमा चढ्नका लागि । दोहोरो व्यवस्था थियो इलिभेटर र भऱ्याङको । बलिया–बाङ्गाहरू उक्लन्थे भऱ्याङबाटै । धेरै इलिभेटरबाटै माथि पुग्थे । इलिभेटरको लामो लाइनमा एकाध घण्टा कुर्नुभन्दा भऱ्याङकै छोटो बाटो उपर्युक्त ठानेर हामी पनि उक्लियौँ टोकियो टावरमाथि क्रमशः । टावरको इन्ट्रान्समै टावरको प्रतीक लोगो लकेट र एउटा जानकारीमूलक सानो लेटरप्याड उपहारस्वरूप स्वीकार्दै हामी टावरमाथि उक्लिरह्यौँ, उक्लिरहयौँ । स्याँस्याँ र फ्याँफ्याँको दम फुलाइ पनि एउटा रमाइलो अनुभव भएथ्यो– टोकियो टावरको मनोरम सुन्दरतालाई आफ्ना आँखामा कैद गर्न पाउँदा । एउटा भूस्वर्गझैँ लाग्दथ्यो टोकियो टावरको ३३३ मिटर अग्लो उचाइमा आफूलाई पाउँदा । त्यसदिन हामी टोकियोको आकाशमा थियौँ । संसारको ठूलो अग्लो टावरमा थियौँ । टोकियोको शिरमा उभिएर विशाल महानगरी देख्दा लाग्थ्यो संसारको वैभव र विकास कहाँ पुगिसक्यो भन्ने कुरा । यस्तै बेलामा चसक्क देश दुख्दोरहेछ तुलनामा । झट्ट सम्झना आयो स्मृतिमा कतै पढेको एउटा पङ्क्ति–

“मान्छेले कति गरिसक्यो, पिइसक्यो ब्रह्माण्ड नै तनतनी !
हाम्रा बाउन अझ मक्ख छन् छामी जनै, टुपी, कन्दनी !!”

चारैतिर सुन्दर लागेथ्यो सबैसबै । अग्लाअग्ला भवनहरू, लामबद्ध गाडीहरू, योजनाबद्ध शहरका बीचमा नै प्रफुल्ल हुने हरियाली, रमणीय दृश्य, विशाल नील समुन्द्र । माउन्ट फुजीको उज्यालो चम्काइले आफ्नो सगरमाथा सम्झायो । विश्वको छानो, हाम्रो हिमशिखर नेपालीमात्रको एकल स्वाभीमान ।

पहिले हामी पुग्यौँ मेन अब्जरभेटरीको १५० मि. उचाइमा । चारैतिर दृष्टि लगायौँ । खुसीले गद्गद् हुँदै दुर्बिन लगाएर देखिने शहरको सन्निकट विशालता लोभलाग्दो देखिन्थ्यो सबैलाई । टावरमाथि रहेका स-साना टी-कफी स्टलहरू । स-साना सोभिनियर सपहरू । आइसक्रिम पसलहरू सेवामा तमतयार थिए । हामीले पनि आइसक्रिम खायौँ टोकियो टावरको थाप्लोमा । त्यसमाथिको २५० मिटरको स्पेसल अब्जरभेटरीमा देखिने मनोरम दृश्यले हरेकलाई आह्लादित बनाउँथ्यो । टावरको उचाइमा आफ्ना कुचीहरू समाएर आकृतिमा रङ्ग भर्ने कलाकारहरू व्यस्त देखिन्थे– सबैको सम्झनाका लागि टोकियो टावरको ।

यो एउटा सामान्य दृश्यावलोकनीय टावरमात्र नभएर एउटा विशाल कला-संस्कृतिको जगेर्नास्थलसमेत भएको तथ्य त्यहाँको भौतिक सुविधा, सम्पन्नताले बताइरहेको थियो । पहिलो तलामा टोकियो टावर एक्कोरियम र त्यसमा जम्मा गरिएका ५० हजार, ८०० थरीका विभिन्न माछाहरूको सङ्कलन थियो । दोस्रो तलामा सपिङ्ग, आर्किड, रेस्टुरेन्ट र टी-कफी रुम देखिन्थ्यो । तेस्रो तलामा संसारका प्रसिद्ध व्यक्तिहरूका चित्रकृतिहरू झुन्डिएका थिए । चौथो तलामा ट्रीक आर्ट ग्यालरी र त्यसमा व्यस्त कलाकारहरू, अर्को तलामा सरकारी सूचना र डिस्प्ले सेन्टरहरू रहेछन् टोकियो टावरमा ।

टावरको सबैभन्दा माथि लाइटनिङ रडका अतिरिक्त जापानमा व्यस्त रहेका सबै रेडियो तथा टिभी स्टेसनका ट्रान्समिटिङ एन्टेनाहरू र १४ वटा बोर्डकास्ट सिग्नलहरू राखिएको रहेछ । संसार प्रसिद्ध आइफल टावरभन्दा १३ मिटर अग्लो टोकियो टावर सन् १९५८ बाट निर्माण सुरु गरिएको थियो । यसको वजन ४००० टन छ र यो आइफल टावरभन्दा ३००० टन कम वजनदार छ । सेतो र सुन्तला रङ्गमा चम्कने सुन्दर टोकियो टावरको हरेक पार्टहरूमा १६४ वटा फ्लुड-लाइट जडान गरिएको छ । टावर जाडोमा सुन्तला रङ्गको र गर्मीमा सेतो रङ्गको प्रकाशमा चम्किने गर्दछ । आकाशबाट देखिने टोकियो टावरको मनोरम रात्रिदृश्य हेर्न लायकको देखिन्छ ।

यसरि आँखाभरि, मनभरि र तनभरि टोकियो टावरको माधुर्यलाई सिनित्त पिएर हामीले नचाहेरै पनि बिदाइका हातहरू हल्लाउनै पर्‍यो । अन्ततः इलिभेटर जापनिज बैनीको समुस्कान 'आरिगातो गोजैमास्ता' लाई स्वीकार्दै बिदा भयौँ त्यस दिन ।

सायोनारा टोकियो टावर ! सायोनारा टोकियो महानगरी !!

■■

*सम्प्रति : संयुक्त अधिराज्य बेलायत*

विष्णुप्रसाद आचार्य 'अतृप्त'

# सम्झना-बिर्सना



तिमी भन्छ्यौ– मैले तिमीलाई बिर्सिएँ
म भन्छु– तिमीले मलाई बिर्सियौ

हाम्रो आरोप-प्रत्यारोप सुनेर
दुनियाँ भन्दै छन्–
तिनीहरूले एकअर्कालाई बिर्सिए !

प्रकारान्तरले
तिमीले मलाई 'बिर्सियौ' भन्नु पनि त सम्झनु हो
मैले तिमीलाई 'बिर्सियौ' भन्नु पनि सम्झनु नै हो

बाँकी रह्यो दुनियाँ
दुनियाँले आफ्नै चिन्ता छाडेर
दुवैले एकअर्कालाई बिर्सिए भन्नु त
झन्-झन् बढी सम्झनु पो हो !

सम्झना-बिर्सना सललल............... !

*रत्नपार्क वितरण केन्द्र, ने.वि.प्रा.*

लालबहादुर भुजेल

# मातृभूमि



प्रातःकाल म पिँढीमा बसेर
हेर्छु नभमा खुसीले रमेर
न गर्मी–जाडो मनोरम हेर
प्यासी म तिम्रो हेरिराख्छु धेर ।

हरित छ वन, डाँडा थरीथरीका
वृक्षविषे सुन्छु, गुञ्जन चरीका
गाईबस्तु, बाख्रा अघाएर टम्म
मडारियो नभमा, बादल डम्म ।

बारीमा छन् मकै बेला–पतेला
आह्लादित म जुनसुकै बेला
भिजेर पानी टारी र टाकुरा
म पर्छु दङ्ग फेरिँदा मुजुरा ।

हाल्छन् बुजा–पाती, बन्सो सिमली
रसिलो धरा रम्कँदै छिमली
असारमास वर्ष दिन जोहो
लुकेर गाउँछे कोइली को हो ?

बाध्यता मेरो शहरमा हिरो
सम्झन्छु माटो, चोट पर्छ गहिरो
ठिटा र ठिटी किन पस्छौ खाडी ?
जे लाए नि फल्ने धर्ती स्वर्ग छाडी ?

ठिटाहरूले घर फर्की आऊ
एक छाक खाऊ, जाँदै नजाऊ
सिँचाइ गर, खन कुलो भीरैमा
मातृभूमि राख, सदा शिरैमा ।

मोहनबहादुर कायस्थ

# ‘सौगात’भित्रका केही हाइकू-लेखनमा नारीहरू



प्रदेश ४, कुस्मा, पर्वतबाट हाइकुकार शान्तनारायण श्रेष्ठबाट संयोजन भएको ‘सौगात’ नेपाली हाइकुसङ्ग्रह, २०७६) पत्रिका पढ्ने मौका भयो । त्यसमा केही नारी हाइकु-लेखनमा अगाडि परेको पाएँ; खुसी लाग्यो । सबै नारीका हाइकुभित्र सबैका दुईदुई हाइकु पढेर छानेँ र मन दिएर पढेँ । जसमा परिस्थितिवशका धेरै संयमित भावनाहरू पाएँ । प्रेमिल हाइकु, धार्मिक परम्परामा आस्था भएका हाइकुहरूले मुग्ध बनाए । केमा हाइकु लेख्ने वा रचना गर्ने भन्ने प्रश्न उठ्न सक्दैन । हाइकु जुनै विचारधारा बोकेर लयबद्ध, पङक्तिबद्ध भावनात्मक द्वन्द्व उतार्न सकिने देखिन्छ । ५-७-५ वर्णको साङ्तिक सूत्रभित्र मान लाग्ने वर्णभित्र कुँदेका हाइकु मुद्रित हुनु स्वतः साहित्यिक फाँटको शुभ परिचायक हो । प्रगति बामे सरेकै हो । झन्डै १०९ हाइकुकारभित्र २० जना नारी मित्रहरू समावेश भएको ‘सौगात’को राम्रो प्रयास लाग्यो ।

*१. कृष्णादेवी शर्माका हाइकु यस्ता छन्; आफैँ माने खुल्छन् पनि–*

आँसीको रात
विछोडको व्यथामा
व्यथित मन । *(प्रेमिल)*

छोरीको जन्म
पराया घर-दैलो
आफन्त बन्दै छ । *(संस्कार)*

*२. कौशिला रिसाल हाइकुमा यसरी मन पोख्छिन्–*

सिउँदोमाथि
पोतिएको सिन्दूर
मायाको राग । *(संस्कार)*

मायाको बारी
गोडे मौलिरहन्छ
फूल बनेर । *(संस्कार)*

*४. ममता श्रेष्ठ हाइकुभित्र मन दौडाउँछिन्–*

मिर्मिरे भयो
बिहानीको सङ्केत
भालेको डाक । *(प्रेमिल)*

कोमल मन
नारी हृदय नै हो
नाम जननी । *(प्रेमिल)*

*४. प्रभा बराल धर्मका बारेमा पोख्छिन्–*

आमाको पाउ
सेवा गर्न सक्नेले
बैकुण्ठ टेक्छ । *(धार्मिक)*

रूख जोगाऔँ
वातावरण बन्छ
हाम्रो कर्तव्य । *(वातावरण)*

*५. राधा भट्टराई राजनीतिक परिवेश र आफ्नै घरथरको माया लेख्छिन्–*

सत्ता भनेको
अपुतालीमा प्राप्त
सुखसयल । *(राजनीतिक)*

मायाझैँ अग्लो
सम्झना छविभित्र
हिलेको डाँडा । *(संस्कार)*

*६. मीरा तिमिल्सिना न्यौपाने पनि राजनीतिक परिवेश र मायाका कुरा पाख्छिन्–*

आशाको त्यान्द्रो
आएछ लोकतन्त्र
मात्र निराश । *(राजनीतिक)*

काँडाको बीच
फक्रँदो छ गुलाफ
निर्भयसाथ । *(प्रेमिल)*

*७. प्रसिद्ध हाइकुकार रेणुका भट्टराई साहित्यिक गन्ध दिन्छिन् आशा-निराशाको–*

अस्तायो सूर्य
आशाको बल्दो दीप
पर्खँदै उषा । *(प्रेमिल)*

योगीको वेश
अविश्वासको घाँटी
रुद्राक्ष माला। *(छद्मवेशी)*

*८. सरिता तुलाधर पुर्खा सम्भिन्छिन्, साथै यौनजन्य धारणा पोख्छिन्–*

बिहानीपख
एक अँजुली पानी
सम्भेर पुर्खा। *(धार्मिक)*

भमरा रम्यो
डुल्दै रस चुसेर
फूल खुम्च्यो। *(प्रेमिल)*

*९. दुर्गा वनवासी राजनीतिक बोलकबोलभित्रको तुइन र अशान्ति देख्छन्–*

मक्किएको छ
तुइनको डोरीमा
बाल-भविष्य। *(वर्तमान)*

लासको खात
बन्धुत्व लम्पसार
शान्त भूमिमा। *(अस्वस्थता)*

*१०. गङ्गा गहतराज अभिलाषी गल्ती केलाउँछिन् र सन्तको पहिचान गर्छिन्–*

तिर्खा लागेर
पिएको थिएँ पानी
भएछ गल्ती। *(प्रेमिल)*

धारिलो चिम्टा
खरानी घसेको छ
रहेछ डाँका। *(छद्मवेशी)*

*११. गङ्गा लिगल वरिष्ठ साहित्यकार हुन्; पोख्छिन् आक्रोश–*

मान्छे-मान्छेमा
बढ्दै छ है हिंसा
क्रोधको ज्वाला। *(भाँडभैलो)*

स्वार्थ त्याग है
निःस्वार्थ भै बाँचे
हिमाल हाँस्छ। *(प्राकृतिक)*

*१२. पोखरेली साहित्यकार सरस्वती श्रेष्ठ 'सरू' स्वतन्त्रता के हो भन्छिन्–*

वनकी चरी
सुनको त्यो पिँजडा
कालकोठरी । *(स्वतन्त्रता)*

मन्द मुस्कान
फैलियो मदहोसी
साउने झरी । *(प्रेमिल)*

*१३. सुमी लोहनी पनि स्वतन्त्रताकी व्याख्याता बन्छिन् र राजनीति पोख्छिन्–*

मनकी चरी
प्रेम पिँजडा परी
चैन खडेरी । *(स्वतन्त्रता)*

असमानता
बोली र व्यवहार
छेपाराहरू । *(राजनीतिक)*

*१४. सुमित्रा सुमी मायालु परामा प्रेमिलता पोख्छिन्–*

मायालुविना
सुक्खा भयो जीवन
मरुभूमिझैँ । *(प्रेमिल)*

हृदय छाम्छ
मायाको खोजी गर्दै
निर्दोष आँखा । *(प्रेमिल)*

*१५. सुष्मा मानन्धर निरङ्कुशताबारे भन्छिन् । उनी वरिष्ठ साहित्यकार हुन्–*

निरङ्कुशता
नियन्त्रणबाहिर
अबुझ मन । *(सामन्ती)*

टुक्रो समय
चपाउन सकस
लामे च्युरा । *(वर्तमान)*

*१६. तारादेवी सुनुवार संस्कृति मन पराउँछिन्–*

आकाश नीलो
फुरुङ्ग भयो मन
दशैँ आएझैँ । *(संस्कृति)*

सक्ने भए
कुजातहरू मिली
देशको शान । *(राजनीतिक)*

*१७. लक्ष्मी पौडेल सत्ताको व्यङ्ग्य प्रदर्शन गर्छिन्–*

तिम्रो आतिथ्य
ओठको त्यो चुम्बन
सत्ताको स्वाद । *(राजनीतिक)*

तातो न छारो
सङ्घीयताको रङ्ग
गलाको पासो । *(राजनीतिक)*

*१८. अ.ना. पौडेल अनुश्रुति परम्परा र तनावबारे बोल्छिन्–*

विकास फल
जाँतो-ढिकी सम्फना
चिडियाघर । *(संस्मरण)*

निजी आकाश
असुरक्षित तन
गोली-बारुद । *(वर्तमान)*

*१९. ललिता दोषी प्रकृतिपरक घटना र सान पोख्छिन्–*

ए भुइँचालो
नफर्की है यता
बेहाल छु म । *(दैवी प्रकोप)*

सगरमाथा
मेरो देशको सान
उँचो भो शिर । *(प्राकृतिक)*

*२०. जयन्ती स्पन्दन विकासमा आँखा केन्द्रित गर्छिन्–*

अन्ततः आयो
ऊर्जाशील भएर
मूल कानून । *(राजनीतिक)*

कङ्क्रिट बस्ती
काठमाडौँ शहर
ढुङ्गाको मन । *(आधुनिकता)*

उपर्युक्त हाइकुहरूमा प्रस्फुटित भावनात्मक उद्‌गारहरूमा प्रेम, राजनीति, संस्कार, संस्कृति, आधुनिकता, दैवी प्रकोप, संस्मरण, धर्म, वर्तमान, छद्मवेश, अस्वस्थता, भाँडभैलो र स्वतन्त्रता प्रचुर मात्रामा प्रकट भएका पाइन्छन् । यसैले हाइकु मात्र यसरी लेखिन्छ हैन, विषयवस्तु आधार राखी जुनै विषयमा हाइकु कुँद्‌न सकिने प्रष्ट हुन्छ । कतिले यौनमा आधारित हाइकु पनि लेख्छन्, तर श्लील हुनु भने आवश्यक देखिन्छ । कुनै पनि हाइकुमा हाइकुकार पोषरमण चापागाईंले झैँ एकएक कथा सृजना गर्न सकिन्छ; यसमा द्विविधा छैन । भाषासाहित्यमा विश्लेषण गर्ने/नगर्ने प्रत्येक व्यक्तिपरक श्रेष्ठताको कुरा हो । कति पण्डितहरू आयातित हाइकु साहित्य भनी चासो पनि राख्दैनन् ।

छन्दमा लेखिने कविताझैँ हाइकुमा पनि प्रथम र तेस्रो पङ्क्तिमा अनुप्रास मिलाउन सकिन्छ । मलाई यसरी सम्बन्ध मिलेको हाइकु मन पर्छ । तर, सबैले यस्तै गर्नुपर्ने बाध्यता भने छैन ।

*मनको वेग*
*बाहिरी वेगभन्दा*
*अवश्य वेग ।*

नारी स्रष्टाका मनमा उब्जेका उद्‌गारहरू यसरी हाइकु भएर प्रष्टिनुमा अचम्म मान्नुपर्ने कुरा छैन । अन्तमा, न यो समीक्षा हो, न त कुनै प्रसङ्गविशेषको लेख हो । लेखेँ तर प्रस्फुटित मुद्रामा साहित्य विकासको सोचमा उत्रेँ भने हुन्छ ।

■■

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष - कुलप्रसाद पराजुली
उपाध्यक्ष - केशवप्रसाद रूपाखेती
सचिव - कृष्णमोहन जोशी
सहसचिव - पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष - कमला श्रेष्ठ
सदस्यहरू - गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष - केशवप्रसाद रूपाखेती
उपाध्यक्ष - मातृका पोखरेल
सचिव - कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष - विष्णुबहादुर सिंह
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष - वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष - गोसाई के.सी.
सचिव - पुण्यप्रसाद घिमिरे
सहसचिव - कृष्णदेव रिमाल
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष - पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष - रामेश्वर राउत 'मातृदास'
सचिव - कृष्णदेव रिमाल
सहसचिव - मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष - रामेश्वर राउत मातृदास
उपाध्यक्ष - कृष्णदेव रिमाल
सचिव - मञ्जुलाल श्रेष्ठ
सहसचिव - प्रकाश आचार्य
कोषाध्यक्ष - राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद भट्टराई, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छेटौँ एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर गःसी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६
३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०

३४. हरिहरमान पालिखे-
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान- ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल- ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक- ९८४१२७८६५८
४०. सरोज अर्याल- ९८४६०८८२३१
४१. यादवराज घले- ९८४१३६१६९६
४२. उषा सिंह- ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल- ९८४१८३५६८५
४६. राजु शर्मा- ९८४१४२६४६२
४७. रीता खनाल- ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई- ९८४९३६५९९७
४९. सुभाष दाहाल- ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुदप्रसाद यादव- ९८४१५०२३५८
५५. हरिकृष्ण शाह- ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय- ९८४१३९०१९३
५७. दीपक दाहाल- ९८४९१७४७९९
५८. आर.आर. चौलागाई- ९८४५३५१०००
५९. कृष्णहरि दाहाल- ९८५११९९००२
६०. गोसाईं के.सी.- ९८५१०१२२५३
६१. मधुकर थापा-
६२. ओमप्रकाश घिमिरे- ९८४१६३५९१९
६३. सुजाता थापा- ९८४१३८९४३१
६४. दीपकराज आचार्य-
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण- ९८४१२३४३५३
६७. उमा घिमिरे- ९८४१९३२५४२
६८. रीता खनाल- ९८४१६०२१७२
६९. समीरा नेपाल-
७०. दीपक ढकाल- ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु- ९८४१८१८२५७
७३. प्यारु राणा- ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी- ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल- ९८५११९०६७५
७९. कोमल कौशिक- ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने- ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी- ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल- ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित- ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी.- ९८४१४०२७३५
८६. चण्डिका रायमाझी- ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी- ९८४१४०२८३६
८८. तारादत्त भट्ट- ९८५११३५३९२
८९. शारदा पराजुली- ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट- ९८४८०२४९६५
९१. कपिलदेव महतो- ९८४१२७२७६६
९२. थर्कबहादुर थापा- ९८४१२२४९३९
९३. इन्दिरा पौडेल-
९४. शारदादेवी भट्टराई- ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य- ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान- ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल- ९८४१५४८३९३
१०१. शिव राई- ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई- ९८४१२२८४५९
१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८५८४२६८८
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७

११२. केदारराज सिलवाल- ९८५१०९४४५९
११३. भरतकुमार खड्का- ९८५१०३४६७५
११४. भोला शर्मा- ९८४१३३७७७२
११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाईं- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. धिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५
१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११

१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शम्शेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी ...........................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिबिम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जीत | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |





नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
उज्यालो नेपालको संवाहक
राष्ट्र निर्माणको मेरुदण्ड
नेपाल विद्युत प्राधिकरण